

माओवादीको 'नेपाल बन्द'ले गरेको संकेत के ?


# मूल्याङ्कन

मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५७
बैशाख-जेष्ठ, २०५५

## कसरी भयो खमेर रुजका नेता पोलपोटको मृत्यु ?



## यसरी रोप-वे ले नेपालमा कायापलट ल्याउन सक्छ !

# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

---

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**

Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५७
वैशाख-जेठ / २०५५



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन व्यवस्थापक**
गुण श्रेष्ठ
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्याकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


# कसरी भयो खमेर रूजका नेता पोलपोटको मृत्यु ?

## पोल पोटको मृत्युको रहस्य !

## पोल पोटको जीवनको रहस्य !!



# यसरी रोप-वेले नेपालमा कायापलट ल्याउन सक्छ !

नेपालको सम्पूर्ण पहाडी क्षेत्रमा कायापलट ल्याउन रोप-वेले कसरी भूमिका खेल्न सक्छ भन्नेबारे भट्टे डाँडाको जीवन्त अनुभवमा आधारित जलाधार विशेषज्ञ मधुकर उपाध्याय को खोजपूर्ण लेख !

- ◆ माओवादीको नेपालबन्दले देखाएको संकेत
- ❑ यो वर्ष नेपाल गम्भीर वित्त संकटको धकेलिँदैछ !
- ◆ कहिले र कसरी भयो नेपालमा कम्युनिष्ट पार्टीको स्थापना ?


**हाम्रो मूल्याङ्कन** ४
किन ल्याइन्छ यहाँ बारम्बार आतंककारी विधेयक

**घटना र प्रवृत्ति**
नौ बामको संघर्ष र त्यसले हटाउनु पर्ने कमजोरीहरू ४
माओवादीको नेपालबन्दले देखाएको संकेत ११
के गर्दैछ सरकार अहिले पश्चिम सेती आयोजनाबारे ३६
यो वर्ष नेपाल गम्भीर वित्त संकटमा धकेलिँदैछ ! ३९
मालेको घोषणा सभाले व्यक्त गरेको दृढता ४०
स्तन क्यान्सरको प्रभावकारी औषधि ४१
बेलायती राजदरवारको खर्चमा अब सार्वजनिक जाँचबुझ गरिने ४१
यसरी हतोत्साहित गरिँदैछ नेपाली पत्रिकाहरूलाई ४१

**आँखीझ्याल**
यसरी ढल्न लागिरहेछ जापानी अर्थतन्त्र १२

**विश्व कम्युनिष्ट आन्दोलन**
कसरी भयो खमेर रूजको नेता पोल पोटको मृत्यु ? ६

**विज्ञान / प्रविधि**
आइन्स्टाइनको सापेक्षताको सिद्धान्त के हो ? २४

**अनुसन्धान**
यसरी रोप-वेले नेपालमा कायापलट ल्याउन सक्छ ! १४
-मधुकर उपाध्याय

**स्वास्थ्य**
एक चिनारी चिनियाँ उपचार प्रणाली अकुपंचरको २२
-डा. शम्भु उपाध्याय

**नीति / संस्कृति**
एमाले-मालेबीच जुहारी चलिरहेको बेला -चन्द्रदेव नेपाली २८

**साहित्य / कविता**
देश अर्थात् देश खोई ? ३२
-बासु शशी

**पर्दा / रंगमंच**
प्रगतिशील कलाकार संघ कसरी बन्ला ? ३६
'सर्वनाम'को ५२ औं प्रस्तुतिले 'पलायनवाद'को बाटो पक्र्यो ३३
मण्डले प्रवृत्तिले फिल्म 'बलिदान'लाई उपेक्षा गर्‍यो ! ३४

**इतिहास**
कहिले र कसरी भयो नेपाल कम्युनिष्ट पार्टीको स्थापना ? ३०
-प्रा. माणिकलाल श्रेष्ठ

**उत्पीडित चौतारी**
दलित जन समाज के भन्छ ? ४०

**रिपोर्ट**
'मूल्यांकन'लाई बौद्धिकहरूको खबरदारी २७

**दर्शन**
दर्शन भनेको के हो ? २७

**पाठकको कुरो** ४२



आवरणमा: **रोप-वेले सामान ढुवानी गरिरहेको एक दृश्य (फोटो स्रोत: बागमती जलाधार आयोजना) / खमेर रुज नेता पोलपोटको लाश (फोटो : टाइम)**
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोन:** २५२६४५, २२२३३७ / कलाकारहरू: **लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ्ग: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन:** ४२२७६९ / मुद्रण: **इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# किन ल्याइन्छ यहाँ बारम्बार आतंककारी विधेयक ?

सरकारमा आउनासाथ सूर्यबहादुर थापाले सार्वजनिक घोषणा गरेका थिए- उनको सरकारले आतंककारी विधेयक ल्याउने छैन, माओवादी समस्या हल गर्न विद्यमान ऐन कानूनहरु नै पर्याप्त छन् । तर जब उनको सरकार सत्ताबाट हट्ने पक्कापक्की भयो, थापा सरकारले आफ्ना सारा सार्वजनिक बाचा र प्रतिज्ञालाई बूटले कुल्चेर आतंककारी विधेयकलाई नयाँ र परिमार्जित रुपमा पुनः क्याविनेटबाट परित गऱ्यो र संसदमा त्यसलाई विचारार्थ वितरण गरियो । त्यसैले, अहिलेको आतंककारी विधेयक वास्तवमा कांग्रेस सरकारको गलामा थापा सरकारले आफू हिंड्ने बेलामा लाइदिएको प्रतिगमनकारी नरमुण्डको माला हो । त्यो माला गिरिजा सरकारले लाउँछ कि फाल्छ, व्यवहारमा हेर्न बाँकी छ ।

यो विधेयक यसअघिको आतंककारी विधेयक जस्तो एउटा समग्र विधेयकको रुपमा छैन । २०४६ सालको जनआन्दोलनलाई दबाउन ल्याइएको राज्यविरुद्धको अपराध तथा सजाय ऐन, २०४६ लाई संशोधन गर्ने नाममा सानो दुइटा परिच्छेदको रुपमा यो प्रस्तुत गर्न खोजिएको देखिन्छ । तर संशोधन प्रस्तावको रुपमा आउन लागेका यी परिच्छेदहरु साना भए पनि यसको असर र परिणाम सानो हुने देखिन्न । यी दुइटा साना परिच्छेदले नेपाली जनताको तीसौं वर्षको रक्तरंजित संघर्ष र छ्यालीस सालको ऐतिहासिक जन आन्दोलनबाट प्राप्त दुई प्रमुख उपलब्धि- संगठन स्वतन्त्रता र वाक् तथा प्रकाशन स्वतन्त्रतालाई पंगु पारिदिन सक्छ ।

आतंककारी कार्य गरेको वा उसलाई सहयोग गरेको निहुँमा पार्टी र संघ संस्थाहरू कुनै पनि बेला सरकारबाट प्रतिबन्धित हुन सक्छन् ।

आतंककारी कार्य गरेको वा उसलाई सहयोग गरेको निहुँमा पार्टी र संघ संस्थाहरु कुनै पनि बेला सरकारबाट प्रतिबन्धित हुन सक्छन् । व्यक्तिका हकमा कुनै पनि व्यक्ति यही आरोपमा चार वर्षदेखि सर्वस्वसहित जन्म कैदको सजायँको भागिदार हुन सक्छ । फेरि पनि शासक प्रशासकहरुको द्वेष, शंका र सनकको भरमा नागरिकहरु जेलको चिसो छिँडीमा वर्षौंसम्म कुहिनु पर्ने पुलीस-राज कायम हुने संभावना छ यसबाट । फेरि पनि पार्टी र संघ संस्थाहरु मनपरी ढंगले प्रतिबन्धित हुने संभावना छ यसबाट । २०४७ सालको संविधानले मौलिक हकका रुपमा जुन जुन अधिकारको ग्यारेन्टी गरेको हो, ती अधिकारहरुलाई 'कागतको खोस्टा'का रुपमा बदल्ने संभावना हुन्छ यसबाट । विधेयकका यी प्रावधानहरु गैर-प्रजातान्त्रिक मात्र छैनन्, यी गैर-संवैधानिक पनि छन् ।

माओवादी समस्या हल गर्न भनेर यो विधेयक ल्याउन खोजिएको छ । माओवादीहरु त अहिले नै भूमिगत छन् र जीवन मरणको लडाइँ लडिरहेछन् । के मतलबको कुरा हुन्छ माओवादीहरुको निम्ति पार्टी प्रतिबन्धित गर्नु वा नगर्नुमा ? मर्न नै तयार भएपछि, ओडार र जंगलको जीवन नै व्यहोर्न तयार भएपछि के फरकको कुरा हुन्छ उसको निम्ति १०-२० वर्षको जेल सजायँबाट ? यसबाट ठूलो फरक त तिनीहरुलाई मात्र पर्छ, जुन पार्टीहरु अहिले खुला रुपमा काम गरिरहेछन् । यसबाट ठूलो असर त ती नागरिकहरुलाई पर्छ, जो अहिले शान्तिपूर्वक आफ्नो काम गरिरहेछन् र जीवनको लागि संघर्ष गरिरहेछन् ।

फेरि माओवादीहरुको उत्थान भनेको वर्तमान पूँजीवादी संसदीय राज्यले देश र जनताको आधारभूत समस्या हल गर्नमा पटक्कै ध्यान नदिनाले भएको हो । देश र जनताको समस्या हल गर्नमा पूँजीवादी राज्य र अन्य संसदीय पार्टीहरु पूरापूर विफल भएकाले जनतामा नेतृत्वप्रति जुन निराशा र आक्रोश छाएको छ, त्यही नेतृत्व शुन्यताको पृष्ठभूमिमा माओवादीहरु संभावित अंतिम विकल्प बनेर उदीयमान भएका हुन् । त्यसैले, जस्तोसुकै दमनकारी कानून ल्याए पनि त्यसबाट के माओवादीहरुलाई निमिट्यान्न पार्न सकिनेछ ? अहँ, त्यो कदापि सम्भव छैन । त्यसबाट त माओवादीहरु अरु ज्यादा बढ्नेछन् मात्र । त्यसबाट त माओवादीहरुको बाटोको औचित्य अरु ज्यादा सही साबित हुनेछ मात्र । समस्या हल गर्न त जरोमै समस्याको हल हुनु जरुरी हुन्छ ।

तथापि, यहाँ सरकारहरु बारम्बार आतंककारी विधेयक ल्याएर माओवादी समस्या हल गर्ने स्वाङ गरिरहेछन् । यो स्वाङ गर्नेमा एकथरि धूर्त छन्, अर्को थरि मूर्ख । धूर्तहरु ती हुन्, जो माओवादी समस्याको निहुँमा यहाँ त्यस्तो कानूनी व्यवस्था ल्याउन चाहन्छन्, जसबाट ४६ सालका आन्दोलनका उपलब्धिहरुलाई घुमाउरो रुपबाट क्वाप्लाक्कै खान सकियोस्, अघोषित रुपमा देशलाई पुनः पंचायती तानाशाहीतन्त्रैतिर मोड्न सकियोस् । नाम मात्रको होस् अहिलेको बहुदलीय व्यवस्था, यी प्रतिगामी शक्तिहरु जन आन्दोलकारी शक्तिकै हातबाट त्यस्तो प्रतिगमनकारी कानूनी व्यवस्था ल्याउन मरिहत्ते गर्दैछन् । मूर्खहरु ती हुन्, जो जन-आन्दोलनकारी शक्ति त हुन्, तर सत्ताभोकले यति अन्ध र बेहोश भएका छन् कि, उनीहरु सत्ताका लागि जे पनि गर्न तयार हुन्छन् । उनीहरु प्रतिगामीहरुको यो चालबाजी नै बुझ्दैनन् वा बुझे पनि बुझ् पचाउँछन् । धूर्त र मूर्खहरुको जोडी मिलेकाले नै यहाँ बारम्बार माओवादीको नाममा आतंककारी विधेयक ल्याउने जमर्को भइरहेछ । अब नेपाली जनताको हातमा त्यो दायित्व आएको छ कि, जनताले संयुक्त रुपमा र सशक्त रुपमा यी धूर्त र मूर्खहरुलाई कहिल्यै नभुल्ने गरी चड्कन लगाउन् ।

अहिले सडकमा आतंककारी विधेयकका विरुद्धमा नौं वामको संयुक्त आन्दोलन चल्दैछ । प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन पनि यसका विरुद्ध सडकमा उत्रेको छ, साथै अरु थुप्रै प्रजातान्त्रिक र मानव अधिकारवादी शक्तिहरु पनि । विदेशमा बसेका नेपालीहरु पनि दवाब हस्ताक्षर अभियानमार्फत् यो विधेयकको विरुद्धमा उत्रेका छन् । सडकमा सशक्त जन दवाब सिर्जना भएकाले यसै पटकको संसदमा विधेयक पारित गर्ने संभावना अब सारै झिनो भएको छ । तर फेरि, विकृत स्वार्थका लागि विधेयक ल्याउने प्रवृत्ति भने ज्यूँका त्यूँ छ । अब हाम्रो लडाइँ त्यही प्रवृत्तिलाई परास्त गर्नमा केन्द्रित गर्नु जरुरी भएको छ । ☐

---

घटना र प्रवृत्ति

# नौ बामको संघर्ष र त्यसले हटाउनु पर्ने कमजोरीहरू

जनताको सजगताभन्दा ठूलो जनतन्त्रको ग्यारेन्टी अरू केही हुँदैन । जनताको अधिकारमा नोक्सानी हुने सानो प्रयत्न कतैबाट हुनासाथ जब जनताहरू एक ढिक्का भएर मैदानमा उत्रन्छन्, दुनियाँको कुनै पनि तागतले जनताको अधिकारमा धावा बोल्न सक्दैन । यो खुसीको कुरा हो कि, नेपालमा त्यस्तो जन-सजगता बढ्दै गइरहेछ ।

जब वैशाखको पहिलो सातामा सरकारले आतंककारी विधेयक पुनः परिमार्जित रूपमा संसदमा लगेको थाहा भयो, देशका नौ वटा वामपन्थी पार्टीहरू तुरून्तै एकगठ भए । उनीहरूले वैशाख ८ गते नै प्रधानमन्त्रीलाई तीन सूत्रीय मागमा आधारित ज्ञापन-पत्र दिए । वैशाख १४ गते उनीहरूले राजधानीमा संयुक्त विरोध प्रदर्शन र संयुक्त आमसभा गरे । अब उनीहरू देशको कुना कुनामा आन्दोलनको लहर विस्तार गर्नमा लागिपरेका छन् ।

यसरी एकगठ हुने वामपन्थी पार्टीहरू हुन्- नेकपा (माले), नेकपा (एकता केन्द्र), नेकपा (मसाल), नेकपा (संयुक्त), नेमकिपा, नेकपा (मार्क्सवादी), राष्ट्रिय जनआन्दोलन संयोजन समिति, संजमो नेपाल र नेकपा (मालेमा) ।

'राज्य विरूद्धको अपराध तथा सजाय ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक' लाई संसदबाट फिर्ता गर्नुपर्छ भन्ने मागलाई नौ बाम समूहले आन्दोलनको प्रमुख तात्कालीक माग बनाएका छन् । तर उनीहरूको संघर्षका मागहरू अरू पनि देखिएका छन् । कालापानीबाट भारतीय सेना फिर्ता गर्नुपर्छ, सम्पूर्ण असमान सन्धीहरू खारेज गर्नुपर्छ, भारतको तर्फबाट अतिक्रमित नेपाली भूमि फिर्ता हुनुपर्छ, भ्रष्टाचार र महंगी नियन्त्रण गरिनुपर्छ र सांसदहरू, संवैधानिक अंगहरू र सरकारका उच्च पदस्थ पदाधिकारीहरूको सम्पत्ति जाँच गर्न उच्चस्तरीय जाँच आयोग गठन गरिनुपर्छ भन्ने मागहरू नै उनीहरूले अहिले सरकार-समक्ष प्रस्तुत गरेका मुख्य मागहरू हुन् ।

देशमा कुनै पनि घटना घट्नासाथ एकगठ भइहाल्ने र सडकमा उत्रिहाल्ने प्रवृत्ति नौ बाम समूहले अहिले जसरी देखाएको छ, त्यो सर्वथा प्रशंसनीय छ । यसले निराश जनतामा आशा र उत्साहको संचार गरेको छ ।

संयुक्त संघर्ष गर्दा पहिले देखा पर्ने गरेका केही गम्भीर कमजोरीहरू हटाउनेतर्फ भने नौ बाम समूहले बेलैमा ध्यान पुऱ्याउनु जरूरी छ ।

पहिलो कमजोरी हो- आफ्नो पार्टी एक्लैको संघर्ष भनेपछि त्यो सफल पार्न र त्यसमा बढी सहभागिता जुटाउन मरिहत्ते गर्ने, तर संयुक्त संघर्ष भनेपछि पटक्कै मेहनत नगर्ने प्रवृत्ति । त्यो प्रवृत्ति नौ वामहरूको वैशाख १४ गतेको राजधानीको विरोध प्रदर्शन र आमसभामा पनि प्रष्टै अभिव्यक्त भयो ।

दोस्रो कमजोरी हो- कुनै पनि संघर्ष मूर्त र टड्कारो मागमा केन्द्रीत नगर्ने, हरेक संघर्षमा अमूर्त र पूरा नै हुन नसक्ने खालका मागहरूको थुप्रो लगाउने प्रवृत्ति । यस्ता मागहरूले गर्दा जनताहरूको ध्यान संघर्षप्रति आकर्षित नै नहुने र जनतामा संघर्षप्रति शुरूमै निराशा

(बाँकी ४० पेजमा)

# पोल पोटको मृत्युको रहस्य !

# पोल पोटको जीवनको रहस्य !!

**गत वैशाख २ गते राति ।**

थाइल्याण्डको दक्षिण-पूर्वी सीमाबाट करिब १५ कि.मि. पर रहेको कम्बोडियाको दोङग्रेक पहाडको घना जंगलबीच रहेको साहूक काठको छाप्रोमा अलिकति हलचल भइरहेको थियो । सरकारी सैनिकहरू र खमेर रूज छापामारहरूबीच भइरहेको गोली र मोर्टार हानाहानको आवाजले उत्तरी कम्बोडियास्थित साहूक क्षेत्रको रातको मौनतालाई भंग गरिरहेको थियो । युद्धको चपेटामा परिरहेको साहूक क्षेत्रको त्यस तीन कोठे छाप्रोमा नजरबन्द बनाइएका पोलपोटलाई खमेर रूजका प्रमुख कमाण्डर ता मोकको आदेशअनुसार सुरक्षाको कारणले त्यस बेला अन्तै लाने तयारी भइरहेको थियो ।

अलि छिटो-छिटो तर थोरै भात खाएर आफ्नो प्यारो कुर्सीमा बस्दै कारको पर्खाइमा रहेका अस्वस्थ पोलपोटको



*'१०-२० लाख कम्बोडियाली जनतालाई मारेको' आरोप लागेका पोल पोटको अन्ततः गत वैशाख २ गते राति ७३ वर्षको उमेरमा मृत्यु भयो । उनलाई पूँजीवादी र साम्राज्यवादीहरूसंग नजिक रहेका टि.भि., रेडियो र अखबारहरूले 'बीसौं शताब्दीका राक्षस' का रूपमा चित्रण गरिरहेका छन् । पोल पोटलाई नरभक्षी, नरद्रोही, हिंसक, आतंककारी आदि शब्दकोशका सबै नकारात्मक शब्दहरूद्वारा आरोपित गरिरहेका छन् । यस्तो 'डरलाग्दो मान्छे' पोल पोटको अचानक मृत्यु भएपछि विश्वभरि उनको जीवनको बारेमा चासो लिन थालिएको छ- के साँच्चै उनी दशौं लाख कम्बोडियाली जनताका हत्यारा नै थिए त ?*

*फ्रान्स, जापान र अमेरिकाका सैनिकहरूले पनि मार्न नसकेका कम्बोडियाली नेता पोल पोटको आफ्नै समूह- खमेर रूजद्वारा तोकिएको नजरबन्दीको जीवनबीच, आजीवन कारावासको सजायँ भोग्दाभोग्दै मृत्यु भयो ! अमेरिकी साम्राज्यवादका हजारौं हजार सैनिकद्वारा संरक्षित सैनिक तानाशाह लोन नोलको सरकारलाई समेत परास्त गरेर कम्बोडियामा चिनियाँ शैलीमा 'जनवादी क्रान्ति' सम्पन्न गर्ने पोल पोटको मृत्यु आफ्नै सहकर्मीहरूद्वारा विष खुवाइएको कारणले भएको त होइन ? भन्ने प्रश्न पनि यतिखेर उठिरहेको छ ।*

*विश्वभरि अत्यन्त नराम्ररी बदनाम गरिएका कम्युनिष्ट नेता पोल पोटको जीवनको उतार-चढावको नालीबेली खोतल्ने सिलसिलाको यो प्रथम भाग हो । आगामी अंकहरूमा खमेर रूज आन्दोलनको लामो इतिहासका उकाली ओरालीहरू र कम्बोडियामा 'कार्पेट बम्बिङ' गरेर ताण्डव नृत्य मच्चाउने अमेरिकी साम्राज्यवादका करतूतहरूको पनि भण्डाफोर गर्ने प्रयास गर्दै जानेछौं । ◉ मूल्यांकन*

अनुहार निकै मलीन र थकित थियो । बाहिरबाट आइरहेको गोला-बारूदको धूँवा, गोली र मोर्टारको आवाज, कारको लामो पर्खाइले उनलाई थकित र तनावग्रस्त तुल्याइरहेको थियो । यो स्थिति देखेर पोलपोटकी पत्नी मुओनले बेडमा आरामसंग सुत्नका लागि अनुरोध गरिन् । र, पोल पोट खमेर रूजका वर्तमान शक्तिशाली कमाण्डर ता मोकले आफूलाई अन्तै सरुवा गर्ने आदेशलाई बेवास्ता गर्दै पलंगमा आरामसंग लेटे ।

पोट पोट दिनदिनै आफ्नो सानो सर्टवेभ रेडियोमा खमेर रूजहरूको 'डेमोक्रेटिक कम्पुचिया रेडियो' र 'भ्वाइस अफ अमेरिका' सुन्ने गर्थे । वैशाख २ गते बुधबार राति पनि उनले भ्वाइस अफ अमेरिका सुन्ने चाहना व्यक्त गरे । उनको चाहना पूरा गरेपछि उनकी पत्नी, छोरी र त्यहाँ पालो बसिरहेका पाँच जना खमेर रूज छापामारहरू आ-आफ्नो कोठातिर गए । त्यस दिन VOA को खमेर भाषाको प्रसारण सेवाले ८ बजे पोल पोट र खमेर रूजहरूकै बारेमा रिपोर्टिङ गरिरहेको थियो ।

अप्रिल २३, १९९८ को फार इस्टर्न इकोनोमिक रिभ्यूमा प्रकाशित अमेरिकी पत्रकार नाते थायरको Nowhere to Hide नामक रिपोर्टमा आधारित सो प्रसारणमा खमेर रूजहरूले विकसित पूँजीवादी मुलुकहरूबाट खाद्यान्न, औषधि र अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्ने उद्देश्यले पोल पोटलाई अन्तर्राष्ट्रिय अदालतमा सुम्पने निर्णय गरेको कुरा उल्लेखित थियो ।

VOA बाट खमेर रूजहरूको यो

# कसरी भयो खमेर रूजका नेता पोलपोटको मृत्यु ?

◆ राजेन्द्र महर्जन



# पोल पोटको मृत्युमा खमेर रूज छापामारहरूबीच र कम्बोडियाली जनताबीच कुनै संवेदनाको लहर उत्पन्न भएको देखिएन । किन होला ?

निर्णय सुनेर पोल पोटको मन-मस्तिष्कमा कस्तो भयानक धक्का पऱ्यो होला ?- यसको सही सूचना प्राप्त गर्नका लागि त्यतिखेर पोल पोटको नजिकै कोही पनि थिएन । अर्को कोठामा बसिरहेकी पोल पोटकी पत्नी जब लामखुट्टेको टोकाइले ग्रस्त पोल पोटलाई भ्रूल टाँग्न आइन्, तब मात्र उनले अत्यन्त कष्टका साथ स्याँऽऽ स्याँऽऽ आवाज निकाल्दै लामो लामो सास फेरिरहेका पोल पोटको डरलाग्दो स्थिति देखिन् । त्यतिखेर हृदयघात र मुटु सम्बन्धी अन्य रोगहरूले ग्रस्त बृद्ध पोल पोट लामो लामो श्वास तान्दै मृत्युको मुखमा गइरहेका थिए ।

जब मुओनले मृत्युउन्मख आफ्नो पतिलाई छोएर हेरिन्, तबसम्ममा उनको मृत्यु भइसकेको थियो । त्यसबेला स्थानीय समयअनुसार रातको ठीक सवा दश बजेको थियो ।

पोल पोटको मृत्युमा त्यस भ्रुपडीमा अचानक रूवाबासी मच्चियो । उनकी पत्नी र छोरीको रूवाइले दोङग्रेक पहाडको रातको मौनतालाई एकै पटक चिरीदियो, गोला-बारूदको विस्फोटले जस्तै । एकछिनको रूवाबासी पछि रातको १२ बजेतिर पोल पोटकी पत्नी त्यहाँ नगिचै तैनाथ रहेका जनरल नोन नोउलाई खबर गर्न गइन् । गत असार महिनादेखि नजरबन्दीको जीवन बिताइरहेका पोल पोटका 'जेलर' का रूपमा रहेका जनरल नोन नोउले पनि त्यहाँ आएर जाँचबुझ गरे, अनि उनले पोल पोटको मृत्यु भएको कुरा पुष्टि गरे ।

पोलपोटको अचानक मृत्यु भएको कुरा त्यसपछि मात्रै विश्वभरि फैलियो, जब डेमोक्रेटिक कम्पुचिया रेडियोले विहीबार अबेर मात्रै पोल पोटको मृत्युसम्बन्धी सानो समाचार प्रसारण गऱ्यो । समाचारमा भनिएको थियो- "७३ वर्षीय बृद्ध पोल पोटको अप्रिल १५ को राति १०:१५ बजे रोगको कारणले मृत्यु भएको घोषणा गर्दछौं ।"

अन्य टिप्पणी र दुःखभावरहित त्यस समाचारले खमेर रूजका अपदस्त नेता पोल पोटप्रति खमेर रूजका वर्तमान हर्ताकर्ता कमाण्डरहरूको संवेदनाशून्यता दर्शाइरहेको थियो ।

खमेर रूजका कमाण्डर ता मोकले भनेका थिए- "पोल पोटको मृत्यु हृदयघातले गर्दा भएको हो । उनलाई मैले मारेको होइन । पोल पोटको मृत्यु भयो, जे भयो राम्रै भयो । यसमा म दुःख मनाऊ गर्दिनँ, यसमा मलाई अलिकति पनि दुःख महसूस भएको छैन ।"

खमेर रूजका संस्थापक नेता तथा त्यसको छापामार आन्दोलनलाई साँढे तीन दशकभन्दा बेसी समयसम्म नेतृत्व प्रदान गर्ने पोल पोटको मृत्युले ता मोकलाई मात्रै होइन, अन्य खमेर रूज छापामारहरूको मन-मस्तिष्कको संवेदनाको तारलाई पनि पटक्कै छोएको देखिएन । खमेर रूजहरूकै समेत घृणाको पात्र बनेका पोल पोटको मृत्युपछि खमेर रूजको वर्तमान नेतृत्व पंक्तिभित्रका खिऊ साम्फान लगायतका केही नेताहरू आफ्नो बन्दी पोल पोटको लाश हेर्न गए । तर ता मोकले त्यति औपचारिकता पूरा गर्न पनि आवश्यक ठानेनन् । उनले पोलपोटको लाश शनिवार बिहानै कुनै औपचारिक संस्कार र सम्मानबिना नै जलाउने घोषणा गरेर विदेशी पत्रकारहरूलाई समेत आश्चर्यचकित पारेका थिए ।

ता मोकले विहीबार र शुक्रबार दुई दिनसम्म पत्रकारहरूलाई लाश हेर्न र त्यसको बारेमा आवश्यक सूचना संकलन गर्न छूट दिएका थिए ।

उनको लाशलाई पलंगमा पल्टिरहेको अवस्थामा जुन भ्रुपडीमा उनको मृत्यु भएको थियो, त्यही भ्रुपडीकै अगाडि रहेको खुला ठाउँमा प्रदर्शन गरिएको थियो । त्यसको वरिपरि पोल पोटकी पत्नी र छोरीले काम गर्ने तरकारी बारी र सरकारी बमवर्षाबाट बच्नका लागि बनाइएको नयाँ ट्रेन्च थयो ।



उनको लाश हेर्ने पत्रकारहरूका अनुसार, बाहिरबाट हेर्दा उनको लाशमाथि त्यस्तो कुनै 'फोहोरी खेल' खेलिएको जस्तो देखिँदैनथ्यो, तर उनको अनुहारमा असह्य पीडा भ्रल्किरहेको थियो । पीडाका ती रेखाहरू हेर्दा उनले शान्तिपूर्वक मृत्युवरण गरेको महसूस गर्न गाह्रो हुन्थ्यो । उनको एउटा आँखा बन्द थियो भने, अर्को आँखा चाहिं अर्ध खुला थियो । सेतो कपाल भएका र नीलो रंगको सर्ट र पाइजामा लगाएका बृद्ध पोल पोटको नाकका प्वालहरू कपासले थुनिएको थियो । शायद रक्तस्राव रोक्न यस्तो गरिएको होला । उनको खुट्टा हरियो सिरकले छोपिएको थियो । र, उनको लाश वरिपरि फूलका गुच्छाहरू र मालाहरूको थुप्रो थियो ।

झट्ट हेर्दा जीवितै अवस्थामा निदाएको जस्तो मुद्रामा रहेका पोल पोटको मृत्युमा खमेर रूज छापामारहरूबीच र कम्बोडियाली जनताबीच कुनै संवेदनाको लहर उत्पन्न भएको देखिएन । उनको मृत्युमा रूनेहरूमा उनकी पत्नी मुओन, उनकी १२ वर्षीया छोरी मुल र पाँच जना सुरक्षाकर्मीहरू मात्रै देखा परेको खबर छ ।

विहीबार र शुक्रबार दुई दिनको सार्वजनिक प्रदर्शनपछि शनिवार विहानै खमेर रूज छापामारहरूले पोलपोटको लाशलाई काठको बक्सामा हाले । त्यसमाथि नीलो कपडाले बेर्ने, फूलका गुच्छाहरू राख्ने काम सकिएपछि छापामारहरूले भ्रुपडी नजिकैको खाली ठाउँमा लगे । दाउरादेखि पुरानो टायरसम्म मिलाएर बनाइएको चिहानमाथि लाश राखिसकेपछि उनीहरूले लाशको वरिपरि पोल पोट बस्ने मेच, सिरक-डसना, लुगाफाटाहरू, क्रामा (खमेर रूजहरूले लगाउने गलबन्दी), बाँसको पंखा, झोला र लौरोलाई मिलाएर राखे । त्यसपछि उनको लाश ग्यासोलीनद्वारा जलाइयो ।




लाशको वरिपरि पोल पोट बस्ने मेच, सिरक-डसना, लुगाफाटाहरु, क्रामा (खमेर रुजहरुले लगाउने गलबन्दी), बाँसको पंखा, झोला र लौरोलाई मिलाएर राखे । त्यसपछि उनको लाश ग्यासोलीनद्वारा जलाइयो ।

साहूक क्षेत्र वरिपरिका पहाडहरूमा भइरहेको लडाईको क्रममा आइरहेको गोला-बारूदको आवाजसंगसंगै उनको लाश जल्ने क्रम जारी थियो । ९ बजेदेखि ४ बजेसम्म उनको लाश खरानी भइसकेको थियो । पोलपोटको खरानीलाई तीन भागमा विभाजित गरियो । त्यसमध्ये एक भाग उनी जन्मेको ठाउँ- कोम्पोङ थोम, दोस्रो भाग छापामारहरूको मृत्यु आश्रय थलो- आन्लोङ भेङ र तेस्रो भाग थाइल्याण्डको सीमा क्षेत्रमा छर्नका लागि पठाइयो । र, अलिकति खरानी पोको पारेर पोल पोटकी श्रीमती आफ्ना श्रीमान्ले अन्तिम समय व्यतीत गरेको झुपडीमै आफ्नी छोरीका साथ फर्किन् ।

उनी आफ्ना श्रीमान् मरेकोमा दुःखी त थिइन् नै, त्यसमाथि दाह संस्कारमा खमेर रूजका उच्च पदस्थ नेता र कमाण्डरहरूको अनुपस्थिति देखेर उनले साह्रै नै धेरै पीडा महसूस गरिन् । केवल २० जना जति Ak-47 सहितका खमेर रूज छापामारहरू, सादा पोशाकमा आएका थाइ सैनिकहरू र एक जना जनरल (त्यो पनि पोल पोटकै जेलर) मात्र दाह संस्कारमा उपस्थित थिए । पोलपोटका पहिलेका घनिष्ठ सहयोद्धाहरू खिउ साम्फान, तामोक र नेउनं चिम्राहरू अन्तिम संस्कारमा उपस्थित भएनन् ।

दाह संस्कारको क्रममा खमेर रूजहरूले कुनै औपचारिक समारोह, श्रद्धाञ्जली सभाहरू गर्नुपर्ने जरूरी महसूस गरेनन् । विगतमा '१ नम्बरका दाइ', 'खमेर रूजका सर्वोच्च नेता', कम्पुचियाली कम्युनिष्ट पार्टीका महासचिव तथा प्रधानमन्त्री भनेर सम्बोधन र सम्मान गरिएका पोल पोटको मृत्युमा उनीहरूले श्रद्धाको फूल चढाउनु पर्ने आवश्यकतासम्म महसूस गरेनन् । उनीहरूको लागि पनि अरू थुप्रै बन्दीहरूमध्ये पोल पोट एकजना अर्को बन्दी मात्रै थिए र एकजना सामान्य बन्दीको मृत्युमा किन आँसु बगाउने ?- उनीहरूको तर्क थियो । पोलपोटको दाह संस्कारमा खमेर रूजका वर्तमान नेताहरू अनुपस्थित रहेकोमा पोल पोटका जेलर जनरल नोन नोऊले भनेका थिए- 'उहाँहरू किन नआउनु भएको भने १० महिना अगाडि नै पोल पोटलाई अपदस्थ गरिसकिएको थियो, उहाँसंग कुनै प्राधिकार (Authority) थिएन । त्यहाँ कुनै पनि प्रकारले दुःख, वेदना र शोक प्रकट गरिएन, र उहाँको मृत्युमा साँच्चै नै खुशी छौं, किनकि अब पोल पोटको कारणले अन्तर्राष्ट्रिय जगत्‌बाट भइरहेको आलोचनाबाट हामी जोगिन सक्छौं । हामी कोही पनि दुःखित छैनौं, सबै खुशी छौं, किनकि अब अन्तर्राष्ट्रिय समुदायबाट खमेर रूजमाथिको हुँदै आइरहेको आक्रमण



पोल पोटकी पत्नी र छोरी

बन्द हुनेछ।"

आफ्ना पूर्व नेताको मृत्युमा यति विधि खुशी हुने नोन नोऊ जस्ता खमेर रूज छापामारहरू र तिनीहरूका नेताहरूका व्यवहार हेर्दै एकजना विदेशी पत्रकारले टिप्पणी गरेका थिए- "फ्याँक्नु पर्ने फोहोर बाढीले बगायो।'

तर तिनीहरूको अस्वभाविक खुशी देख्दा प्रश्न उठ्छ- कहीं तामोक जस्ता खमेर रूज नेताहरूले नै पोल पोटलाई मारेका त होइनन्, विष ख्वाएर ?

## के पोल पोटको मृत्यु विषले भएको थियो ?

खमेर रूज छापामार समूहका चीफ अफ स्टाफ जनरल खेम नुऔनका अनुसार VOA को समाचार सुनेर पोल पोटलाई निकै ठूलो मानसिक आघात लागेको हुनसक्छ र त्यसै आघातले उनको ज्यान लिएको हुन सक्छ। पोलपोटको मृत्यु हृदयघातबाट भएको बारे खमेर रूजका अधिकारीहरू र थाइल्याण्डका सैनिक अधिकारीहरूले यस्तो उल्लेख गरेका थिए।

थाइल्याण्डको जासूसी सूत्रले उनलाई विष खुवाई मारेको हुनसक्ने अनुमान गरेको थियो। तर थाई सैनिकहरूको उपस्थितिमा भएको उनको मृत शरीरको पोष्टमार्टमको क्रममा उनको मृत्यु अन्य कारणबाट नभएको बताइएको थियो। उनीहरूले पोल पोटको औंठाको छाप, कपाल र छालाको टुक्रा नमूना स्वरूप लिएर गएको र त्यसको परीक्षण गरिरहेको कुरा प्रकाशमा आएको छ।

कम्बोडियाको हुनसेन सरकारले लाशलाई सरकार समक्ष बुझाउनु पर्ने माग गरेको थियो। त्यस्तै, क्यानाडा र अमेरिकाले उनको लाशको पूर्ण रूपमा Autopsy (रासायनिक परीक्षण) गर्नु पर्ने माग अगाडि सारेका थिए। तर खमेर रूजहरूले शनिवार बिहानै पोल पोटको लाश हतारो-हतारोमा जलाएर 'कहीं विष खुवाएरै मारिएको त होइन ?' भन्ने आशंकालाई मलजल दिएका थिए।

## पोल पोटको नालीबेली

क्रान्तिकारी नेता-कार्यकर्ताहरूको मृत्यु प्वाँख जस्तै हलुको हुँदैन। तर १९७५-७९ को 'कम्बोडियाको क्रान्ति'को नेतृत्व गरेका पोलपोटको मृत्यु किन यति धेरै हलुको भयो ? आफूलाई कम्बोडियाली क्रान्तिकारीहरू भन्न रूचाउने खमेर रूजहरू अर्थात् 'लाल खमेर रूज'हरूलाई हुर्काउँदै-बढाउँदै आएका पोल पोटको मृत्यु आज किन पहाड जस्तो भारी र विशाल भएन ? किन तिनै खमेर रूजहरूले आफ्ना पुराना 'श्रद्धेय नेता', '१ नम्बरका दाइ' मानिएका पोल पोटलाई समेत रातारात अपदस्थ गरे ? किन आजीवन कारावासको सजाय सहित नजरबन्दमा राखे ? किन उनीहरूद्वारा नै विष खुवाएर मारिएको हो कि भन्ने आशंका समेत जन्मियो ?

पोल पोटको मृत्युले थुप्रै सवालहरू उठाएको छ। र, उनको सिंगो जीवनका पानाहरू पल्टाएर हेर्ने हो भने उनको जीवनदेखि मृत्युसम्म प्रश्नै प्रश्नहरू उभिरहेका देखिन्छन्।

**दाह संस्कारमा खमेर रुजका उच्च पदस्थ नेता र कमाण्डरहरुको अनुपस्थिति देखेर पोल पोटकी पत्नीले साह्रै नै धेरै पीडा महसूस गरिन्।**

## सोलोथ सारदेखि पोल पोटसम्म

कम्बोडियाको मामिला सम्बन्धी विशेषज्ञहरूका अनुसार, पोल पोटको व्यक्तित्वको सबै पाटो खुला र पारदर्शी छैनन्। उनी साँच्चै नै रहस्यमयी क्रान्तिकारी नेता थिए। उनको बोलाइ जति नरम भए तापनि, उनको मुहार जति हँसिलो भए तापनि, पोल पोटका जीवनका सबै पानाहरू खुला छैनन्। भूमिगत संघर्षको कालमा त उनको जीवन-संघर्षको कथा पनि भूमिगत हुने नै भयो। तर प्रधानमन्त्रीको पद सम्हालेर खुला जीवनयापन गर्न थाल्दा पनि उनको जीवन त्यति खुला भएन। प्रधानमन्त्रीको सार्वजनिक जीवनयापन गर्न थालेपछि पनि उनी आफ्नै परिवारको लागि समेत अपरिचित रहे। पत्रकारहरूले प्रधानमन्त्री पोल पोट भनेका सालोथ सार नै हुन् भनेर चिन्नलाई समेत उनी प्रधानमन्त्री भएको दुई वर्षसम्म कुर्नु पऱ्यो। उनको परिवारले सालोथ सार नै पोल पोट हुन् भनेर तब मात्र चिन्न सके, जब प्रधानमन्त्री पोल पोटका ठूला-ठूला तस्वीरहरू काम गर्ने थलोहरूमा झुण्ड्याउन थालियो।

हो, तिनै पोल पोट उर्फ सालोथ सारको जीवन कति वटा रहस्यका पत्रहरूमा ढाकिएका थिए भन्ने कुराको उद्घाटन गर्ने प्रयास यहाँ गरिन्छ।

**कम्बोडिया**को इतिहासलाई खर्लप्पै निलेका इतिहासकारहरूले समेत पत्ता लगाउन नसकेको पहिलो तथ्य हो- उनको जन्म मिति ! कम्बोडियाका प्रधानमन्त्री पोल पोटको जन्म मिति समेत कुनै इतिहासकारले मई २५, १९२५ भनेका छन् भने कुनैले मई २५, १९२७ ! तर पोल पोट स्वयंले भनेका थिए- "ती दुवै मिति सही होइन, म जनवरी १९२५ मा जन्मेको थिएँ।


"हो, जनवरी मलाई याद छ, किनकि मेरी आमाले हाम्रो घरको भित्तामा चकले लेखिराख्नु भएको थियो र आलमारीमा पनि लेखिराख्नु भएको थियो- फ्रान्सिसी भाषामा- Jauvier !"

जनवरी कति तारिख भन्ने कुरा थाहा नभएका प्लेल पोटकै भनाइअनुसार, उनले आफ्नो जन्ममिति ढाँटेर १९२७, मई २५ राखेका थिए। यसरी आजभन्दा ७३ वर्ष अगाडि जन्मेका पोल पोटको असली नाम सालोथ सार हो। पोट पोट त उनको पार्टीको लागि राखिएको भूमिगत नाम हो, जसको कुनै खास शाब्दिक अर्थ छैन।



सालोथ सारको रूपमा जन्मेका पोल पोटले कालान्तरमा तोल साउत र पोल पोटको नामबाट पनि काम गरेका थिए।

पोल पोटको जन्म राजधानी न्होमपेन्हबाट १४५ कि.मि. उत्तरमा रहेको कोम्पोङ थोमको प्रान्तीय राजधानी प्रेक स्वाउभ नामक ठाउँमा भएको थियो। बुवा पेन सालोथ र आमा नोक सेमको नौजना सन्तानमध्ये आठौं सन्तानको रूपमा जन्मिएका पोल पोट त्यति धेरै गरीबीमा हुर्केका थिएनन्। खान-लाउन पुग्ने, केही जग्गा-जमीन भएको मध्यम स्तरको किसान परिवारमा हुर्केका थिए उनी। पोल पोटलाई ६ वर्षको उमेरमै शिक्षा आर्जनका लागि राजधानी न्होम पेन्ह पठाइएको थियो। त्यहाँको राजदरबारमा कर्मचारीको काम गर्ने उनका दाजु र शाही ब्यालेका नर्तक काकाको छोरीको सहयोगमा उनले आफ्नो अध्ययन बढाए। शुरूमा सबै



सन् १९८६ को यस तस्वीरमा बायाँबाट खमेर रुजका नेताहरु सोन सेन, खिउ साम्फान, नुओन चिया, पोल पोट र उनकी पहिलो पत्नी देखिन्छन् ।

बौद्ध धर्मावलम्बी बच्चाहरूलाई जस्तै उनलाई पनि कैयौं महिनासम्म बौद्ध विहारहरूमा बौद्ध धर्मको अध्ययन गर्न लगाइयो ।

बौद्ध भिक्षुहरूद्वारा दिइने शिक्षा आर्जनको क्रममा उनले प्राथमिक शिक्षा राम्ररी नै पूरा गरे । भनिन्छ- माध्यमिक शिक्षामा उनले राम्रो अध्ययन गर्न सकेनन् । 'न्यूयोर्क टाइम्स सर्भिस'का सेथ मेदान्सले त उनी माध्यमिक शिक्षामा फेल भएको कारणले सिकर्मी काम सिक्न गएको तथ्य अगाडि सारेका छन् । हुन त उनले प्राविधिक स्कूलमा अध्ययन गर्नेदेखि रबर उद्योगमा काम गर्ने गरेको तथ्य पनि बाहिर आएको देखिन्छ ।

न्होम पेन्हको बसाइको क्रममै उनी क्रान्तिकारी राजनीतितर्फ आकर्षित भइसकेका थिए । १५ वर्षको किशोर अवस्थामै उनी क. हो चि मिन्हको नेतृत्वमा अगाडि बढिरहेको हिन्द-चीन कम्युनिष्ट पार्टी (Indo-china communist party) को सहायता लिई साम्राज्यवादी फ्रान्सविरोधी सेनामा क्रियाशील भएका थिए । १९४६ देखि साम्यवाद समर्थक वामपन्थी पार्टी-पिपुल्स पार्टी (Prach eachon) का सदस्य भई उनी केही वर्ष क्रियाशील भए ।

उनले सन् १९४९ मा सरकारी छात्रवृत्तिमा फ्रान्समा इलेक्ट्रिकल इन्जिनियरिङ पढ्न जाने अवसर पाए । तीन वर्षको छात्रवृत्तिमा पेरिसमा अध्ययन गर्ने सिलसिलामा शुरूमा उनी निकै जेहेन्दार र मेहेनती विद्यार्थीमा गनिन्थे । पोल पोटको जीवनी लेख्ने डेभि च्याण्डलरले उनी सुस्त विद्यार्थी थिए भनेर लेखेकोमा उनको आपत्ति थियो ।

-म नराम्रो विद्यार्थी थिइनँ, म सालाखाला राम्रै थिएँ... शुरूमा त म राम्रा विद्यार्थीहरूमध्ये पर्दथें... । पछि म पेरिसको प्रगतिशील विद्यार्थी आन्दोलनमा समाहित भएँ । म आफ्नो छात्रवृत्तिलाई सुरक्षित राख्नका लागि आवश्यक हदसम्म मात्रै पढ्ने गर्दथें । बाँकी समय त अन्य किताब-पत्रपत्रिका पढ्नमा खर्च गर्दथें । मेरो बाँकी समय क्रान्तिकारी गतिविधिहरूमै खर्च हुन्थ्यो । मैले कैयौं क्लास छोडें ।'

"म शुरूमा जातिवादी थिएँ, त्यसपछि देशभक्त बनें, त्यसपछि मात्रै प्रगतिशील किताबहरूको अध्ययन थालेको थिएँ ।" आफ्नो राजनीतिक जीवनका शुरूका दिनहरू संफदै भनेका थिए पोलपोटले । पेरिसमा अध्ययन गर्दा गर्दै उनी १९५० तिर युगोस्लाभियाको भ्रमणमा गएका थिए । त्यहाँ संगठित गरिएको ब्रिगेडमा पनि सहभागी भएका पोल पोटलाई युगोस्लाभियाका तत्कालीन चर्चित राष्ट्रपति टिटोबाट विशेष रूपले प्रभावित भएको आरोप छ । तर त्यसबेला घुम्न र रमाइलो गर्नका लागि त्यहाँ गएको तर्क राख्दै आफू कुनै एक जना व्यक्ति, एउटा देशबाट मात्र प्रभावित नभएको कुरा उनले बताएका थिए । यता- उता, सबैबाट गान्धी, नेहरूदेखि माओ र स्तालिनबाट समेत प्रभावित पोल पोट भन्ने गर्थे- "म कम्बोडियाको बिग्रँदो बस्तुस्थिति देखेर आन्दोलनमा लागेको हुँ !"

पेरिसमा छँदै उनले फ्रान्सको कम्युनिष्ट पार्टीको सदस्यता लिने, क्याम्पसका विद्यार्थीहरूबीच मार्क्सवादी अध्ययन सर्कल चलाउने, विद्यार्थी आन्दोलनहरूमा सहभागी हुने काम गर्न थालेका थिए । पेरिसबाट प्रकाशित हुने अखबारमा उनले कम्बोडियामाथि उपनिवेशवादी शासन चलाइरहेको देश-फ्रान्स र कम्बोडियाली राजपरिवारमाथि आक्रमण गर्न थालेका थिए । उनका विचार र व्यवहारहरू खतरनाक लाग्न थालेपछि फ्रान्सको उपनिवेशमुनि शासन गरिरहेका छोटे राजा नरोदम सिंहानुकले पोल पोटको छात्रवृत्ति रद्द गरिदिए । फलस्वरूप, इलेक्ट्रिकल इन्जिनियरको डिग्री लिन नपाउँदै वाम राजनीतिको अनुभव र अध्ययनको सर्टिफिकेट लिएर उनी १९५३ मा आफ्नो देश फर्के ।

कम्बोडियामा उनले शुरूमा पत्रकारिता गरे पनि पछि धेरै समयसम्म प्राइभेट हाइस्कूलमा फ्रान्सिसी भाषा, इतिहास, भूगोल र नागरिक शास्त्र पढाउने काम गरे । उनीसंग विद्यार्थीहरूलाई मन्त्रमुग्ध पारेर पढाउने शैली थियो ।

पोल पोटको शिक्षण शैलीबारे Brother number one नामक पोल पोटको जीवनीका लेखक डेभिड च्याण्डलरले उनका एकजना विद्यार्थी सोथ पोलिनको संस्मरण अगाडि सारेका छन् । सोथ पोलिनले आफ्ना गुरू पोल पोटको विद्यार्थीहरूलाई चुम्बकले जस्तो तानिराख्न सक्ने शैक्षिक विधिको बारेमा भनेका थिए- 'कक्षामा उहाँ बिना किताब, बिना नोटबुक नै आधा आँखा मात्रै खोलेर मकै भुटे सरी पड्किन थाल्नु हुन्थ्यो, संगीतमय स्वरमा । जहिले पनि हाफ बाहुलाबाला सेतो सर्ट र निख्खर कालो पाइजामा लगाई पढाउने आफ्ना मिलनसार, मीठो बोली बोल्ने प्राध्यापकबाट विद्यार्थीहरू झन् झनै बशीभूत हुँदै जान थालेका थिए ।"

विद्यार्थीहरूलाई वशीभूत पार्न सक्ने वक्तृत्व कलाका धनी पोल पोटले कम्युनिष्ट पार्टीको संगठन विस्तारमा आफ्नो यो कलालाई प्रयोग गरेका थिए । पेरिसमा छँदै तामोक, खिऊ साम्फान, सोन सेन, श्याङ सारी जस्ता आफ्ना नजिकका साथीहरू मार्फत् कम्पुचियाली विद्यार्थी यूनियन, मार्क्सवादी-लेनिनवादी सर्कल निर्माण गरिसकेका पोल पोटले १९५० मै 'कम्बोडियाली कम्युनिष्ट पार्टी' को भ्रुण स्थापना गरिसकेका थिए । भावी कम्युनिष्ट पार्टीको राजनीतिक दिशा निर्धारित गर्नका लागि त्यही वर्ष एउटा समिति बनाइसकिएको थियो । यसमा न्होम पेन्ह र गाउँका कामको जिम्मा सम्हाल्ने कार्यभार उनलाई दिइएको थियो । बाहिरबाट हेर्दा पत्रकारिता र शिक्षण पेशामा लागिरहेका जस्ता देखिने पोट पोट भावी कम्युनिष्ट पार्टी स्थापनाका लागि भूमिगत रूपमा क्रियाशील भइरहेका थिए ।

खुला र भूमिगत कामहरूमा क्रियाशील भइरहने क्रममै सन् १९५६ मा पोट पोटले खिउ पोनारीसंग प्रेम विवाह गरे । वाम आन्दोलनको पृष्ठभूमिबाट आएकी खिऊसंग विवाह भएपछि तिनीहरूको राजनीतिक जीवनमा थप क्रियाशीलता आयो ।

राजनीतिक क्षेत्रमा कम्युनिष्ट पार्टीको निर्माणको संकल्पसहित क्रियाशील रहेका पोल पोट र उनका अग्रजहरूको 'पार्टीको राजनीतिक दिशा निर्धारण समिति' ले अन्ततः एउटा प्रस्ताव तयार गऱ्यो । त्यही प्रस्तावलाई केन्द्रबिन्दु बनाएर ३० सेप्टेम्बर, १९६० मा नोम पेन्हमा सरकारी दमनका बावजूद कम्पुचियाको कम्युनिष्ट पार्टी (PCK) को प्रथम महाधिवेशन भयो । गाउँको जिम्मेवारी लिएका १४ जना किसान प्रतिनिधिहरू र शहरीया काम सम्हालिरहेका ७ जना प्रतिनिधिहरूको उपस्थितिमा भएको सो महाधिवेशनले सही अर्थमा एउटा मार्क्सवादी-लेनिनवादी पार्टीको जन्म भएको घोषणा गऱ्यो ।

महाधिवेशनले राष्ट्रिय जनवादी क्रान्तिको आधारभूत रणनीति सम्बन्धी दिशा तय गर्ने, पार्टीको संविधान बनाउने र पार्टीको केन्द्रीय समितिका सदस्यहरूको चुनाव गर्ने काम गऱ्यो । त्यसले कम्पुचियाको कम्युनिष्ट पार्टीको महासचिव पदमा तोउ सामोथलाई र उपसचिवमा पोल पोटलाई छान्यो । १९६० देखि नै गाउँलाई आफ्नो क्रान्तिकारी आधार बनाउने निर्णय सहित अधिकांश केन्द्रीय सदस्यहरूले आफ्ना गतिविधिहरू गाउँमै स्थानान्तरण गर्न थाले । १९६२ सम्म पुग्दा कम्बोडियाली सरकारका सैनिक अधिकारीहरू अत्यन्त हिंसक ढंगले कम्युनिष्टहरूमाथि जाइलाग्न थाले । यही सिलसिलामा PCK का महासचिव तोउ सामोथलाई अकस्मात बेपत्ता पारियो । पोल पोटका शत्रुहरूले यसमा उनकै हात रहेको र आफ्ना महासचिवलाई उनले नै मारेको आरोप लगाए ।

आफ्ना सबैभन्दा मिल्ने साथीलाई

"म शुरूमा जातिवादी थिएँ, त्यसपछि देशभक्त बनें, त्यसपछि मात्रै प्रगतिशील किताबहरूको अध्ययन थालेको थिएँ ।"

पोलपोट

म कसरी मार्न सक्छु र ? भन्दै तोई सामोथको हत्याको बारेमा प्रकाश पार्दै पोल पोटले भनेका थिए- 'तोई सामोथलाई केही मानिसहरूले धोखा दिएका थिए । त्यसैले न्होम पेन्हस्थित आफ्नो सुरक्षित घरमा लुकिरहेका तोई सामोथलाई आफ्नी विरामी छोरीलाई औषधि किनेर फर्कंदै गर्दा गिरफ्तार गरिएको थियो । त्यसपछि उनलाई सैनिक कमाण्डर लोन नोलको घरमा लगियो, जहाँ हप्तादिनसम्म सोधपुछ गरियो, यातना दिइयो । त्यसबेला म उनको सहायक थिएँ, सामोथले पोलेको भए म पनि गिरफ्तारीमा पर्थें । उनलाई स्टुङ मिन चेय पेगोडामा लगेर मारियो । हामी दुवै एक अर्कालाई निकै माया गर्थ्यौं ।'

पोलपोटले भनेका थिए- 'सामोथको हत्यापछि पार्टीको महासचिवको पद खाली नै रहयो, कसैले पनि उक्त पद सम्हाल्ने आँट गरेन । मैले त्यो पद सम्हालें । म संयोगवश महासचिव भएको हुँ ।'

संयोगवश महासचिव बनेका पोल पोटको अगाडि एकातिर सरकारी दमन थियो भने अर्कोतिर पार्टीको जिम्मेवारी ! १९६३ तिर सरकारी दमनले निर्मम रूप लिएपछि पोल पोट आफ्ना साथी इयाङ सारीका साथ जंगलतिर पसे ।

१९५३ देखि १९७५ सम्मको भूमिगत संघर्षको कालमा पोल पोटले के कस्ता कामहरू गरे भन्ने कुराको सम्बन्धमा कुनै विश्वसनीय आधार भेट्टिएको छैन । खमेर रूजका अनुसार, त्यसबेला खमेर रूज आन्दोलन र त्यसका नेता पोल पोटबीच कुनै फासला थिएन, दुवै एकाकार भएर अगाडि बढेको थियो । खमेर रूज आन्दोलनका उतार चढाव नै पोल पोटको उतार चढाव थियो ।


खमेर रूज नेता पोलपोटको आफ्नो परिवारसंगको सम्बन्ध त्यति खुलस्त र सफा थिएन । उनले आफ्ना सम्पूर्ण राजनीतिक क्रियाकलाप र विचारहरू परिवारबाट टाढै र पृथक रूपमा राखेका थिए । आफ्ना दाजु-भाइ, दिदी-बहिनीहरूलाई आफूले के गरिरहेको, कस्तो पद सम्हालिरहेको, कस्तो संघर्ष संचालन गरिरहेको भन्ने कुरा उनले गोप्य नै राखेका थिए । उनले भनेका थिए- "म उहाँहरूलाई आदर गर्छु, मेरा नातेदारहरूलाई माया गर्छु । तर मैले उहाँहरूलाई मेरो राजनीतिक विचारको बारेमा एक शब्द पनि व्यक्त गरिनँ ।'

आफ्ना परिवार र नातेदारहरूलाई खमेर रूज आन्दोलनमा समाहित गर्नका लागि जानाजान नै कुनै प्रयत्न नगरेका पोल पोटले १९६० देखि मृत्यु पर्यन्तसम्म एक पटक पनि घर गएको तथ्य प्रकाशमा आएको छैन । आफ्ना पिताको मृत्युमा १९६९ मा एक पटक मात्रै उनी घर गएका थिए ।

तर, यसबीच माओको नेतृत्वमा चीनमा सांस्कृतिक क्रान्ति चलिरहेको बेला मात्र १९७० मा उनी चीन भ्रमणमा गए । र, चीनको भित्री सहयोगमा अपदस्थ राजा नरोदम सिंहानुकसंग संयुक्त मोर्चाबन्दी गरी अमेरिकी साम्राज्यवाद र त्यसका मतियार लोन नोलको सरकारलाई ढाल्ने योजना बनाए । यही मोर्चाबन्दीले कम्बोडियामा साम्राज्यवादविरोधी सशस्त्र प्रतिरोधलाई थप ऊर्जा र थप उभार



*सोन सेनको लाशको फोटो प्रदर्शन गर्दै सरकारी सैनिक अधिकारी । दायाँ: सोन सेन*



**पोल पोटको पछिल्लो अतिवादी महाभूल सोन सेनको हत्या हो । यसले पोल पोटलाई आफ्नै सहकर्मीहरुबाट समेत नराम्ररी अलग्यायो ।**

दिएपछि कम्बोडियाबाट अमेरिका र लोन नोल सुइँकुच्चा ठोकेका थिए । र, १९७५, अप्रिल १७ मा त्यहाँ 'शानदार ढंग'ले जनवादी क्रान्ति सम्पन्न भएको थियो ।

'जनवादी कम्पुचिया' का प्रधानमन्त्री बनेका पोल पोटले कत्तिको क्रान्तिकारी काम गरे, कति अक्रान्तिकारी र नरसंहारकारी काम गरे भन्ने सवाल अहिलें चारैतिर उठिरहेको छ । यस सवालमा आधिकारिक तथ्य तथ्यांक र विवरणको अभावमा अहिले नै केही विश्लेषण गर्न सकिने हालत छैन ।

भियतनामी सरकारले १९७९ मा कम्बोडियामाथि सैनिक हस्तक्षेप गरेपछि पोल पोट फेरि एक पटक लामो समयका लागि जंगल पसे । गाउँ-गाउँबाट भियतनामी सैनिकहरू र हेङ सामरिन सरकारका सैनिकहरू विरूद्ध उनले खमेर रूजहरूको सशस्त्र संघर्षको नेतृत्व गरे । पछि २२ जून, १९८२ देखि राजा सिंहानुक र खमेर सेराइ (फ्री कम्बोडियन) संग पनि मोर्चाबन्दी गरेर खमेर रूजका नेता पोल पोटले भियतनामको विस्तारवादी हस्तक्षेपविरोधी सशस्त्र प्रतिरोधलाई वर्षौं वर्षसम्म अगाडि बढाइराखे । १९८१ देखि क्षयरोगबाट पीडित भएका पोल पोटले १९८५ देखि पार्टीका सबै पदबाट मुक्त भएको समाचार प्रकाशमा आएको थियो । तर गत वर्ष मात्रै उनका सहकर्मी ता मोक, खिऊ साम्फान र नोउन चियाले उनलाई अपदस्थ गरेको समाचारले अघिल्लो समाचारलाई खण्डन गरेको देखिन्छ । १९७९ देखि पूर्णतः भूमिगत भएका पोल पोटले त्यतिखेर पनि पार्टी राजनीतिबाट अलग्ग हुने र सबैको आँखाबाट ओझेल हुने घोषणा गरेको समाचार बाहिर आएको थियो । तापनि उनले खमेर रूज आन्दोलनको वैचारिक, राजनैतिक र सैनिक नेतृत्व सम्हाल्दै आइरहेको तथ्य गत वर्ष स्पष्ट रूपमा खुलेको थियो ।

खमेर रूज नेता पोल पोटले जब आफ्ना पुराना साथी, सहकर्मी तथा नेता सोन सेन र उनकी पत्नीलाई २०५४ को जेठ ३२ गते आफूविरूद्ध षड्यन्त्र गरेको आरोपमा निमर्मतापूर्वक मार्न लगाए, तब पोल पोटका विरूद्ध अन्य खमेर रूज नेताहरू र कार्यकर्ताहरूले विद्रोह गरे । दुई वर्ष अगाडि खमेर रूजबाट विद्रोह गरी ३-४ हजार छापामारहरूसहित सत्तारूढ हुनसेन सरकारसंग मिल्न जाने खमेर रूजका वरिष्ठ नेता इयाङ सारीले जस्तै सोन सेनले पनि पोल पोटसित आफ्नो फरक मत राखेपछि उनलाई मार्ने आदेश दिइएको थियो । उनीसंग उनका नाती-नातिनीहरूसहित १४ जनालाई गोली हानी हत्या गरिएको थियो ।

जब सोन सेन र उनको सम्पूर्ण शाखा-सन्तानलाई समेत मारियो, तब त्यही प्रकरणमा मुछिएका ता मोक, खिउ साम्फान र नोउन चियाले तुरून्तै विद्रोह संगठित गरे । असार ५ गते नै उनीहरू आफूहरूलाई पनि मृत्युदण्डको सजायँ दिन खोज्ने पोल पोटलाई गिरफ्तार गर्न सफल भए । पाँच हप्तापछि विद्रोही खमेर रूजहरूको मृत्यु अखडा आन्लोङ भेङमा विदेशी पत्रकारहरूका सामु भएको 'जन अदालत' ले पोल पोटलाई सोन सेनको हत्या गरेको आरोपमा आजीवन कारावासको सजायँ दियो ।

हुन सेनको सरकारसंग सोन सेनका नातेदारहरू काम गरिरहेकोमा पोल पोटले शंका गरेर आफ्ना सहकर्मी सोन सेनको हत्या गर्न आदेश दिएको तथ्य स्वीकार्दै भनेका थिएँ- 'सोन सेनका बच्चाहरू र युवाहरू समेत मार्नका लागि मैले आदेश दिएको होइन । हो, सौनसेन र उनको परिवारलाई चाहिं पक्कै हो । यसको लागि म क्षमा चाहन्छु । हाम्रो योजना लागू गर्दा हुन गएको गल्ती हो त्यो । म यसमा साँच्चै नै माफी माग्न चाहन्छु ।"

आफ्ना सहकर्मीहरूलाई समेत निर्ममतापूर्वक मार्न लगाउन सक्ने पोल पोटले आफ्नो शासन कालमा मत भिन्नताको कारणले, शंकास्पद गतिविधि गरेको कारण देखाई, भियतनामसंग मित्रताको हात बढाउनु पर्छ भन्ने विचार राखेको कारणले कति मानिसहरू, आफ्नै पार्टीका नेता- कार्यकर्ताहरूलाई मृत्युको घाटमा पठाए होलान् ? अनुत्तरित नै छ । तर त्यसबेला आफ्ना राजनीतिक शत्रुहरूले भियतनामको समर्थन गर्दै खमेर रूजको शासनको विरोध गरेपछि उनीहरूलाई 'क्रान्तिकारी हिंसा' को शिकार बनाइने गरेको स्वीकारेर उनले त्यसबेलादेखि लाग्दै आएको रहस्यको पर्दा अलिकति खोलेका थिए । भोर्न भेट, हु निम, हु युओन जस्ता PCK का स्थायी कमिटीका सदस्यहरू समेत खमेर रूजहरूको हिंसाका शिकार भएका थिए । पोल पोटले उनीहरूका सम्बन्धमा नाते थायरलाई भनेका थिए- 'तिनीहरू जनवादी कम्पुचियाका केन्द्रीय नेतृत्वमा रहेका मानिसहरू त थिए, तर तिनीहरू जनवादी कम्पुचियाका मानिसहरू थिएनन् । तिनीहरूको समूहले १९७६ मा सैनिक विद्रोहको लागि समिति नै बनायो, विशेषतः मेरो विरूद्ध । त्यस समितिमा भियतनामी एजेन्टहरूको बाहुल्यता थियो । जस्तो 'कमरेड या' अर्थात् मेन सान, उत्तरी पूर्वी क्षेत्र कम्बोडियाका

**आफ्ना पुराना साथी, सहकर्मी तथा नेता सोन् सेन र उनकी पत्नीलाई निमर्मतापूर्वक मार्न लगाएपछि पोल पोटका विरुद्ध अन्य खमेर रुज नेताहरु र कार्यकर्ताहरुले विद्रोह गरे ।**

# 'पोल पोटले मानवताकै विरूद्ध अपराध गरेका छन् भन्ने कुरा स्पष्ट भइसकेको छ.. पोल पोटका हातहरू रक्ताम्य छन् ।'

कमाण्डर र प्रमुख षड्यन्त्रकारी थिए ।"

सैनिक विद्रोह संगठित गरेको आरोपमा मारिएका तिनीहरू बाहेक कति अरू छापामारहरू मारिए त ?- यसको कुनै हिसाब-किताब नै छैन । फार इस्टर्न इकोनोमिक रिभ्यूमा नाते थायरले त्यसरी मारिनेहरूको संख्या २ लाख भएको अनुमान गरेका छन्, जसमध्ये खमेर रूज भित्रकै नेता-कार्यकर्ताहरूको संख्या नै बेसी थियो ।

जम्माजम्मीमा, १० देखि २० लाख मानिसहरू मारिएको धूँवाधांर प्रचारका सम्बन्धमा पोल पोटले 'लाखौं मान्छे मारे भनेर भन्नु चाहिं अति नै हो' भनेका थिए । उनले लाखौंको मृत्युका बारेमा म आफ्नो भागमा परेको जिम्मेवारी लिन्नँ भन्दिनँ- हाम्रो आन्दोलनले गल्तीहरू गरेको थियो, विश्वका सबै आन्दोलनहरूले जस्तै । तर हामीले आन्दोलन नगरेको भए १९७५ मै कम्बोडिया पनि अर्को कम्पुचिया क्रोम हुने थियो ।"

स्मरणीय छ, मेकङ नदी किनार रहेको कम्पुचिया क्रोमलाई भियतनामले निलेको थियो । 'भियतनामको आक्रमणबाट बच्न र कम्बोडियाको क्रान्तिलाई निरन्तरता दिन जस्तोसुकै उपाय पनि अपनाउन सकिन्छ' भन्ने अवधारणा भएका पोल पोटले आफ्ना सबै गल्तीहरूलाई देशको भविष्यसंग, जनताको हितसंग जोड्न खोजेका तथ्य स्पष्ट रूपमा देखिन्छ ।

राम्रो आदर्श लिंदैमा जस्तोसुकै बाटाहरू पनि अप्नाउन पनि सकिन्छ र ? भन्ने सवालमा पोल पोटदेखि ता मोकसम्म सबैको एउटै धारणा रहेको देखिन्छ । ता मोक पनि देश बचाउन जे पनि गर्नुपर्छ भन्ने मान्यता राख्छन् । पोट पोटले जस्तै आफूसंग असहमत मानिसहरूलाई मार्न अलिकति पनि नहिच्किचाउने व्यक्तिका रूपमा प्रचारित ता मोकले सोन सेनलाई मार्ने काममा संलग्न पोल पोट समर्थक ३ जना युवा कमाण्डरहरूलाई जन अदालतको फैसला अनुसार मार्न लगाएका छन् ।

'म संघर्ष जारी राख्न आएँ, मान्छे मार्न होइन ।... अहिले नै हेर्नुस न, के म क्रूर व्यक्ति जस्तो देखिन्छु र ? मेरो आस्था स्पष्ट छ ।' आफूमाथि 'नरसंहारकारी' आरोप लागेपछि पोल पोटले दिएको जवाफ हो यो ।

तर पोल पोटलाई अपदस्थ गर्ने ता मोक नजरबन्दमा राखिएका पोल पोटबारे भन्छन्- पोल पोटले मानवताकै विरूद्ध अपराध गरेका छन् भन्ने कुरा स्पष्ट भइसकेको छ ... पोल पोटका हातहरू रक्ताम्य छन् । मेरो लागि उनी समाप्त भइसकेका छन्, राजनीतिक रूपमा पनि, अझ मानवका रूपमा पनि !'

पोल पोट र ता मोकका यी भनाइहरू कत्तिको सही छन् ?- त्यो भावी इतिहासले नै बताउने छ । तर तामोकका खमेर रूज नियन्त्रित उत्तरी कम्बोडियाका जंगलमा लेखिएका 'हत्यारा पोल पोट मूर्दाबाद' को नाराले वर्तमानलाई दिशा निर्देश गरिरहेको देखिन्छ । हुन सेनाद्वारा शासित शहरहरूमा पैदल हिंड्ने सामान्य मानिसहरूले पनि पोल पोटको नाममा दिन थालेको गालीले पोल पोटलाई र सिंगै खमेर रूज आन्दोलनलाई इतिहासको कठ्घरामा उभ्याइदिएको छ ।



राजनीतिक विश्लेषकहरूले पोटपोटको शारीरिक मृत्युपछि पोटपोटसंग उनको राजनीतिक जीवनको मृत्यु भएको व्याख्या गरिरहेका छन् । सोन सेनलाई मार्न लगाउने र ता मोकको अगाडि आफ्नो जीवनको भीख माग्ने पोल पोटको जीवनका उकालीओराली हेर्दा सवाल उठ्छ- के पोल पोटका स्वाभाविक र प्रकृतिक रूपले मृत्यु भएको हो ? कि उनको हत्या गरिएको हो ? कि उनले आत्महत्या गरेका हुन् ? आफ्नै सहकर्मी सोन सेनलाई मार्न लगाएर राजनीतिक रूपमा यदुवंशी शैलीको आत्महत्याको बाटो रोजेका पोल पोटको जीवन जति रहस्यमय थियो, त्यति नै रहस्यमय छ, उनको मृत्यु, उनको शारीरिक र राजनैतिक मृत्यु !

जहाँसम्म अमेरिका र पश्चिमा पूँजीवादी मुलुकहरूले पोल पोटलाई २० लाखको हत्यारा र कुख्यात तानाशाह भनेर प्रचार गर्ने गरेका छन्, त्यसको हिसाब किताब गर्ने हो भने- विश्वको सबभन्दा ठूलो हत्यारा र तानाशाह त अमेरिकी शासक नै देखिन्छ । उसले इण्डोनेशियामा मारेका दशौं लाख निर्दोष कम्युनिष्टहरू, फिलिपाइन्समा मारेका लाखौं कम्युनिष्टहरू, लाओस्, कम्बोडियो र भियतनामको युद्धमा मारेका लाखौं जनताहरूको हिसाब किताब गर्ने हो भने, अमेरिकी शासकहरूभन्दा ठूलो जन-हत्यारा विश्वमा कोही पनि पाइन्न । त्यसमाथि विश्वमा महाशक्ति भएर निक्लिनका लागि अनावश्यक रूपमा हिरोशीमा र नागाशाकीमा एटम बमको विस्फोटबाट उसले अनाहकमा गरेको लाखौं मानिसको जनहत्यालाई के भन्ने ?

त्यसैले, अमेरिकी शासकहरूले पोल पोटलाई हत्यारा र तानाशाह भनेर आरोप लगाउनुमा कुनै तूक छैन । अमेरिकालाई पोल पोटलाई हत्यारा भनेर आरोप लगाउने कुनै नैतिक हक नै छैन ।

क्रान्तिका दौरानमा नेताका रूपमा पोल पोटबाट अतिवादी गल्तीहरू भएका देखिन्छन् प्रशस्तै । उनमा जड्सूत्रवादी र उग्रवामपन्थी चिन्तन काफी हावी देखिन्छ । यही चिन्तनका कारणले सत्तामा आएको चारै वर्षमा उनको पार्टी जन समुदायबाट काफी अलगियो र उनको सत्तालाई भियतनामी आक्रमणद्वारा धराशायी पार्न संभव भयो । जडसूत्रवादी अतिवादी चिन्तनकै कारणले थुप्रै जबर्जस्ती निर्णय लाद्ने कार्यहरू भए उनको शासनकालमा । यसबाट अनावश्यक मृत्युहरू पनि भए होलान् प्रशस्तै । उनको पछिल्लो अतिवादी महाभूल सोन सेनको हत्या हो । यसले पोल पोटलाई आफ्नै सहकर्मीहरूबाट समेत नराम्ररी अलग्यायो । मृत्युको समयमा साम्राज्यवादीहरूले चाहे जस्तो उनको एक्लोपन त्यसैको परिणाम हो । तर यत्तिकैमा पोल पोटको समग्र मूल्यांकन भयो भन्नु गल्ती हुनेछ । कम्बोडियामा कम्युनिष्ट आन्दोलनको सिर्जना र विकासमा, त्यहाँ जनवादी क्रान्ति सम्पन्न गर्नमा, फ्रेञ्च साम्राज्यवाद र अमेरिकी साम्राज्यवादविरोधी तमाम लडाइँ, कम्बोडियालाई अमेरिकी साम्राज्यवादबाट मुक्त गर्नमा पोल पोट र उनले नेतृत्व गरेको कम्युनिष्ट पार्टीको अद्वितीय योगदालाई कसैले नकार्न मिल्दैन । यही योगदानको कारणले नै त साम्राज्यवादीहरू पोल पोट भनेपछि आगो हुन्छन् र उनको यति सारो खेदो खन्छन् ।

पोल पोटलाई एक्लै र अलग थलग रूपमा हेर्नु पनि न्याय हुँदैन । उनको पछाडि सिंगो पार्टी र त्यसको नेतृत्वदायी कमिटी छ । त्यसले यी गल्तीहरू गर्दा के हेरेर बस्यो र के भूमिका खेल्यो ? गल्तीहरूमध्ये नेताको हैसियतमा बेसी जिम्मेवारी पोल पोटको भागमा पर्ला, तर गल्ती उनको मात्रै देखिन्न ।

सत्ता हातमा आइसकेपछि पनि नेतृत्वले जनतासित र आफ्नै पार्टी पंक्तिसित एक ढिका भएर क्रान्तिलाई र संघर्षलाई अगाडि बढाउने बाटो अपनाइएन भने के दुर्दशा हुन्छ- त्यसको ज्वलन्त उदाहरण पोल पोट हुन् । अतिवादी चिन्तन र जडसूत्रवादी चिन्तनले के कस्तो नोक्सानी ल्याउँछ क्रान्तिमा- त्यसको लागि पोल पोटको जीवनी एउटा ऐतिहासिक पाठ हो । ◆



*मुख्य मुख्य सन्दर्भ सामग्रीहरू*

❑ दि वाल स्ट्रीट जर्नल ❑ वेस्टर्न प्रेस रिभ्यू ( इन्टरनेशनशल हेराल्ड ट्रिब्यून ❑ टाइम्स अफ लण्डन ❑ न्यूयोर्क टाइम्स ❑ थर्ड वर्ल्ड रिभ्यू ❑ क्रिश्चियन साइन्स मनिटर ❑ वाशिंगटन पोष्ट ❑ रिभोल्यूशनरी वर्कर ❑ वर्ल्ड सोशलिष्ट वेभसाइट ❑ फार इस्टर्न इकोनोमिक रिभ्यू ❑ टाइम ❑ न्यूजवीक ❑ फ्रन्टलाइन ❑ एशिया वीक ❑ पोल पोटको भाषण र अन्तर्वार्ताहरू ❑ इन्टरनेटबाट प्राप्त सामग्रीहरू ❑ PCK का दस्तावेजहरू

# माओवादीको नेपाल बन्दले देखाएको संकेत



माओवादी समर्थक संयुक्त जनमोर्चा, नेपालको आव्हानमा सम्पन्न चैत्र २४ को नेपाल बन्द कार्यक्रम अभूतपूर्व रूपमा सफल भएको छ । २०४६ सालको ऐतिहासिक जन-आन्दोलनको दौरानमा भएको चैत्र २४ को नेपाल बन्दपछि यति प्रभावकारी रूपमा बन्द सफल भएको यो पहिलो पटक हो । यो बन्द खालि माओवादी-प्रतिको भयले मात्र यति व्यापक र प्रभावकारी भएको होइन, यसमा माओवादीप्रति बढिरहेको जन-समर्थनको पनि काफी ठूलो भूमिका देखिएको छ । देशको संसदीय राजनीतिमा जुन नेतृत्वको शून्यता देखिँदैछ, त्यो शून्यता अहिले माओवादीले भर्न थालेको संकेत यो पटकको बन्दले दिएको छ । माओवादीकै आव्हानमा पोहोर पनि नेपाल बन्द भएको थियो । तर त्यो यस वर्षको जस्तो देशै ठप्प पार्ने खालको हुन सकेको थिएन । बन्दको यसपालिको चरित्र र घटनाले स्पष्टतः देखाएको छ- पोहोरयता माओवादीको शक्ति र समर्थनको क्षेत्रमा काफी बृद्धि भएको छ ।

बन्दको आव्हानका पछाडि संजमोका दश वटा प्रमुख माग थिए । क्रान्तिकारी भूमि सुधार, महाकाली सन्धिको खारेजी र कालापानीबाट (माग पत्रमा टिंकरबाट भनिएको छ, जुन गलत हो !) भारतीय सेनाको वापसी, उत्पीडित जाति जनजातिलाई क्षेत्रीय स्वायत्तता, बेरोजगारहरूलाई रोजगारी वा रोजगारी भत्ता, निःशुल्क उच्च माध्यमिक शिक्षा, महँगीको नियन्त्रण जस्ता मागहरू समेत संजमोको मागपत्रमा राखिएका छन् । थारमारे हत्या काण्डका दोषीहरूलाई कारवाही, माओवादी प्रभावित क्षेत्रहरूमा व्याप्त राज्य आतंकको अन्त र जनयुद्धका राजबन्दीहरूको रिहाइ र झूठा मुद्दाको खारेजीलाई भने मागहरूमध्ये जेठो, माहिलो र साहिँलो मागको रूपमा प्रस्तुत गरिएको छ ।

बन्दको कार्यक्रमले के पनि संकेत दिएको छ भने, पोहोरको फागुन एक गते यता माओवादीको संघर्षको रूझानमा केही महत्वपूर्ण परिवर्तन आएको छ; माओवादीले अब ग्रामीण छापामार संघर्षसित शहरीया जन-संघर्ष जोड्नु जरूरी ठान्न थालेको छ । स्मरणीय छ, ग्रामीण छापामार संघर्षसित जन-आन्दोलनलाई जोडिनु पर्छ भन्ने आवाज अरू मित्रशक्तिहरूले लगातार उठाउँदै आएका थिए । यसमाथि माओवादीहरूको ध्यान जानु सकारात्मक प्रगतिको संकेत हो ।



फोटो साभार: 'ज्वाला साप्ताहिक'

बन्दको दिन अन्धाधुन्ध धरपकडका निम्ति काठमाडौंमा खटिएका प्रहरीहरु

बन्दको तयारी र बन्दको असरको हिसाबले हेर्दा एउटा नौलो परिघटना पनि यो दौरानमा देखिएको छ : माओवादीहरूको प्रभाव पश्चिम नेपालबाट मध्य र पूर्वी नेपालतिर फैलिन खोज्दैछ ।

संघर्षको प्रहार लक्ष्यको हिसाबले पनि माओवादीहरूले आफ्नो रवैयामा केही सकारात्मक हेरफेर गरेको देखिएको छ । उनीहरू अब जनताको अत्यधिक घृणा भएका, जनतालाई निकै दुःख-सास्ती दिइरहेका- संस्थामा थोरै भए पनि ध्यान दिन थालेका छन् । काठमाडौंका मालपोतका हाकिमलाई कालो मोसो दलिएको घटना त्यस्तै एउटा उदाहरण हो ।

यी परिवर्तनहरूका बावजूद केही आलोच्य प्रवृत्तिहरू पनि माओवादीले यो संघर्षको दौरानमा देखाएको छ ।

पहिलो कुरो हो : अनावश्यक ठाउँमा पनि ज्यानै जाने हदको हिंसात्मक आक्रमणको प्रयोग । नेपाल बन्दको दिन जबर्दस्ती गाडी चलाउन खोज्नेहरूलाई दुरूत्साहित गर्नु खोज्नु स्वाभाविक कुरा हो । तर त्यस्तो दुरूत्साहनको लागि हुने आक्रमण होशपूर्ण हुनु पनि उत्तिकै जरूरी हुन्छ । किनकि, त्यसबाट जनताको पंक्तिमा पर्ने मानिसहरूको ज्यान गयो भने वा ठूलो चोटपटक लाग्यो भने त्यो दुःखपूर्ण हुन्छ र वर्ग दुश्मनको लागि त्यो जनता भड्काउने प्रचार-प्रसारको मसला बन्न जान्छ । यसपालिको बन्दमा माओवादीहरूले त्यो होशियारी राखेको पाइएन । बन्दको दिन काठमाडौं चावहिलनेर बिहान सबेरै एउटा नाइट बसमा भएको पेट्रोल बम प्रहारका कारण हालै अस्पतालमा एकजना निर्दोष व्यक्तिको मृत्यु भएको घटना यसको एक उदाहरण हो ।

अर्को, आलोच्य पक्ष हो- संघर्षलाई उठाइसकेपछि त्यसलाई एउटा टुंगोसम्म पुऱ्याउने उद्देश्यको गंभीरताको अभाव । हाम्रा संघर्ष कस्ता हुने गरेका छन् भने, नेपाल बन्द पूर्ण रूपमा सफल हुन्छ, तर नेपाल बन्दले राखेका संघर्षका मागहरू पूर्ण रूपमा विफल हुन्छन् । माग पूरा नभएसम्म संघर्षमा क्रमिक निरन्तरता भेटिन्न । संघर्ष 'माग पूरा गराउन कम, आफ्नो शक्ति र अस्तित्वको प्रदर्शन तथा अहंकारको तुष्टि गर्न ज्यादा' गर्ने प्रवृत्तिको अभिव्यक्ति हो यो । यो रोग नेपाली कम्युनिष्ट आन्दोलनमा नै व्याप्त रोग हो । यो प्रवृत्तिले जनतामा 'जति संघर्ष गरे पनि उस्तै त हो नि, माग पूरा हुने होइन' भन्ने निराशाको भाव ल्याउँछ, संघर्षप्रति नै नकारात्मक भाव ल्याउँछ र ल्याइरहन्छ । त्यसैले, यो निकै हानिकोरक प्रवृत्ति हो ।

हो, नेपाल बन्द त निकै सफल भयो । तर त्यसपछि के त ? त्यो 'के त ?' को जवाफ एक महिना भई सक्यो, संजमोले अझै दिन सकेको देखिन्न । त्यो जवाफ दिने प्रयत्न होस्, नेपाली जनताको यही कामना छ । नत्र एक त के, हजार नेपाल बन्द सफल भए पनि जनताको हातमा उपलब्धि के त ? राष्ट्रको करोडौं रूपैयाँको नोक्सानीको शर्तमा पनि नेपाल बन्द गरी राख्नुको औचित्य के त ? त्योभन्दा ठूलो र मूल्यवान उपलब्धिको लागि न त्यो नोक्सानी औचित्यपूर्ण हुने हो ! ❑

**माग पूरा नभएसम्म संघर्षमा क्रमिक निरन्तरता नदिने प्रवृत्तिले जनतामा 'जति संघर्ष गरे पनि उस्तै त हो नि' भन्ने निराशाको भाव ल्याउँछ**



फोटो साभार: 'ज्वाला साप्ताहिक'

बन्दको दिन काठमाडौंमा तोडफोडमा परेको एउटा बस



# यसरी ढल्न लागिरहेछ जापानी अर्थतन्त्र ?

केही वर्षअघिसम्म जापानी अर्थतन्त्र विश्वमै ईर्ष्याको विषय थियो । आफूसित कच्चा पदार्थ भनेको केही पनि नभएको यो सानो टापू-मुलुक विश्वको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र कसरी हुन सक्यो ? यो रहस्य पत्ता लाउन विदेशीहरू जापानमा ओइरिन्थे । बस्तुको गुणस्तर र डिजाइनमा जापानी मोडेल भनेपछि संसारमै नम्बर एक मानिन्थ्यो । जापानी कम्पनीहरू दक्षता, नयाँ नयाँ प्रविधिको विकास र व्यवस्थापनमा कामदारहरूको सहभागिताको सवालमा नमूना मानिन्थे । सारा विश्व यो नमूनाको सिको गर्न तत्पर थियो । जापानी पूँजी र प्रविधि देशमा भित्र्याउन मुलुकहरू लुछाचुँडी गर्थे ।

तर आज परिस्थितिले पल्टा खान थालेको छ । विश्वकै एक नम्बरको ऋणदाता र पूँजी निर्यातकर्ता जापान अहिले २३ वर्षपछि पहिलोचोटि फेरि गम्भीर रूपले मन्दीग्रस्त भएको छ । जापानी अर्थतन्त्र त गर्ल्यामगुर्लुम ढल्न लागिरहेछ नै, कतै यसले विश्वकै अर्थतन्त्रलाई समेत आफूसितै सती लाने त होइन ? यो प्रश्न अहिले यत्रतत्र उठ्न लागिरहेछ । अचेल जापानको विकासको रहस्य थाहा पाउन जाने मान्छे विरलै भेटिन्छन् । बरू रहस्यको विषय चाहिं के भएको छ भने, बेलायत, फ्रान्स, इटाली र क्यानाडा- यति चारवटा विकसित पूंजीवादी मुलुकको अर्थतन्त्र एकै ठाउँमा मिलाउँदा हुन जाने कुल अर्थतन्त्रभन्दा पनि ठूलो अर्थतन्त्र भएको जापान यति छिटै यति व्यापक रूपमा पक्षघात ग्रस्त किन भयो ?

जापानको औद्योगिक उत्पादन गत: एक वर्षमा ३६ प्रतिशतका दरले ओरालो लाग्यो । यसको आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादन बृद्धि दर खुम्चिएर शून्य प्रतिशतभन्दा पनि तल पुग्यो (-०.२ प्रतिशत भयो), जबकि पोहोर यही समयमा जापानको कुल गार्हस्थ्य उत्पादन बृद्धिदर ३.१ प्रतिशत रहेको थियो । यही मार्चको तथ्यांक हो, जापानका डिपार्टमेण्टल स्टोरहरूमा सामानहरूको बिक्री पोहोरको तुलनामा २१ प्रतिशतले घटेको छ । जापान विश्वमै सबैभन्दा ठूलो कार निर्माता देशहरू मध्ये दोस्रो मानिन्छ । तर यही फरवरी महिनासम्मको गणनामा जापानको नयाँ कारको बिक्री गत वर्षभन्दा २२ प्रतिशतले घट्न पुगेको छ । गएको वर्ष मात्रै ऋणमा डुबेर र नाफामा चल्न छाडेर १७,५०० वटा कम्पनीहरू टाट पल्टेको कुरा टोक्योस्थित एउटा अनुसन्धान फर्म-टोक्यो शोकोले बताएको छ ।

> बेलायत, फ्रान्स, इटाली र क्यानाडा- यति चारवटा विकसित पूँजीवादी मुलुकको अर्थतन्त्र एकै ठाउँमा मिलाउँदा हुन जाने कुल अर्थतन्त्रभन्दा पनि ठूलो अर्थतन्त्र भएको जापान यति छिटै यति व्यापक रुपमा पक्षघात ग्रस्त किन भयो ?

टाट पल्टाइले गर्दा, र घाटाका कम्पनीहरू नाफामा जान मजदूरहरूको कटौतीले गर्दा जापानको बेरोजगारी दर अहिले नै ३.६ प्रतिशत पुगेको छ । जापानको विगत इतिहासलाई याद राख्ने हो भने, यो अत्यन्त उच्च बेरोजगारी दर हो । तर यो बेरोजगारी दर एक दुई वर्षभित्रैमा अहिलेभन्दा दोब्बर हुन जाने देखिन्छ ।

सबैभन्दा ज्यादा संकट जापानको वित्तीय क्षेत्रमा उजागर भएको छ । अत्यन्त कम ब्याजदरमा पैसा चाहने जति सबैलाई नाफा र डुबानको ख्यालै नराखीकन जथाभावी ऋण दिनाले जापानका बैंकहरूको र वित्तीय कम्पनीहरूको डुब्ने पक्का भएको ऋणको थैली नै ५८५ अरब अमेरिकी डलरभन्दा ज्यादा पुगेको छ । खराब ऋणको यो थैली जापानको लागि भास जस्तै भएको छ, जहाँ मान्छे आत्तिएर जति चल्मलायो, उत्ति भासमा डुब्दै जान्छ । जापानी बैंकहरूको ऋण लगानी अति ज्यादा छ । अमेरिकी बैंकहरूको ऋण लगानी अमेरिकाको कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतभन्दा पनि कम छ, तर जापानी बैंकहरूको ऋण कुल गार्हस्थ्य उत्पादनको १०० प्रतिशतभन्दा पनि ज्यादा छ ।

अति ज्यादा ऋणको डुबानले गर्दा गएको नोभेम्बरमै जापानको वित्त प्रणाली ढल्न लागेको थियो तर यो बल्ल बल्ल बच्यो, त्यो पनि जापान सरकारले बैंकहरूलाई बचाउन २३१ अरब अमेरिकी डलरको बचाउ थैली ठेल्न सकेकोले गर्दा । वास्तवमा, एशियाली आर्थिक संकटको एउटा मूल कारण दुर्दशाग्रस्त जापानको वित्त प्रणाली हो, जुन अत्यधिक ज्यादा खराब ऋणको समस्याले ग्रस्त छ । जापान भित्रै बैंकहरू खराब ऋणको कारण वित्तीय पूँजीको खडेरीले गर्दा पूर्वी एशियामा गरेको आफ्नो लगानी खिँच्न बाध्य भए । पूर्वी एशियाका बैंकहरूमा र वित्त कम्पनीहरूमा ऋण लगानी भएमध्ये जापान एक्लैको लगानी कुल थैलीको एक तिहाई थियो । त्यही पैसा त्यहाँबाट संकटग्रस्त जापानी बैंकहरूले एक्कासी आफ्नो देशमा खिचिदिनाले पूर्वी एशियामा हाहाकार मच्चिएको थियो । यथार्थमा एशियाली आर्थिक संकटको एउटा मुख्य कारक तत्व जापानको वित्तीय संकट थियो ।

अहिले त संकट गैर-वित्तीय क्षेत्रमा पनि व्याप्त भइसकेको छ । उदाहरणको लागि, जापानको विश्व चर्चित निर्माण उद्योगलाई लिन सकिन्छ । निर्माण उद्योगले जापानको ११ प्रतिशत श्रमशक्तिलाई रोजगारी दिन्छ । तर यो उद्योग अहिले गम्भीर रूपले बिरामी परेको छ ।

सोनी कर्पोरेशनका अध्यक्ष नोरिओ ओह्गाले चेतावनी दिएका छन् कि, जापानको अर्थतन्त्र धराशायी हुनै लागेको छ र यसले १९३० को महामन्दी जस्तै विश्वव्यापी मन्दी ल्याउन संभव छ । अर्थतन्त्रलाई धराशायी हुनुबाट बचाउन प्रधानमन्त्री र्‍युतारो हाशिमोतोले १२३ अरब डलर बराबरको उत्प्रेरक थैलीको घोषणा गरेका छन् । जापानी नयाँ आर्थिक वर्षको शुरूमै, जुन अप्रिल १ मा प्रारम्भ हुन्छ, सरकारले ३० अरब डलर बराबरको भारी कर कटौतीको घोषणा गरेको छ । जनताले यो कर कटौतीबाट आफूसंग भएको बचतको थैली फुकाउलान् र बढी सामान किन्न खर्च गर्लान्, जसबाट बस्तु विक्रीमा बृद्धि होला भनेर सरकारले कर कटौतीको कदम चालेको छ । तर कतिखेर आफू काम गरेको कम्पनी डुब्ला र आफूले रोजगारीबाट हात धुनुपर्ला भनेर आफ्नो भविष्यप्रति भयभीत जापानीहरू आफूसित भएको बचत खर्च गरिरहेका छैनन् । उनीहरू अरू ज्यादा बचत गरिरहेछन् ता कि आपतको बेला त्यही बचतबाट बाँच्न सकियोस् ।

अति ज्यादा बचतले गर्दा जापानका डिपार्टमेण्टल स्टोर, सुपर मार्केट र आम पसलहरूमा बस्तुहरूको किनमेल निकै घटेको छ । गाडी शो रूममा नयाँ गाडी किन्ने ग्राहक कोही आउँदैन । तरकारी पसलहरूमा जापानीहरू सबैभन्दा सस्तो तरकारी-बीच स्प्राउट बेसी किनिरहेछन् । खानामा अति सौखिन जापानीहरू अहिले आएर पहिलेभन्दा थोरै र सस्तो खाना मात्र खान थालिरहेछन् र जापानीहरूको

खर्च गर्नेभन्दा ज्यादा बचत गर्ने प्रवृत्तिबाट आजित भएर अर्थ मन्त्रालयले देशभरिका रेल वे स्टेशन र सब वेहरूमा २२ हजार वटा अनौठा पोष्टरहरू टाँसेको छ। यसमा जनतालाई कर घटेकाले घर बाहिर निक्लन, निष्फीकी खर्च गर्न र आनन्द मनाउन अपील गरिएको छ।

जापान किन र कसरी यति गम्भीर रूपले मन्दीको भुमरीमा फँस्यो ? १९६० को दशकको शुरूआतदेखि लगातार ३० वर्षसम्म वार्षिक सरदर ६.५ प्रतिशतका दरले फष्टाइरहेको जापानको 'छक्कलाग्दो अर्थतन्त्र' कसरी यसरी शून्यदरभन्दा पनि मुनि ओरालो लाग्न पुग्यो ? अहिले विश्वभरि नै यसबारे चर्चा-बहस भइरहेको छ।

जापानको एउटा प्रमुख समस्या अति ज्यादा आपूर्ति हो- तयारी सामानको पनि, र वित्तीय पूँजीको पनि।

अति ज्यादा उत्पादन क्षमताको विस्तारले गर्दा बजारले खपत गर्न सक्नेभन्दा निकै बढी मात्रामा तयारी बस्तुहरूको आपूर्ति भइरहेछ। त्यसले गर्दा ती बस्तुहरूको बिक्री र बजार भाउ पनि अचाक्ली घटिरहेछ, साथसाथै नाफा पनि।

जापानको सुनको फुल पार्ने कुखुरी- यसको कार उद्योग हो। तर जापानी कार उद्योगको यति ज्यादा उत्पादन क्षमताको विस्तार भयो कि, बजारमा उत्पादित कारहरूको खपतै हुन सकेन। अहिले जापान आफ्नो उत्पादन क्षमता भन्दा ५० प्रतिशत कम गाडीहरू मात्र बजारमा आपूर्ति गरिरहेछ, तर त्यो पनि राम्रोसित बिकिरहेको छैन। जापानको कार निर्यात १९८६ मा ४६ लाख वटा थियो। तर १९९५ मा त्यो घटेर २९ लाख वटा मात्र हुन पुग्यो। अहिले जापानका कार उद्योगहरूमध्ये टोयोटा र होण्डा मात्र नाफामा छन्, मित्सुविसी, निस्सान, माज्दा जस्ता कम्पनीहरू सबै घाटामा गइरहेछन् र घुँडा टेक्न लागिरहेछन्। उनीहरूमाथि निकै ठूलो ऋणको भार परिरहेको छ।

जापानले अत्यन्त ज्यादा पैसा कमाएको इलेक्ट्रोनिक सामानहरू, कम्प्युटर र कम्प्युटर मेमोरी चिप्सको अन्तर्राष्ट्रिय व्यापारबाट पनि हो। तर अहिले जापानी बजारमा नै ती बस्तुहरूको बिक्री भसक्कै घटेको छ। विश्व बजारमा जापानी DRAM मेमोरी चिप्सको भाउमा ठूलो ह्रास आएको छ। यसले गर्दा ती बस्तुहरू उत्पादन गर्ने इलेक्ट्रोनिक उद्योगहरू घाटामा गएका छन्। हिटाची, टोशिबा र मित्सुविशी जस्ता विश्वविख्यात कम्पनीहरू भयंकर घाटाले गर्दा थचक्कै भएका छन्। मित्सुविशीले गत वर्ष मात्रै ५७ करोड डलरको नोक्सानी ब्यहोर्‍यो। खालि सोनी कर्पोरेशन एउटा मात्र थिलथिलो हुनबाट बचेको छ, त्यो पनि बस्तु उत्पादनको किसिममै फरक ल्याएर।

जापानको विश्व-विख्यात स्टील उद्योग पनि घाटामा गएको छ। निप्पोन स्टील बाहेक अरू सबै स्टील उद्योगहरूले बजारमा निकै भयंकर ब्रजलात खानु परेको छ। किनभने, खास गरी कार उद्योग र इलेक्ट्रोनिक उद्योगहरूले खपत गर्ने उच्च गुणस्तरको स्टीलको माग बजारमा निकै घटेको छ। यसकारण कि, ती उद्योगहरू आफै अति क्षमता- कम खपतले गर्दा क्षयग्रस्त भएका छन्।

यही हालत जापानको तेल उद्योगको पनि भएको छ।

जापानी कम्पनीहरूको नाफाशीलता अहिले भयंकर कम भएको छ। गैर-वित्तीय कम्पनीहरूको शेयरबाट फिर्ता हुने लाभ अहिले ४.४ प्रतिशत मात्र भएको छ। यो लाभको दर विश्वको स्टैण्डर्डमा भयावह मानिन्छ।

तीन दशकसम्मको फष्टाउँदो विश्व व्यापारबाट जापानसित उसका बैंकहरूमा यति ज्यादा वित्तीय पूँजी जम्मा भयो कि, त्यो लगानी गर्ने उपयुक्त ठाउँ नै भएन। विश्व सिंगैको कुल बचतको ५० प्रतिशत एक्लो जापानमा थुप्रिन पुग्यो। बैंकहरूमा अति ज्यादा वित्तीय पूँजीको केन्द्रीकरणले गर्दा बैंकहरूले १९८० को दशकको उत्तरार्द्धमा नयाँ कार्खानाहरूमा, रियल स्टेटमा, उद्योगहरूका शेयरहरूमा अन्धाधुन्ध लगानी गरे- जापानभित्र पनि र विदेशमा पनि। सन् १९८८ देखि १९९१ सम्म जापानी अर्थतन्त्र यो लगानीबाट पानीको फोका जस्तै फुलेर विशाल भयो। "फोका अर्थतन्त्र (bubble economy)" का नाममा विश्व चर्चित भयो यो अर्थतन्त्र।

तर फोका अर्थतन्त्र जब फुट्यो, यो निकै घातक निक्लियो। १९९० को दशकको प्रारम्भमा जापानमा जग्गाको भाउ ५० प्रतिशतले घट्यो, लगानी भएका रियल स्टेट कम्पनीहरू डुबे, र बैंकहरूको चुक्ता हुन नसक्ने खराब ऋण १० खरब डलर पुग्यो। १९९२ देखि १९९५ सम्ममा जापानको कुल गार्हस्थ उत्पादन बृद्धि दर भसक्कै घटेर ०.६ प्रतिशतका दरले मात्र बढ्न थाल्यो, जुन १९८० को दशकमा ३.९ प्रतिशतका दरले बढिरहेको थियो। यहींबाट शुरू गर्‍यो जापानी अर्थतन्त्र ओरालो लाग्न।

> **जापानमा टाट पल्टने कम्पनीहरू अरू धेरै बढ्ने निश्चित छ। त्यसबाट बेरोजगारी सन् १९९९ सम्ममा ७ प्रतिशत पुग्न जाने अनुमान छ। यो दोस्रो विश्वयुद्ध पछाडिको सबैभन्दा उच्च बेरोजगारी दर हुनेछ। यसबाट जापानी जनताको गरिबी निकै ज्यादा चुलिन संभव छ।**

१९८० को दशकमा जापानी कम्पनीहरूले वालछ्याल पैसा भएका बैंकहरूबाट शेयरमा आधारित ऋण बेस्सरी प्राप्त गरे। यो पैसाबाट देश र विदेश दुवै ठाउँमा कार्खानाहरू र पसलहरू थुप्रै खुले। तर १९९० को दशकमा अर्थतन्त्र त्यसरी फष्टाएन, जसरी आशा राखिएको थियो तथापि उद्योगहरूले आफ्नो उत्पादन क्षमता घटाएनन्, बरू बैंक व्याजदर लगभग शून्य प्रतिशत भएबाट हौसिएर उनीहरूले बैंकहरूबाट अरू ज्यादा ऋण लिएर आफ्नो उत्पादन क्षमता अरू ज्यादा बढाए। नतिजा भयो- अहिलेको दुर्घटना।

यसैबीच, अति आपूर्तिले गर्दा एशियामा पनि जापानी बस्तुको खपत घट्यो, जहाँ जापानको कुल ४० प्रतिशत निर्यात हुन्छ। पूर्वी एशियामा यही समयमा भयावह आर्थिक संकट सिर्जना भयो। यी सब कारणले सन् १९९८ को प्रारम्भमा एशियामा गत वर्षको तुलनामा जापानको निर्यात ११.५ प्रतिशतले घट्यो।

अति ज्यादा तयारी बस्तुको आपूर्ति, अन्धाधुन्ध अति धेरै वित्तीय पूँजीको प्रवाह- यी दुवै अतिको फलस्वरूप जापानी कम्पनीहरू अहिले ऋणले लखतरान भएका छन्। १९८० यता जापानको वस्तुको व्यापार दोब्बर बढेको छ, तर जापानी कम्पनीहरूको ऋण भने तेब्बर बढेको छ, जापानका निर्माण र प्रोपर्टी कम्पनीहरू अहिले ऋणमा घाँटी घाँटीसम्म डुबेका छन्।

यतिन्जेलसम्म जापानी कम्पनीहरू यो ऋणको व्याज तिर्न समर्थ भइरहेका थिए, किनकि, बैंक अफ जापानले गत अढाई वर्षमा छोटो अवधिको ऋणको व्याज सारै थोरै पारिरहेको थियो। तर अब सस्तो व्याजदर हिजोको कुरा भइसकेको छ। बैंकहरू अब आफ्नो पटुका बेस्सरी कस्न थालेका छन्। अहिलेसम्म ठूला कम्पनीहरू के सोचिरहेका थिए भने, जापान सरकारले ठूला कम्पनीहरूलाई टाट पल्टन दिने छैन। त्यसैले, उनीहरू जथाभावी ऋण लिइरहेका थिए। तर जब गएको नोभेम्बरमा जापानको शय वर्ष पुरानो सेक्युरिटी कम्पनी योमाइची सेक्युरिटी र एउटा व्यापारिक बैंक- होक्काइडो टाकुशोकु टाट पल्टियो, केन्द्रीय बैंक- बैंक अफ जापानले त्यसलाई बचाएन। दुई दशकसम्मको जथाभावी लगानीले गर्दा अहिले जापानी कम्पनीहरू ऋणले लोत छन्। जापानी कम्पनीहरूको चुक्ता हुन नसक्ने खराब ऋण झण्डै झण्डै ६०० अरब डलर पुगेको छ । अहिलेको मन्दीको एउटा तात्कालीक कारण यही खराब ऋण भएको छ।

त्यसैले, पैसा वालछ्याल ओइरिएपछि र ऋण लगानी ज्यादा भए पनि देशको विकास स्वतः हुन्छ भन्ने धारणा पाल्नेहरूको लागि मन्दीग्रस्त जापान एउटा ज्वलन्त नकारात्मक उदाहरण बनेको छ। जापानसित अहिले पनि वालछ्याल पैसा छ। यसका साना बैंक र हुलाक बचत प्रणालीमा अहिले पनि ९२ खरब अमेरिकी डलर बराबरको पैसा उत्तिकै थन्केर बसेको छ। तर त्यो लगानी गर्ने ठाउँ छैन। पैसा नभएर जापान मन्दीग्रस्त भएको होइन, पैसा जथाभावी ढंगले जथाभावी ठाउँमा वालछ्याल ओइरिएर जापान मन्दीको भासमा डुबिरहेको छ।

अति ज्यादा क्षमता, अति ज्यादा ऋण, बढ्दो व्याजदर, घट्दो माग, घट्दो नाफा : साम्राज्यवादी जापानको मन्दीको मुहान यिनै समस्याहरू हुन्। यी समस्याहरू कुनै पनि पूँजीवादी साम्राज्यवादी अर्थतन्त्रका अवश्यंभावी उपज हुन्। यी समस्याको फलस्वरूप, जापानमा टाट पल्टने कम्पनीहरू अरू धेरै बढ्ने निश्चित छ। त्यसबाट बेरोजगारी सन् १९९९ सम्ममा ७ प्रतिशत पुग्न जाने अनुमान छ। यो दोस्रो विश्वयुद्ध पछाडिको सबैभन्दा उच्च बेरोजगारी दर हुनेछ। यसबाट जापानी जनताको गरिबी निकै ज्यादा चुलिन संभव छ। जापानी मजदुरहरूको सुविधामा व्यापक कटौती भइनै सकेको छ। यो अरू ज्यादा हुन सक्छ।

जापानको मन्दीले अमेरिका र यूरोप लगायत सिंगै विश्वलाई मन्दीको चपेटामा लान सक्छ। किनभने, जापान विश्वको सबैभन्दा ठूलो पूँजी निर्यातक मुलुक हो। संसारभरिनै यसको पूँजी लगानी छ। चीन र हंगकंगमा त यसले तुरून्तै नकारात्मक असर पुर्‍याउन सक्छ। अमेरिकामा यो कारणले शेयरको मूल्यमा ठूलो गिरावट आउन सक्छ। अमेरिकाको व्यापार घाटा अरू ज्यादा बढ्न सक्छ। नेपालमा जापानी विदेशी सहायता भसक्कै घट्न सक्छ। नेपालमा विदेशी सहायता दातामध्ये जापान तेस्रो ठूलो स्रोत हो।

पूँजीवाद सर्वश्रेष्ठ व्यवस्था हो भन्नेहरूका लागि वर्तमान मन्दीग्रस्त जापान- एउटा ज्वलन्त नकारात्मक विश्व उदाहरण हो।

◆ **दीपक वैद्य**




# यसरी रोप-वेले नेपालमा कायापलट ल्याउन सक्छ !

◆ मधुकर उपाध्याय

नेपालको ८० प्रतिशतभन्दा बेसी भाग पहाडै पहाडले ढाकिएको छ। यस देशमा करिब दुई करोड मानिसहरूको बसोबास छ। ती मानिसहरूमध्ये एक करोड मानिसहरू पहाडमा बस्छन्। अर्थात् ५० प्रतिशत नेपाल पहाडमा बाँच्छ।

नेपालको पहाडी क्षेत्रको आर्थिक अवस्था सुधार्नु पर्‍यो भनेर हामी दशकौंदेखि लागिआएका छौं। तर त्यहाँको आर्थिक अवस्थामा अझै खासै परिवर्तन आउन सकेको छैन। समस्या के छ भने, पहाडमा बस्ने सारा नेपालीको बाँच्ने मुख्य आधार भनेको खेती हो। योबाहेक बाँच्ने र विकास गर्ने धेरै विकल्प नै छैन त्यहाँ। अर्को विकल्प नभएको ठाउँमा विकास गर्ने हो भने विकास त खेतीपातीकै गर्नु पर्‍यो। खेतीपातीको विकास गर्ने हो भने, उन्नत मल, बीउ र औजारहरूको र कृषि प्रविधिको जरूरत पर्छ। तर पहाडी क्षेत्रको दुर्गमताले गर्दा यी कुराहरू त्यहाँ पुग्न सकिरहेका छैनन्। अतः पहाडमा हामीले भनेको जस्तो विकास हुन सकेको छैन। त्यहाँ हाम्रो दशकौंको प्रयासले खासै अन्तर ल्याउन सकेको देखिन्न। पहाडमा खेतीपातीबाट ६ महिना खान नपुग्नेहरू अहिले पनि ५० प्रतिशतभन्दा ज्यादा छन्। उनीहरूलाई वर्षभरि रोजीरोटी कसरी दिलाउने? उनीहरूको भविष्य कसरी सुनिश्चित गर्ने?- यो नेपाल र नेपाल जस्तो हरेक देशका लागि ठूलो चुनौतीको विषय भएको छ। यो चुनौती हल गर्न नसकेकै हुनाले नेपाल झन् झन् अवनतितिर डोरिइरहेछ।



**भट्टे डाँडामा चालु गरिएको रोप-वेको अनुभव ! यस आधारमा नेपालमा यातायातको यो सस्तो र उपयोगी साधनको महत्व र सम्भावनाबारे जलाधार विशेषज्ञ मधुकर उपाध्याय को एक विश्लेषण !**

पहाडमा स्रोतकै अभाव छ, कुरा त्यस्तो होइन। हामीले गरीखान सकेनौं, त्यसैले पहाड पछि परेको हो। सम्पूर्ण पहाडी क्षेत्रको समस्या के छ भने, एउटा डाँडाबाट अर्को डाँडामा गएपछि दुर्गमता बढ्छ। त्यो डाँडाबाट अर्को डाँडामा पुगेपछि दुर्गमता अरू ज्यादा थपिन्छ। अर्को डाँडामा बस्ने मान्छेले जतिसुकै राम्रो खेतीपाती गर्न जानोस्, जतिसुकै मल हालेको होस्, जतिसुकै उन्नत तरीका अप्नाएर खेती गरेको होस्, उसले उत्पादन गरेको सामानलाई बजारमा ल्याउन नसक्ने बित्तिकै उसको सारा उत्साह मर्छ।

उदाहरणको लागि, हेलम्बुमा स्याउ खेतीको लागि सरकारले तालिम दियो। खेतीपातीको उन्नत तरीका प्रयोग गर्‍यो र राम्रो स्याउ पनि फल्यो। केही समय त्यो स्याउ ओसारेर काठमाडौंको बजारमा बेचियो पनि। तर त्यो स्याउ बजारमा पुर्‍याउनको लागि यातायात भने भएन, स्याउको लागि बजार भएन, जसको फलस्वरूप अहिलेसम्म आइपुग्दा हेलम्बुमा स्याउको बोट काट्नु पर्ने अवस्थामा पुगिसकेको छ। रामेछापमा जुनारको खेती पनि त्यस्तै भइरहेको छ। बजारै नभएर त्यति राम्रो गुणस्तरको जुनारको खेती पनि फष्टाउन सकेन।

बजार भएन भनेर भन्ने बित्तिकै मानिसहरू के सोच्छन् भने, त्यसो भए सडक चाहियो। हाम्रो ध्यान खालि सडकमा मात्र गयो। बाटोमा मात्र गयो। बटो बनिसकेपछि वास्तवमा कति मात्रामा कृषि उत्पादन बढ्छ भन्ने कुरा बनिसकेको बाटोको अनुभवबाट हामीले कहिल्यै सिकेनौं। उदाहरणको लागि, काठमाडौं आउने सबभन्दा पहिलो बाटो भनेको चित्लाङको बाटो हो। त्यो बाटो बनेपछि त्यसबाट मोटर नै आएको थियो। तर त्यो बाटो त्यसपछि कहिल्यै पनि चलेन। त्यस्तै, करिब ४० वर्ष अगाडि कान्ति राजपथ बनेको थियो। त्यो बाटो पनि चल्न सकेन। यसरी बनेका बाटाहरू किन चल्न सकेनन् त भन्ने कुरामा हामीले कहिल्यै कोट्याएर पनि हेरेनौं।

त्यो बाटो चल्न नसक्नुको कारण के हो त भने, त्यसमा जनताको


लगानी भएन । साथै, कृषि उत्पादनमा जानु पर्ने जोड जान सकेन र बाटोबाट जनतालाई के फाइदा हुन्छ भन्ने कुराको बोध कसैलाई भएन । खालि बाटो बन्ने बित्तिकै मोटर आउँछ भन्ने कुरामा मात्रै जोड भयो । सडक र उत्पादनबीच, उत्पादन र बजारबीचको सम्बन्धबारे ध्यानै दिइएन ।

त्यस्तै, कोदारी राजमार्ग बनेको करिब करिब २५ वर्ष भइसक्यो होला । त्यसले जनताको आर्थिक उन्नतिमा सहयोग गरेको भनेको पाँचखालका जनतालाई हो । करिब १०/१५ वर्षदेखि पाँचखालका जनताहरूले त्यस बाटोबाट काफी फाइदा लिन थालेका छन् । किनकि, त्यहाँबाट सुन्तला, गोलभेँडा तथा आलुको उत्पादनलाई काठमाडौंको बजारमा पुऱ्याउन सकिएको छ । त्यहाँको जनतासित कमसेकम बाहिर बजारमा बेच्ने र तरक्की गर्ने कुरो छ । तर सोही बाटोमा बलेफी नाघेपछि त्यहाँका जनताहरूले बाटोबाट आर्थिक लाभ उठाउन सकेको देखिँदैन । किनकि, त्यस उता बाटोसित उत्पादन र बजार जोडिएको छैन । त्यसैले बाटो जाने बित्तिकै स्वतः उत्पादन बढ्छ र किसानहरूको आर्थिक अवस्था सुध्रन्छ भन्ने कुरा होइन ।

## रोप-वेको विचार कसरी आयो ?

अब नेपालमा बढ्दै गएको जनसंख्या, वातावरण र नेपालमै भएको स्रोतहरूलाई प्रयोग गरेर वर्षभरि जनतालाई खान पुग्ने कसरी गराउने र देशको विकास कसरी गर्ने भन्ने कुरा विकास गर्न चाहने सबैको लागि चुनौती भएको छ । यही चुनौतीलाई आत्मसात गरेर हामीले बागमती जलाधार क्षेत्रका ललितपुरको केही डाँडाहरूमा ध्यान पुऱ्यायौं । त्यहाँ हामीले अध्ययन गर्दा के भेट्टायौं भने, काठमाडौं, उपत्यका-सित जोडिएको पहिलो डाँडाका मान्छेहरू दूध उत्पादन गरेर बेच्दा रहेछन् । किनकि, त्यो डाँडाबाट सडकसम्म आउन तीन घण्टै लागे पनि सडकसम्म दूध बोकेर ल्याएर डेरीमा बेच्न संभव रहेछ । त्योभन्दा अर्को डाँडामा पुगेपछि हामीले के देख्यौं भने, यहाँका किसानहरूले उत्पादन गरेको दूध बोकेर सडकको डेरीसम्म पुऱ्याउन नसक्ने रहेछन् । यसरी दूध बेच्न नसक्ने भएकाले त्यहाँका मान्छेहरू खुवा बनाएर बजारमा बेच्दा रहेछन् । किनकि, खुवा दूध जस्तो छिटै बिग्रने नहुँदो रहेछ । तर जनताको आर्थिक अवस्था हेर्दा दूध बेच्ने किसानरूको भन्दा खुवा बेच्ने किसानहरूको आर्थिक स्थिति साह्रै नराम्रो थियो । किनभने, खुवा बेच्दा दूध बेच्नेभन्दा करिब करिब ३० प्रतिशत कम पैसा आउँदो रहेछ । फेरि खुवा बनाउन मेहनत चाहिं दूध बेच्नुभन्दा बढी गर्नु पर्ने रहेछ । मिहेनत ज्यादा-आम्दानी कम, यस्तो भएपछि दूध बेच्ने किसानभन्दा खुवा बेच्ने किसान ज्यादा गरिब हुँदा रहेछन् !

खोलो तर्न मात्र पनि ३/४ घण्टा लाग्दोरहेछ । त्यहाँबाट अरू ३-४ घण्टा लाएर फेरि डाँडा उक्लनु पऱ्यो- ओर्लनु पऱ्यो ।



अझ अर्को तेस्रो डाँडामा पुग्दा त त्योभन्दा पनि आर्थिक स्थिति झन् खराब भेटियो । त्यहाँका किसानहरूलाई दोस्रो डाँडासम्म पुग्न बीचमा खोलो तर्न मात्र पनि ३/४ घण्टा लाग्दोरहेछ । त्यहाँबाट अरू ३-४ घण्टा लाएर फेरि डाँडा उक्लनु पऱ्यो- ओर्लनु पऱ्यो । त्यसैले गर्दा त्यहाँका किसानहरूले खुवा समेत बजारमा ल्याएर बेच्न संभव नहुँदोरहेछ । उनीहरूले दूधबाट घ्यू बनाएर बेच्दा रहेछन् । घ्यू बनाएर बेच्दा दूध बेच्नुभन्दा ६० प्रतिशत कम आम्दानी हुँदोरहेछ । खुवा बेच्नेको भन्दा पनि घ्यू बेच्ने किसानको जीवन खराब हुँदो रहेछ । यसरी तेस्रो डाँडामा पुग्दा जनताहरू अरू ज्यादा गरीब भेटिए ।

यसरी एउटा खोला काटेर अर्को डाँडामा पुग्दा किसानहरूको आर्थिक स्थिति पहिलो डाँडाको भन्दा निकै फरक र गएगुज्रेको देखिन्थ्यो । घ्यू बेच्नेहरूको भन्दा खुवा बेच्नेहरूको आर्थिक स्थिति केही राम्रो, खुवा बेच्नेहरूको भन्दा दूध बेच्नेहरूको स्थिति राम्रो देखियो ।

हामीले देख्यौं- घ्यू बेच्नेहरू भन्दा खुवा बेच्नेहरू तैबिसेक केही बढ्दा आम्दानी त गर्दा रहेछन् । तर खुवाले जंगल सखाप पार्दोरहेछ । एक केजी खुवा बनाउन ४ लिटर दूध लाग्दोरहेछ, त्यो ४ लिटर दूध उमालेर खुवा बनाउन कम से कम ४/५ किलो दाउरा खर्च हुँदो रहेछ । त्यो दाउरा पनि त्यत्तिकै आउने कुरा भएन । छोरी बुहारीहरू दिनभर जंगल जानु पऱ्यो । फेरि, खुवा घोट्नका लागि दूध तताउन दुई चार घण्टा समय लाउनै पऱ्यो । यसरी हामीले के देख्यौं भने, खुवा बेच्ने किसानहरूको परिवारको रातो दिनको काम नै जंगलबाट दाउरा ल्याउनु, खुवा घोट्नु, बजार पुऱ्याउनुमै जाँदो रहेछ । खेतीपातीमा अरू ध्यान दिने उनीहरूको समय नै नहुँदोरहेछ । त्यसैले, उनीहरूको खेतीपाती पनि त्यति राम्रो देखिएन, न त शिक्षा र स्वास्थ्य नै ।

हाम्रो चासो जंगल जोगाउने कसरी भन्ने सवालमा थियो, सामुदायिक वन कसरी विकास गर्ने भन्ने सवालमा थियो । तर खुवा बनाउनकै लागि जुन ढंगले जंगल काटेको हामीले देख्यौं, त्यसको तुलनामा हाम्रो जंगल लगाउने, जोगाउने र सामुदायिक वन विकास गर्ने प्रयास नगण्य बराबर देखियो । कछुवाको गतिमा जंगल लगाउने, घोडाको गतिमा जंगल काटिने स्थिति भयो । यो स्थितिमा जंगल जोगाउने भन्ने हाम्रो कार्यक्रम त हावादारी हुने भयो ।

अब हामी यो क्षेत्रमा जंगल जोगाउन के उपाय गर्ने त भन्नेमा लाग्यौं । पछि खुवा घोट्नुभन्दा दूधलाई नै बजारसम्म पुऱ्याउन सकियो भने यो समस्या समाधान हुन्छ भन्ने हामीलाई लाग्यो । खुवा घोट्न नपरेपछि जंगल काट्नै परेन, जंगल काट्न नपरेपछि एकातिर जंगल जोगियो, अर्कोतिर जंगल जाने छोरी बुहारीको समय जोगियो, सबभन्दा ज्यादा त किसानहरूको आम्दानी दूध बिक्रीबाटै ३० प्रतिशत बढ्ने भयो, र किसानहरूले दिनहुं तीन चार घण्टा 'धूवाँ' खानै परेन । यी सब हिसाबले हेर्दा दूध बेच्ने उपाय किसानहरूले सजिलै स्वीकार्लान् भन्ने हामीलाई लाग्यो ।

तर दूधलाई बजारसम्म पुऱ्याउने कसरी ? दूधलाई बजारसम्म पुऱ्याउनको लागि बाटोको कुरा आयो । तर डाँडासम्म बाटो लान सक्ने ठाउँ पनि थिएन र बाटो बनाउन पैसा पनि हामीसंग थिएन । त्यसैले पहिले त हामीले डाँडामा दूधको ट्याँकी बनाएर त्यसमा पाइप जोडेर दूध तल डेरीसम्म लैजाने कुरा पनि सोच्यौं । तर त्यसो गर्दा पनि पाइप सफा गर्ने समस्या र दूध माथिदेखि तलसम्म आइपुग्दा दूध र क्रिम छुट्टिने समस्या आउँदो रहेछ । यसरी व्यवहारिक कठिनाइले गर्दा यसबाट पनि दूध बजारसम्म ल्याउन संभव देखिएन ।

एक पल्ट मैले म्याग्दीको शिखा भन्ने ठाउँमा माथि डाँडाको टुप्पाको जंगलबाट तल गाउँमा घाँस ओसार्नको लागि रोप-वे राखेको देखेको थिएँ । माथि जंगलमा गयो, घाँस काट्यो, रोप-वेमा राखिदिएपछि खुर्र तल झर्थ्यो । तर त्यो रोप-वे पनि दूध ओसार्नको लागि पर्याप्त थिएन । किनभने, त्यो रोप-वे खोला वारिपारि गर्ने ट्इन जस्तै थियो र त्यसमा घाँस राखेपछि स्पीडको कन्ट्रोलबिना घाँस खुर्र तल गाउँमा झर्थ्यो । त्यसमा कन्ट्रोल गर्ने प्रविधि थिएन । कन्ट्रोल गर्ने प्रविधि नभएपछि दूध त पोखिन सक्थ्यो, र बिग्रिन पनि सक्थ्यो । त्यसैले हामीले कन्ट्रोल गर्न सक्ने हिसाबले रोप-वे राख्न अध्ययन गर्दै गयौं । र, स्पिड कन्ट्रोल गर्नको लागि मोटर राखेर भट्टे डाँडामा रोप-वे स्थापना गऱ्यौं ।

## कसरी बन्यो भट्टे डाँडामा रोप-वे ?

शुरूमा हामीले जंगल जोगाउनको लागि र किसानहरूको आर्थिक अवस्था सुधार्नका लागि रोप-वे राख्ने भन्ने कुरा गऱ्यौं । यो कुरालाई त्यति सजिलोसग सबैले पत्याएनन् । पहिलो कुरा त तीन कि.मि. को रोप-वेको लागि साठी लाख रूपैयाँ लगानी गर्नु पर्थ्यो । त्यो रकम हामीले वन जोगाउनको लागि गरिरहेको गल्छी नियन्त्रण, पहिरो नियन्त्रण, वृक्षारोपण तथा सानो खानेपानी आयोजना जस्ता कामहरूको अगाडि ठूलो रकम भयो । त्यसमा पनि रोप-वे बनाइसकेपछि जंगल काट्न नियन्त्रण नै हुन्छ भन्ने ग्यारेन्टी पनि थिएन ।

तैपनि, हामीले हामीभन्दा माथिका पदाधिकारीहरूसंग व्यक्तिगत रूपमा कुरा

# कसरी बन्यो भट्टे डाँडामा रोप-वे ?

गर्दै गयौं र, रोप-वेले कसरी वन जंगललाई जोगाउन सकिन्छ भन्ने कुरामा सहमत पनि गरायौं । तर भट्टे डाँडामा तीन कि.मि. रोप-वे बनाउनको लागि सामानहरू किन्न र टावर बनाउनको लागि मात्र साठी लाख रू. को आवश्यकता थियो । यसको लागि कुनै रकम पनि थिएन र कार्यक्रम पनि थिएन । हामीले त्यसका लागि युरोपेली आर्थिक समुदाय (EEC) संग अनुरोध गर्‍यौं । अन्त्यमा रोप-वे बनाउने अवधारणामा उनीहरू सहमत भए र योजनालाई नै आउने पैसाबाट उनीहरूले हामीलाई साठीलाख रूपियाँ खर्च गर्न सहमति दिए ।

तर त्यतिले तलको स्टेशन बनाउने जग्गा किन्न हामीसंग पैसा पुगेन । त्यसको लागि हामीले स्थानीय मानिसहरूसंग कुरा गर्‍यौं । गाउँ विकास समितिले १८ हजार रूपियाँ तिरेर, त्यो जग्गा किनीदियो । त्यसपछि तार तान्ने काम गाउँलेहरूको श्रमदानबाट गरियो । तर तार तान्ने काम हामीले जति सजिलैसंग गर्न सकिन्छ भनेर सोचेका थियौं, त्यस्तो भएन । तार तान्न करिब आठ दिन जति लाग्यो । हामीले तीन दिन गाउँलेहरूको श्रमदानको रूपमा लियौं । बाँकी दिनको ज्याला गाउँलेहरूलाई दियौं । यसरी यो रोप-वे बनाउन गाउलेहरूबाट तीन दिनको श्रमदान र १८ हजारको जग्गा, श्री ५ को सरकारको स्टाफ खर्च मात्र लगानी भयो, बाँकी सबै अनुदानको रकम लगानी हो । यसप्रकार, हामीले भट्टेडाँडामा विदेशी अनुदानको रकम खर्च गरेर नमूना देखाइदियौं ।


### रोप-वेको असर

हामीले रोप-वे राखेर भट्टे डाँडामा जंगल मात्र जोगाउन खोजेका थियौं । त्यहाँका किसानहरूको आर्थिक अवस्थामा थोरै भए पनि प्रगति आओस् भन्ने पनि हाम्रो मनसाय थियो ।

रोप-वे स्थापना गरेको दुई वर्षपछि हामीले गाउँमा अध्ययन-अनुसन्धान गरेर हेर्‍यौं, वास्तवमा हाम्रो कामले के कति उद्देश्य हासिल गर्‍यो भनेर । हामीले रोप-वे स्थापना गरेपछि जे होला भन्ठानेका थियौं- त्यो भयो कि भएन भनेर ।

अनुसन्धानबाट हामीले के भेट्टायौं भने, रोप-वे राखेपछि जंगल जोगिएको मात्र होइन, जनताको आर्थिक अवस्थामा पनि नचिताएको खालको सुधार आएछ । रोप-वे राख्नुअघि भट्टे डाँडाका ३०० घरमध्ये १६ पतिशतको मात्र जस्तापाताको छानो थियो । तर रोप-वे राखेको दुई वर्षमै जस्ताको छानो राख्न सक्ने किसान परिवार ३६ प्रतिशत पुगेछन् । अर्थात् दोब्बरभन्दा पनि ज्यादा भएछन् जस्ताको छानो राख्नेहरू ।

पहाडमा जस्ताको छानोलाई संपन्नताको प्रतीक मानिन्छ । खालि पैसा हुनेले मात्र हाल्छन् त्यहाँ जस्तोको छानो । यस हिसाबले भट्टे डाँडामा रोप-वेले दुई वर्षमै आर्थिक सम्पन्नता दोब्बर बढायो ।- यसको मतलब, दुई वर्ष बीचमा खुवा बेच्न सकेर भैंसी लिएर आएर दूध बेचेर नाफा समेत कमाउन भ्याएका मानिसहरू थिए यिनीहरू । जस्ताको छानो भनेको सोधी राख्नै नपर्ने स्पष्ट परिसूचक थियो गाउँलेहरूको विकासको । कहाँबाट पैसा ल्याएर जस्ता किन्यौ भनी राख्नु नै नपर्ने । पहिले खुवा बेचेर ३० प्रतिशत आम्दानी गुमाइरहेका मानिसहरू थिए यी जस्ताको छानो हाल्नेहरू । खुवाको सट्टा दूध नै बेच्दा ३० प्रतिशत बढी आम्दानी भएकै कारणले जस्ताको छाना हाल्न सकेका थिए यिनीहरूले ।



**हामीले भट्टे डाँडामा विदेशी अनुदानको रकम खर्च गरेर नमूना देखाइदियौं ।**

रोप-वे राखेपछि भट्टे डाँडामा अर्को एउटा गजबको परिवर्तन के पनि देखियो भने- त्यहाँ गाई पाल्ने किसानहरूको संख्या कम र भैंसी पाल्नेहरूको संख्या बढी देखिन थाल्यो । पहिले किसानहरू मलको लागि गाई पाल्ने गर्दथे । रोप-वे राखेपछि दूध बेचेर फाइदा भएको देखे किसानहरूले । तर गाईबाट भैंसीबाट जस्तो बढी दूध उत्पादन हुँदैनथ्यो । भैंसी पाल्दा दूध पनि बढी आउने र मल पनि गाईको सरह हुने किसानहरूले देखेपछि गाईलाई विस्थापित गर्दै भैंसी पाल्न शुरू गरे । अझ उनीहरूले बढी दूध बेच्नका लागि लोकल भैंसीलाई त्यागेर लाहुरे भैंसी पाल्न शुरू गरे । यसरी दुई वर्ष अगाडि ७४ प्रतिशत लोकल भैंसी भएको ठाउँमा दुई वर्षपछि लोकल भैंसीको अनुपात ५५ प्रतिशतमा झर्‍यो । पहिले ३०० घरमध्ये उन्नत भैंसी पाल्नेहरू २६ प्रतिशत मात्र भएकोमा दुई वर्षपछि त्यो बढेर करिब करिब ४५ प्रतिशत भयो । झण्डै डबल भयो लाहुरी भैंसीको सख्या । मान्छेहरूले बैंकमा ऋण लिएर भए पनि उन्नत भैंसी किन्नमा लगानी गर्न शुरू गरे । आर्थिक गतिविधि तीव्र भएको देखियो त्यस गाउँमा । पहिला प्रत्येक घरमा एउटा एउटा गाई भएको ठाउँमा दुई वर्षपछि त्यो घटेर ५० प्रतिशत घरमा मात्र गाई बाँकी रहे । अर्थात् दुईटा घरमा एउटा गाई हुन पुग्यो । यसले गर्दा गाईवस्तुको चरिचरनले हुने क्षतिमा कमी आयो ।

यसले के देखायो भने, रोप-वेले खालि खुवा घोट्नेहरू घटाएको होइन, सम्पूर्ण रूपमा गाईवस्तुको संख्या घटायो त्यसले । बाखा-खसी पाल्नेहरू नै घटे त्यहाँ । गाई बस्तुको संख्या घटेपछि बढी मात्रामा चरिचरनको जरूरत नै परेन । थोरै चरिचरन भए पुग्यो । यसले वातावरण जोगाउन भूमिका खेल्यो ।

यसरी एकातिर चरिचरनको संख्या घटेर केही मात्रामा जंगल जोगियो भने अर्कोतिर किसानहरूले दूध बेच्न थालेपछि गाउँमा दाउराको खपत पनि कम हुन थाल्यो । रोप-वे राख्नुभन्दा पहिले त्यहाँका ६ प्रतिशत किसानहरूले मात्र दूध बेच्ने गर्थे । ९३ प्रतिशत किसानहरूले खुवा बेच्थे । त्यहाँ दिनको करिब २०० के.जि. खुवा घोटिन्थ्यो । त्यति खुवा तयार गर्नको लागि हरेक दिन करिब १००० के.जी. सम्म दाउरा लाग्थ्यो । यो भनेको वर्षमा करिब साढे तीन लाख के.जी दाउरा हो ।

तर रोप-वे राखेको दुई वर्ष पछि ८१ प्रतिशत किसानले दूधै बेच्न शुरू गरे भने १८ प्रतिशत किसानल मात्र खुवा बेचिरहे । ती १८ प्रतिशत किसानहरू पनि खुवादिने शर्तमा साहूसित ऋण लिएर भैंसी किनेका र ऋण चुक्ता नगरिसकेका किसानहरू थिए । यसरी, दूध बेच्न थालेपछि खुवा घोट्ने दाउरामा पनि बचत हुन थाल्यो र एक वर्षमा साढे तीन लाख केजी दाउरा बराबरको जंगल नाश हुनबाट जोगियो ।

दूध बेच्न थालेपछिको अर्को स्पष्ट उपलब्धि भनेको मानिसहरूको अमूल्य समय र स्वास्थ्यलाई जोगाउनु हो । खुवा घोट्दा घरमा २/३ घण्टा आगो बलिरहन्थ्यो । त्यो आगोको धूँवा घरका सबै परिवारले खानु पर्थ्यो र त्यसले स्वास्थ्यलाई निकै खराब असर पार्थ्यो । अर्को कुरा, खुवा घोटिरहँदा दिनको २/३ घण्टा समय त्यसैमा खर्च हुन्थ्यो । त्यसको साथै, दाउरा खोज्न जानको लागि पनि त्यत्तिकै समय खर्च हुन्थ्यो । दाउरा खोज्न जाने काम छोरी-बुहारीले गर्थे । खानै नपुगेको स्थितिमा तथा खाना जुटाउनको लागि दिनरात घोटिनु पर्ने स्थितिमा महिला स्वतन्त्रता र छोरीलाई पनि पढाउनु पर्छ भन्ने कुरा कता कता बिलाएर जान्थ्यो । तर अब त दूध बेचेर डक्का पैसा आउन थालेको छ । दिनका दिन जंगल जानु परेन । त्यसपछि त त्यस गाउँमा छोरीलाई पढाउनु पर्ने कुरा पनि आउन थाल्यो र परिवार नियोजनको कुरा पनि उठ्न थाल्यो ।

उन्नत भैंसी पाल्न थालेपछि गाई बस्तु चराउन लाने काम पनि परेन । भैंसी घरैमा रहेपछि मल जति जम्मै घरमै थुप्रियो । गाईवस्तु चराउन जाने समय, जंगलमा दाउरा खोज्न जाने समय र खुवा घोट्ने समयलाई अब उनीहरूले खेतीपातीमा लगाउन शुरू गरे । हामीले पहिले त्यस गाउँमा तरकारी खेतीको कल्पना पनि गरेका थिएनौं । टाइम प्रशस्त भएपछि बारिपट्टि भट्टे डाँडामा तरकारी खेती पनि गर्न थाले गाउँलेहरूले । अहिले उनीहरूको एउटा सहकारी नै बनिसकेको छ र त्यो सहकारीले हरेक हप्तामा घरघरबाट तरकारी जम्मा गर्छ र रोप-वेमा राखेर हप्ताको दुई चोटी लगनखेलमा तरकारी बेच्न ल्याउँछ । पहिले त्यहाँ इस्कूस र फर्सीहरू त गाई भैंसीले पनि खाँदैनथे । त्यसै कुहिएर खेर जान्थ्यो । अहिले त्यो सबै रोप-वेमा राखेर शहरमा बेच्न ल्याउँछन् । त्यो उनीहरूको अतिरिक्त आम्दानी भयो । अझ चाखलाग्दो कुरा त के छ भने, रोप-वे राखेको पहिलो वर्षमा त्यहाँका स्वास्नी मानिसहरूले सयपत्री फूलहरू शहरमा

**रोप-वे राखेको पहिलो वर्षमा त्यहाँका स्वास्नी मानिसहरूले सयपत्री फूलहरू शहरमा लगेर बेचेर पनि पैंसा कमाए ।**

# खालि वन जंगल जोगाउने उद्देश्य मात्र राखेर रोप-वे चलाएको भट्टे डाँडामा दुई तीन वर्षभित्र हामीले पहिले सोच्दै नसोचेका धेरै परिवर्तनहरू देखापर्न थाले !

लगेर बेचेर पनि पैसा कमाएँ । यी सबबाट त्यहाँका किसानहरूको आर्थिक अवस्थामा निकै सुधार आयो । उनीहरूसित पैसा बचत हुन थाल्यो ।

कुनै पनि मान्छे सही बाटो पत्ता लगाउन सकेपछि त्यो मान्छे त्यो बाटा आफैं हिँड्छ । उसलाई डोऱ्याई रहनै पर्दैन । त्यस्तै किसिमले भट्टे डाँडा र छकुडोलमा पनि सामानहरू लान लैजानको लागि रोप-वे राखिदिएपछि त्यहाँका मानिसहरूले आफ्नो क्षेत्रमा के के उत्पादन गरेर बजारमा बेच्न सकिन्छ भनेर आफैं खोजी गरेर आफैंले उत्पादन गर्न शुरू गरे । उनीहरूको उद्यमशीलता र आर्थिक गतिविधि आफैं बढ्यो । उनीहरू आफैं सशक्त हुन थाले ।

यसरी खालि वन जंगल जोगाउने उद्देश्य मात्र राखेर रोप-वे चलाएको भट्टे डाँडामा दुई तीन वर्षभित्र हामीले पहिले सोच्दै नसोचेका धेरै परिवर्तनहरू देखापर्न थाले । एकातिर, किसानहरूको आर्थिक प्रगति टड्कारो रूपमा देखापऱ्यो । अर्कोतिर, यसैबाट गरिबी घट्न थाल्यो, बेरोजगारी हट्न थाल्यो । किसानहरूको खेतीपाती सप्रिन थाल्यो । किनकि, मानिसरूसित सोच्न र तरक्की गर्न बढी समय हुन थाल्यो । महिलाहरू बढी मुक्त हुन थाले । किनकि, उनहरूलाई स्कूल पठाउने वातावरण बन्न थाल्यो र उनीहरूसित केही बचत पैसा पनि हुन थाल्यो र बचत समय पनि । गाउँलेहरूको स्वास्थ्यमै सुधार आयो । किनकि धूवाँ खानु परेन, भ्याई नभ्याई अचाक्ली परिश्रम गर्नु परेन । वन जंगल जोगाउने कुरामा त यसले बरदानकै काम गऱ्यो । एउटा सानो रोप-वेले एकसाथ यति छिट्टै, यति धेरै सामाजिक परिवर्तन ल्याउन सक्छ भनेर परिकल्पना नै गरेका थिएनौं हामीले । रोप-वे पहाडी क्षेत्रमा सामाजिक परिवर्तन ल्याउन यति सारै प्रभावकारी हुन सक्छ भनेर हामी पहिले आफैं स्पष्ट थिएनौं । तर अहिले आएर अनुभवबाटै स्पष्ट भएको छ- रोप-वेले पहाडी क्षेत्रमा कायापलट नै ल्याउँदो रहेछ । अहिलेको स्थितिमा रोप-वे प्रयोग गरेर नेपालका सारा पहाडी क्षेत्रबाट किसानहरूको कृषि उत्पादन मात्रै मूल सडक र बजारसम्म ल्याउन सक्यौं भने पनि हामीले धेरै आर्थिक प्रगति गर्न सक्दा रहेछौं । भट्टे डाँडाको अनुभवले यो स्पष्ट भएको छ ।

एउटा सामान्य सस्तो सानो रोप-वेले किसानको आर्थिक प्रगतिदेखि लिएर कृषि उत्पादन बढाउने र वातावरण जोगाउनेसम्म- एक्कैचोटी प्रगति गर्दो रहेछ । यातायात भएपछि यस्तो हुन्छ भनौं भने बाटो खनेर यति र यस्तो परिवर्तन हुने थिएन । रोप-वे ले किन गऱ्यो त ?

## बाटोले नगरेको काम रोप-वेले किन गर्न सक्यो त ?

बाटो भनेको सरकारको । बाटोमा चल्ने गाडी भनेको साहुजीको । गाडी चलाउने मान्छे एकजना ड्राइभर हुन्छ । त्यसमा किसानहरूको संलग्नता भनेको एकदमै कम हुन्छ । रोप-वे भएपछि यो किसानले चलाउनु पऱ्यो । चलाएपछि त्यसबाट आउने आम्दानी पनि किसानहरू आफैंले राख्न पाउँछ । त्यसैले यसमा अपनत्व हुन्छ उनीहरूको । गाडीबाट जति पनि मालसामान ओसारेर आम्दानी गर्छ ,त्यो सबै आम्दानी साहुको हातमा जान्छ । फेरि जुन गाडी चल्छ र त्यसमा तेल, मोबिल जति खपत हुन्छ, त्यो आफ्नै देशको होइन, त्यो सबै विदेशबाट आउँछ । जब गाडी बिग्रिन्छ र पार्टपूर्जा फेर्नु पर्छ, त्यो पनि विदेशबाटै आउँछ । ती सबै सामानहरू किन्नको लागि किसानहरूले नै पैसा तिर्नु पर्छ । किसानहरूले अलिकति दूध, अलिकति घ्यू बेचेर कमाएको पैसा, खाई नखाई अन्न-तरकारी बेचेर आएको पैसा त्यहाँ जाने भयो, त्यहाँबाट गाडी र तेल आयो, यो त्यहाँ जाने भयो, जसले गाडी किन्यो । अर्थात् यो पैसा गाडीवाला साहू र विदेशीका हातमा जाने भयो । आम्दानी जाने भयो साहू र विदेशीको हातमा । जब सडक बिग्रन्छ, त्यसको मरम्मत गर्ने औकात त जनतासित छैन, त्यसमा सरकार गुहार्नु पर्ने भयो । त्यसैले सडकले यातायात सुविधा दिए पनि यसले रोप-वेले जति जनतालाई सशक्त र स्वनिर्भर गराउन सकेन । यसमा जनताको अपनत्व पैदा भएन ।

तर रोप-वेमा त्यसको ठ्याक्कै उल्टो देखियो । पहिलो कुरा त रोप-वे बनाउनुको उद्देश्य के हो भन्ने कुरा जनतालाई पहिले नै थाहा हुने भयो- आफ्नै लागि भनेर । दोस्रो कुरा, रोप-वे बनाउनमा जनताको अत्यधिक सहभागिता रह्यो । तेस्रो कुरा रोप-वे बनिसकेपछि गाउँलेहरूकै उपभोक्ता समितिबाट रोप-वेको संचालन भयो । र, रोप-वेबाट आम्दानी भएको पैसा गाउँलेकै हातमा रह्यो । त्यसबाट रोप-वेको साधारण मर्मत गर्न परे पनि गाउँलेहरूले नै गर्न सक्ने भए । यसलाई चलाउनको लागि जुन इन्धनको खर्च हुने हो, त्यसको लागि बिजुली हामीसँगै छ । यसले गर्दा किसानहरूले मेहनत गरेर उत्पादन गरेको दूध, घ्यू, अन्न बेचेर कमाएको पैसा देशमै र गाउँमै रहने भयो र विदेश जाने भएन । त्यसैले, आत्मनिर्भर र विकासको लागि यो जत्तिको प्रभावकारी यातायात अरू हुने भएन । यसले जति अरूले जनतालाई सशक्त गर्ने भएन । त्यसैले, पहाडका मानिसहरूको आर्थिक, सामाजिक र स्वनिर्भर विकासको लागि रोप-वे अति नै लाभदायक साधन बन्न सक्छ । यसको एउटै खराबी के हो भने, यसले मान्छे भनेको समयमा भनेको ठाउँमा पुग्न सक्तैन । बाटो भयो भने मोटरसाइकल, वा मोटरबाट मान्छेहरू भनेको समयमा भनेको ठाउँमा पुग्न सक्छन् । तर अहिलेको स्थितिमा पहाडी क्षेत्रका किसानहरूले उत्पादन गरेका सामानहरू मात्रै मूल सडक र शहर बजारमा ल्याउन सक्यौं भने पनि हामीले धेरै मात्रामा आर्थिक प्रगति गर्न सक्छौं । त्यो ल्याउने उपाय रोप-वेले निकै सस्तोमा प्रदान गर्छ ।



**बाटोले भन्दा रोप-वेले गाउँमा किसानहरुको समग्र प्रगति गर्छ भन्नुको अर्थ बाटो बन्नै पर्दैन भनेको होइन ।**

## के उसो भए सडक नै चाहिँदैन त ?

बाटोले भन्दा रोप-वेले गाउँमा किसानहरूको समग्र प्रगति गर्छ भन्नुको अर्थ बाटो बन्नै पर्दैन भनेको होइन । तर अहिले पहाडी क्षेत्रका किसानहरूको र देशको आर्थिक स्थितिलाई हेर्ने हो भने, अहिल्यै नै सारा पहाडी क्षेत्रमा बाटो बनाउन सक्ने स्थिति नेपालको छैन । नेपालको पहाडमा बाटो बनाउँन त्यति सजिलो छैन । भौगर्भिक दृष्टिकोणले पनि पहाडको भूबनोट एकदमै कमजोर रहेको छ । त्यहाँ बन्ने बाटोबाट पहिरो र गल्छीहरू असाध्यै छिटो निर्माण हुन्छन् । फेरि, बढीसे बढी पहिरो सडक निर्माणकै क्रममा जाने हुन्छ । बाटो खन्ने क्रममा जति पनि पहिरो, गल्छी तथा ढलहरू निस्कन्छन्, तिनीहरूलाई जोगाउँदै र टाल्दै बाटो निर्माण गर्दा बाटो निर्माण गर्न अति धेरै खर्च हुने गर्छ । बाटो बनिसकेपछि पनि अरू कारणले र पहिरो एवं गल्छीको कारणले बिग्रेको बाटो मर्मत गरिरहनको लागि थुप्रै पैसाको जरूरत पर्छ । त्यसैले, नेपालका पहाडी क्षेत्रका लागि बाटो सारै महँगो यातायात प्रणाली हो । त्यसमाथि पनि गाडी, तेल तथा गाडीका पार्टपूर्जाको लागि हाम्रो पैसा विदेशमा जाने छुट्टै कुरा छ । यसमा किसानहरूको आम्दानीको धेरै भाग देशबाहिर जाने हुन्छ ।

त्यसैले, आगामी २०-३० वर्षका लागि हामीले नदी र खोलाको छेउछेउ मूल-मूल उपत्यकाहरूमा सडक बनाउने र त्यो सडकको दायाँ बायाँ सम्पूर्ण पहाडी क्षेत्रमा रोप-वेले जोड्ने रणनीति बनाउनु उपयुक्त हुनेछ । यो रणनीतिअनुसार काम गर्ने हो भने, हामीले थोरै, तर निर्णायक रूटहरूमा सडकहरू बनाए पुग्ने हुन्छ, तर रोप-वेको जालोले निकै छिटै, निकै सस्तोमा नेपालका तमाम पहाडी क्षेत्रहरूलाई मूल सडकसित जोड्न सकिने हुन्छ । रोप-वे हुने बित्तिकै रूम्जाटारको राडी, जोमसोमको स्याउ, रामेछापको जुनार र महाभारत श्रृंखलाको कुहिन लागेको काठ सबैले बजार पाउने संभव हुन्छ । नेपालको सम्पूर्ण पहाडी क्षेत्रमा पशुपालन, फलफूल, डेरी वा कृषिजन्य

उद्योग फष्टाउन सक्छ । नेपालको अहिलेको संस्थागत क्षमताले धान्न र विकास गर्न सक्ने उपयुक्त यातायात प्रणाली यही हो भन्ने मलाई लाग्छ । बाटो नै करी राख्ने हो भने, नेपालको सम्पूर्ण पहाडी क्षेत्रमा बाटो खनी भ्याउन हामीलाई दशकौं समयको र खरबौं रूपियाँको जरूरत पर्छ ।

त्यसैले, यी कुराहरूलाई ध्यान दिंदा के कुरा देखिन आउँछ भने- अहिलेको लागि रोप-वे नै अधिकांश पहाडी क्षेत्रका किसानहरूको आर्थिक उन्नतिको लागि बाटोभन्दा उपयुक्त, छिटो र सस्तो साधन हो । किनभने, हामीले माथि भनेअनुसार अहिले देशको तथा किसानहरूका आर्थिक स्थिति हेर्दा सम्पूर्ण पहाडी क्षेत्रमा बाटो बनाउन सक्ने र मर्मत गर्न सक्ने आर्थिक स्थिति हाम्रो छैन । त्यसैले, मुख्य, मुख्य धमनीहरूमा मात्र सडक बनाएर २०-२५ वर्षसम्म रोप-वेको माध्यमबाट किसानहरूको उत्पादनलाई मूल सडक र शहर-बजारसम्म पुऱ्याइदिन सकियो भने र त्यसबाट किसानहरूको उत्पादन गर्ने हौसला बढाउन सकियो भने सिंगै देशको तथा किसानहरूको आर्थिक स्थिति राम्रो हुँदै जानेछ । त्यतिबेला सम्पूर्ण पहाडी क्षेत्रमा समेत बाटो बनाउनु उपयुक्त हुनेछ । त्यतिबेला बन्ने बाटो चित्लाङ र कान्तिपथ जस्तो मर्मत र संभार गर्न नसकेर बन्द हुने स्थिति पैदा हुने छैन । अहिले सरकारले भरमार विदेशी सहयोग लिएर वा केही गरेर बाटो बनाइहाले तापनि त्यसको मर्मत सम्भार गर्ने क्षमता भएन भने त्यसबाट किसानहरूले फाइदा उठाउन सक्ने छैनन् । त्यसैले रोप-वेको सहयोगले किसानहरूको आर्थिक स्थिति विकास भइसकेर बाटोको मर्मत संभार गर्ने क्षमता विकास भइसकेपछि सारा पहाडी क्षेत्रमा बाटो निर्माण गर्नु उपयुक्त हुनेछ ।

## रोप-वे बाटोभन्दा कति सस्तोमा बनाउन सकिन्छ ?

एक किलोमिटर रोप-वेले दुईवटा पहाडी गाउँ जोड्न सक्ने ठाउँमा बाटो बनाउनु पऱ्यो भने तीन किलोमिटर लामो बाटो बनाउनु पर्ने हुन्छ । उदाहरणको लागि, भट्टे डाँडाको दुईटा गाउँ जोड्नको



रोप-वे भएपछि यसरी नाम्लो लगाई डोकोमा बोकेर बजारसम्म आफ्नो उत्पादन पुऱ्याउनु पर्ने बाध्यता हट्नेछ !

**रोप-वेको माध्यमबाट किसानहरुको उत्पादनलाई मूल सडक र शहर-बजारसम्म पुऱ्याइदिन सकियो भने र त्यसबाट किसानहरुको उत्पादन गर्ने हौसला बढाउन सकियो भने सिंगै देशको तथा किसानहरुको आर्थिक स्थिति राम्रो हुँदै जानेछ ।**

लागि बनाइएको रोप-वे तीन कि.मि. लामो छ । तर त्यहाँ बाटो बनाउनु पऱ्यो भने करिब ९ कि.मि.को बाटो बनाउनु पर्ने हुन्छ । अहिलेको मूल्यमा पहाडमा बाटो बनाउँदा एक कि.मि. बाटो बनाउन कलभर्ट र ढल बनाएर ग्राभेलिङ मात्र गर्दा पनि प्रति किलोमिटर ५०/६० लाख रूपैयाँ पर्छ । पीच बनाउन थालियो भने त एक किलोमिटरको एक करोड रूपैयाँ पर्ला । यस हिसाबले नौ कि.मि. ग्राभेलिङ बाटो बनाउन साढे चार करोड रूपैयाँ खर्च लाग्छ । जबकि, त्यो दुई ठाउँ जोड्न रोप-वेको लागि एक करोड खर्च गरे पुग्छ । भन्नाले, सडकभन्दा चार गुणा सस्तोमा हामी रोप-वे बनाउन सक्छौं ।

अर्को, मर्मत खर्च पनि बाटोमा भन्दा रोप-वेमा सस्तो पर्छ । भट्टे डाँडामा रोप-वे राखेको तीन वर्षमा केवल बीस हजार खर्च भयो । तर बाटोमा यति खर्चले मर्मत सम्भव हुँदैन । बाटोमा एउटा वर्षामा एउटा पहिरो आउने बित्तिकै त्यो पहिरो पन्छाउनको लागि नै ठूलो मर्मत खर्च चाहिन्छ । अर्को कुरा, रोप-वेको मर्मत सम्भार गाउँकै किसानहरूले गर्ने भएकोले त्यहाँ हामीले ध्यान दिइरहनु परेन । ठूलै मेशिनरी गडबडी भएको खण्डमा मात्रै हामीले शहरबाट प्राविधिकहरू पठाउनु पर्ने हुन्छ । त्यसैले, हामीले हाम्रो आफ्नो समयलाई अन्त दिने मौका पाउँछौं ।

अर्को कुरा, रोप-वेको आयु निकै लामो हुन्छ । हाम्रो विजुलीमा तलमाथि भएन, हाइ भोल्टेज गएन भने मेसिन चालिस वर्ष टिक्ने ग्यारेन्टी दिइएको छ । तार हामीले रोप-वे जति चलाउँछौं, त्यसमा यो भरपर्ने भयो । तार हामीले भारतबाट किनेका छौं । त्यो यूरोपको जति बलियो हुँदैन । तै पनि तारको दश वर्षको ग्यारेन्टी दिएको छ । टावर भएको ठाउँमा अरू ठाउँमा भन्दा अलि बढी खिइने भएकोले दुई, दुई वर्षमा तार सार्नु पर्छ । लुब्रिकेशन र ग्रिजिङहरू राम्रो गरेमा भने दश वर्षपछि तार फेर्नु पर्छ । टावर त कसैले ध्वंश नगरेसम्म केही हुँदैन । छिट्टै खिइने भनेको घुम्ने पुल्लीमा राखेको रबर हो । त्यो ६/६ महिनामा फेरि रहनु पर्छ । त्यो रबर त्यति महँगो पनि छैन, सस्तोमा भारतमै किन्न पाइन्छ । एक पटक रोप-वे राखेपछि १० वर्षसम्म ढुक्कै हुन्छ । १० वर्षपछि किसानहरूले रोप-वेको आफ्नै आम्दानीबाट तार फेर्न सक्छन् । त्यति बेलासम्म तार फेर्नको लागि चाहिने ५/६ लाख रूपियाँ उनीहरूले जम्मा गरिसकेका हुन्छन् ।

भट्टे डाँडामा अहिले विजुली नभएको कारणले जेनेटर राखेर चलाएका छौं । त्यहाँको रोप चलाउनको लागि करिब ११ किलोवाट विजुली चाहिन्छ । अब हामीले रोप-वेलाई बढाउने कुरा सोचिरहेका छौं । अब बढाउने रोप-वे जेनेटरबाट नचलाईकन विजुलीबाटै चलाउने विचार पनि हामीले गरिरहेका छौं । नेपालको ठाउँ ठाउँमा साना-साना खोलाहरू त प्रशस्त नै छन् । ती खोलाहरूबाट १०/२० किलोवाट विजुली निस्कन सक्ने क्षमता पनि छ । भट्टे डाँडामा साना जलविद्युत योजनाको विजुलीबाट चल्ने अर्को रोप-वे थपेर झण्डै झण्डै ललितपुरको सीमासम्म नै पुग्छौं । त्यहाँसम्म रोप-वे पुऱ्याउन सकियो भने मकवानपुरका मानिसहरू समेतले रोप-वेबाट पाटनमा तरकारीहरू पुऱ्याउन सक्छन् । त्यसको लागि अब चार किलोमिटर रोप-वे थपे पुग्छ । त्यसको लागि हामीले भट्टे डाँडाको मुनि रहेको खोलामा तीस किलोवाटको विजुली निकाल्ने कुरा पनि सोचिरहेका छौं ।

## रोप-वेले यसरी उद्योग र साना विद्युत आयोजना सफल पार्न सघाउँछ

अहिलेसम्म नेपालमा साना जलविद्युत आयोजनाहरू त्यति धेरै व्यापक र सफल हुन सकिरहेका छैनन् । किनभने, साना जलविद्युत आयोजनाको लागि लगानी धेरै हुन्छ । तर त्यसको दाँजोमा विजुलीको खपत कम हुन्छ । गाउँ-घरमा प्रायः विजुलीको खपत राति मात्र हुने गर्छ । दिउँसोको बिजुली त त्यसै खेर गइरहेको छ । दिउँसो विजुलीको खपत उद्योगधन्दा संचालन हुन सके मात्र त हुने हो । तर गाउँघरमा धान कुट्ने मिलबाहेक उद्योगधन्दा पनि संचालन भइरहेको छैन । त्यसैले, त्यस्ता ठाउँहरूमा रोप-वे संचालन गर्न सकियो भने दिनभरि यातायातमा यो विजुली खपत हुन्छ । अझ भनौं, रोप-वेबाट सामान बजारमा लान र लैजान सकियो भने गाउँघरमा पनि बिस्तार बिस्तारै त्यहाँको वातावरणअनुसार साना उद्योगधन्दा चल्न सक्छ र अझ बढी दिउँसो विजुली खपत हुन सक्छ । यसो भयो भने, एकातिर उद्योगधन्दाहरू फस्टाउने र अर्कोतिर सस्तोमा गाउँलेहरूले विजुली बाल्न सक्ने हुन्छ ।

यसबाट देशको विकासको मोडेल नै परिवर्तन हुन संभव छ । पहिले हामीले किसानहरूलाई कृषि उत्पादन कसरी बढाउने ? साना उद्योग धन्दाहरू कसरी चलाउने ? भन्ने तालिम दिन्छौं । तर तालिम दिएपछि उनीहरूले उत्पादन गरेका सामानहरू बजारमा कसरी पुऱ्याउने भन्ने कुरा सोच्दैनौं । त्यसैले गर्दा कति खर्च गरेर दिइएको तालिम उत्तिकै खेर जाने हुन्छ ।

तर अब रोप-वेबाट ढुवानीको व्यवस्था आफ्नै हातमा हुने हुनाले उत्पादन भएका सामानहरू बजारसम्म पुऱ्याउने ग्यारेण्टी भयो । आफूले उत्पादन गरेका सामानहरू कसरी बजारसम्म पुऱ्याउने भन्ने पीर भएन । बजार निश्चित भएपछि अब उत्पादन बढाउनको लागि किसानहरू आफै नै लागिपर्छन् । कसरी सहकारी बनाउने, कहाँ तालिम लिन जाने, कहाँ मल र उन्नत बीउ बिजन पाइन्छ ? उनीहरू आफैं खोजिनीति गर्न थाल्छन् ।

यसरी विकासको यो मोडेलबाट एकैचोटि विकसित हुने भयो- **फोर-इन-वन** अर्थात् साना जलविद्युत आयोजना रोप-वे, कृषि उत्पादन र साना उद्योग माला झैं अन्तर्सम्बन्धित भएर जोडिने भयो । यी चारै कुराको एकैचोटि विकास

**मर्मत खर्च पनि बाटोमा भन्दा रोप-वेमा सस्तो पर्छ । भट्टे डाँडामा रोप-वे राखेको तीन वर्षमा केवल बीस हजार खर्च भयो । तर बाटोमा यति खर्चले मर्मत सम्भव हुँदैन ।**


हुने भयो । भनाइको अर्थ, विजुली नभई ढुवानी नचल्ने भयो, ढुवानी नभई कृषि र औद्योगिक उत्पादन नबढ्ने भयो । किसानहरू आफैंले यी कुराहरू अनुभव गर्न सक्ने भयो । र, यसको लागि उनीहरू आफैं यी कामहरू गर्न अग्रसर हुने भए । यसले गर्दा स्थानीय विकासमा जनताहरूको सहभागिता बढ्ने भयो । र, स्थानीय विकासमा सरकारले टाउको दुखाउनु पर्ने भएन । मूल सडक वा बजारसम्म रोप-वे र साना जलविद्युतको प्रबन्ध सरकारले गरिदिएपछि कृषि उत्पादन र लघु उद्योगको विकास जनता स्वयंले गर्ने भयो ।

## मुस्ताङ जस्तो अति दुर्गम क्षेत्रमा पनि रोप-वेबाट ढुवानी संभव छ

रोप-वे खालि छोटो छोटो बाटोमा मात्रै संभव छ, लामो दूरीमा सम्भव छैन भन्ने कुरा होइन । नेपालमा भएका पहाडहरूको समस्या के हो भने- एउटा डाँडाको टुप्पाबाट अर्को डाँडाको टुप्पामा भएको मान्छेलाई बोलाउन सकिन्छ । तर त्यही डाँडाबाट अर्को डाँडामा हिँडेर जानु पर्‍यो भने तीन-चार घण्टा लाग्छ । यही डाँडाको टुप्पा टुप्पालाई रोप-वेले जोड्न सकिन्छ । अथवा २-४ किलोमिटर रोप-वेले जोड्न सकियो भने धेरै डाँडाका बस्ती र टुप्पाहरूलाई मूल सडकसंग जोड्न सकिन्छ ।

मुस्ताङलाई नै उदाहरणको रूपमा लिउँ- म्याग्दीको बेणीभन्दा अलि माथिसम्म बाटो गइसकेको छ । त्यहाँदेखि जोमसोमसम्म रोप-वे राख्ने हो भने त्यहाँ तीनवटा सेक्टर (स्टेशन) ले जोड्नु पर्ने हुन्छ । जस्तो, बेनीभन्दा माथि तातोपानी अथवा त्यसभन्दा अलि माथि घासासम्म एउटाले जोड्ने भयो । घासाभन्दा माथि अर्को स्टेशनले जोड्ने भयो । त्यसभन्दा माथि जोमसोमदेखि अलि वरै कोवाङ्ग भन्ने ठाउँसम्म अर्को स्टेशनले जोड्ने भयो । त्योभन्दा माथि त समथल नै छ । त्यहाँ बाटो बनाए पनि हुन्छ । अहिले पनि त्यहाँ ट्र्याक्टर चल्छ ।

जसरी चीन, स्विटजरल्याण्ड आदि देशहरुमा एकातिर पर्यटन उद्योग र अर्कोतिर पहाडी क्षेत्रमा फलफूल खेती, पशुपालन र त्यससंग सम्बन्धित ऊन र डेरी उद्योग, फलफूलको जूस बनाउने उद्योगहरु र रक्सी एकै साथ चलाइराखेका छन्, नेपालको मुस्ताङ र जुम्ला, हुम्ला र अन्य क्षेत्रमा पनि ती कुराहरु गर्न सम्भव छ ।



नेपालमा भएका पहाडहरुको समस्या के हो भने- एउटा डाँडाको टुप्पाबाट अर्को डाँडाको टुप्पामा भएको मान्छेलाई बोलाउन सकिन्छ । तर त्यही डाँडाबाट अर्को डाँडामा हिँडेर जानु पर्‍यो भने तीन-चार घण्टा लाग्छ ।

मुस्ताङमा रोप-वे राख्नको लागि अध्ययन गराउन त्यहाँका जिल्ला सभापति प्रयासरत हुनुहुन्छ । प्राविधिक रूपले त्यहाँ रोप-वे स्थापना गर्न सम्भव छ । तर त्यहाँ बाटो अलि लामो भएकोले त्यसको लागि आवश्यक खर्च स्थानीय रूपले उठाउन सकिन्छ वा सकिँदैन, त्यसमा विचार पुऱ्याइनु पर्छ । हाम्रो सोचाई के हो भने, रोप-वे बनाइसकेपछि त्यसमा फेरि मर्मतको लागि सरकारले पैसा खर्च गरिरहनु नपरोस् ।

त्यहाँ अहिलेको स्थितिलाई मात्र हेर्ने हो भने, त्यहाँ स्याउ मात्र उत्पादन हुन्छ । २/३ महिना मात्र स्याउ ढुवानी गर्न सकिने संभावना छ । र, स्याउको त्यति ढुवानीले मात्र रोप-वेको खर्च उठ्न सक्तैन । त्यहाँ फेरि, पर्यटन क्षेत्र भएकोले टुरिष्टहरू ओसार्न रोप-वे राखौं भन्ने कुरा पनि भइरहेको छ । तर मान्छे ओसार्नको लागि रोप-वे राख्ने हो भने एकातिर सामान ओसार्ने रोप-वे निर्माण गर्नुभन्दा बढी खर्च लाग्छ । अर्कोतिर, वर्षैभरि टुरिष्टहरू आइरहँदैनन् । यसबाट झनै घाटा लाग्ने संभावना हुन्छ ।

तर आशा लाग्दो कुरा के छ भने, रोप-वेबाट सामान ढुवानीको ग्यारेन्टी भएपछि भट्टे डाँडामा जस्तै त्यहाँका किसानहरूले विभिन्न वस्तुहरू उत्पादन गर्ने काममा हात हाल्न सक्छन् । अहिले पनि मुस्ताङमा स्याउको जुस, ब्राण्डी बनाउने उद्योगहरू सञ्चालित छन् । हालसालै पनि थप घरेलु उद्योगहरू दर्ता भएको सुन्नमा आएको छ । यसकै लागि पनि रोप-वे ढुवानीले प्रशस्तै टेवा पुऱ्याउन सक्छ ।

जसरी चीन, स्विटजरल्याण्ड आदि देशहरूमा एकातिर पर्यटन उद्योग र अर्कोतिर पहाडी क्षेत्रमा फलफूल खेती, पशुपालन र त्यससंग सम्बन्धित ऊन र डेरी उद्योग, फलफूलको जूस बनाउने उद्योगहरू र रक्सी एकै साथ चलाइराखेका छन्, नेपालको मुस्ताङ र जुम्ला, हुम्ला र अन्य क्षेत्रमा पनि ती कुराहरू गर्न सम्भव छ । ढुवानीको ग्यारेन्टी भएपछि त्यस्ता उद्योगहरू चलाउन मान्छेहरू अघि सर्न सक्छन् ।

हामीकहाँ याक-चीज भनेपछि धेरै प्रख्यात छ । याक-चीज उत्पादन गर्न सक्ने संभावना त्यहाँ छ । ट्यूलिपको फूल (Tulip) त्यहाँ धेरै राम्रोसंग फुल्दो रहेछ । त्यसकै उत्पादन गर्न सकिन्छ । झन अध्ययन गर्दै जाने हो भने, त्यहींकै हावापानीमा मात्र उत्पादन हुन सक्ने बिउहरू पनि कैयन हुन सक्लान् । मुस्ताङमा जापानीहरूले त्यस्तो गरिरहेको पनि देखिएको छ । त्यसलाई हामीले विदेशमा समेत निर्यात गर्न सकिने हुन सक्छ ।

यदि फलफूल, जुस, चीज, वाइन जस्ता टुरिष्टहरूले प्रयोग गर्ने वस्तुहरू, जुन कुरा अहिले विदेशबाट मगाउनु परिरहेको छ, ती वस्तुहरू स्थानीय क्षेत्रमै बन्न थाल्यो भने, त्यो सबै पैसा स्थानीय क्षेत्रमै रोकिन सक्छ । अहिले पनि त्यहाँ स्थानीय क्षेत्रमै रहेको भेँडा, च्यांग्रा आदिको ऊनबाट टोपी, पंजा, ज्याकेट आदि वस्तुहरू उत्पादन भइरहेको छ । ती वस्तुहरू टुरिष्टहरूले र स्थानीय वासिन्दाहरूले मात्र किन्ने गरेका छन् । हुनसक्छ, ढुवानीको ग्यारेन्टी भएपछि ती वस्तुहरू अन्त पनि जान सक्लान् ।

त्यस्तै, रूम्जाटारको राडी प्रख्यात छ । तर त्यहाँबाट यहाँसम्म बोकेर ल्याउँदा ल्याउँदै महंगो हुने हुनाले हामीले बेल्जियमको गलैंचा प्रयोग गर्न थाल्यौं । यदि गलैंचाभन्दा सस्तोमा यहाँ ल्याई पुऱ्याउन सकियो भने, राडी कसले नकिन्ला र ?

फेरि, मुस्ताङको हकमा त रोप-वे अति नै आवश्यक ढुवानीको साधन हो । मुस्ताङ भनेको प्राकृतिक रूपले अति नै सुन्दर क्षेत्र हो । अहिले त्यहाँ यति धेरै पर्यटन व्यवसाय चल्नुको कारण त्यहाँको सौन्दर्य र संस्कृति हो । त्यही कुरा हेर्नको लागि नै पर्यटकहरू त्यहाँ जाने गर्छन् । यदि बाटो बन्यो भने, मान्छेहरू बसमा जान्छन् र बसमै आउँछन् । जसले गर्दा मुस्ताङ जाने बाटोमा व्यवसाय चलाएर बसेका व्यवसायीहरू बसाइँ सर्नुपर्ने हुन्छ । त्यसैले, यदि त्यहाँ रोप-वे राखियो भने, सामानको ढुवानी रोप-वेले गर्छ । पर्यटन व्यवसाय पनि जस्ताको तस्तै चलिरहन्छ । पछि सकिँदा मान्छे चढ्ने रोप-वे प्रविधिकै केवल-कार चलाए पनि हुन्छ । यही कुरा अन्य क्षेत्रहरूमा पनि लागू हुनसक्छ ।

## रोप-वेले वातावरणलाई यसरी जोगाउँछ

रोप-वेले वातावरणलाई पनि जोगाउन सक्छ । पहिलो कुरा त, बाटो बनाउँदा प्राकृतिक स्रोतहरूको जति क्षति हुन्छ, त्यो रोप-वे बनाउँदा हुँदैन । पहाडी क्षेत्रमा बाटो बनाउँदा त्यहाँ भएको कुराहरू नाश गर्नुपर्ने हुन्छ । जस्तो ढुङ्गा पल्टाउने, माटो फाल्ने र रूखहरू समेत काट्नु पर्ने हुन्छ । ती कुराहरू एक पटक बिगारी सकेपछि फेरि बनाउन सकिँदैन । फेरि हामीकहाँ बाटो बनाउने काम वातावरण सुहाउँदो बनाउनुभन्दा जसरी होस्, सडक निर्माण गर्ने ढंगले मात्र गर्ने गरिन्छ । वातावरणलाई नबिगारिकन बाटो बनाउने अवधारणा हामीकहाँ लागू भइसकेको छैन । बाटो बनाउँदा जति कुराको हामी क्षति गर्छौं, त्यो सधैंको लागि क्षति हुन्छ । बाटो बनाउँदा एकचोटि शुरू भएको पहिरो धेरै समयसम्म रोकिँदैन ।

अर्कोतर्फ, बाटो बनिसकेपछि गाडी चल्दा डिजेल, पट्रोलबाट हुने प्रदूषणले वातावरणलाई बिगार्ने कुरा छँदैछ । तर रोप-वे निर्माण गर्दा बाटो बनाउँदा जस्तो वातावरणलाई बिगार्नु पर्दैन र साथै रोप-वे विजुलीबाट चल्ने भएकोले इन्धनबाट पैदा हुने प्रदूषण पनि हुँदैन ।

## नेपालमा कहाँ केका लागि कस्ता खालका रोप-वे

# रोप-वेबाट काठमाडौंको फोहर समेत तह लगाउन सकिन्छ !

### संचालन गर्न सम्भव छ ?

नेपालमा रोप-वेको शुरूवात धेरै पहिलेदेखि भएको हो । अहिले पनि मानिसहरूले विभिन्न ठाउँहरूका खोलाहरूमा परम्परागत तरिकाले खोला तर्ने काममा रोप-वे चलाइरहेका छन् । तर त्यसलाई विकास गर्ने कुरा कसैले सोचेनन् । त्यो चीज जहाँको तहीं रह्यो । तर युरोपियनहरूले खोला तर्ने रोप-वेलाई आधुनिकीकरण गरेर त्यसको व्यापक प्रयोग गरिरहेका छन् । उनीहरूले मान्छे ओसार्न र सामान ओसार्न व्यापक मात्रामा रोप-वेको प्रयोग गरिरहेका छन् । अझ यसको अत्यधिक प्रयोग जंगलबाट काठ ओसार्न र खेलमा मनोरञ्जन प्राप्त गर्नको लागि भइरहेको छ । वातावरणलाई कुनै हानी नपुऱ्याइकन जहाँ रूख काटियो, त्यहाँबाट टपक्क टिपेर ल्याउन अस्थायी रोप-वेको प्रयोग गरिन्छ । यो रोप-वेमा एउटा मेशिन हुन्छ र त्यसमा एउटा तार जोडिएको हुन्छ, जहाँ काठ छ, त्यहाँ सो मेसिन पठाइन्छ र त्यसले काठ टिपेर ल्याउँछ । यसलाई जहाँ आवश्यक हुन्छ, त्यहीं लान सकिन्छ । यसलाई केवल क्रेन भनिन्छ ।

यही स्थायी रोप-वेलाई अन्य काममा पनि प्रयोग गर्न सकिन्छ । जस्तो- खोलापारि ढुंगाको खानी छ, तर त्यहाँ यातायातको साधन लान सकिंदैन । त्यहाँ पनि यही रोप-वेबाट सजिलैसंग ढुंगा तान्न सकिन्छ । अथवा खोलापारि कुनै निर्माण कार्य भइरहेको छ भने यही अस्थायी रोप-वेबाट निर्माण सामग्री पठाउन सकिन्छ । जब निर्माण कार्य सकिन्छ, तब रोप-वेलाई सजिलैसंग झिकेर अन्त लान सकिन्छ । त्यस्तै सिंचाई, खानेपानी वा बिजुलीको आयोजना संचालनको लागि कहीं पाइप लाइन गाड्नु पऱ्यो, तर त्यहाँ पाइपहरू गाडीबाट बोकेर लैजान सकिंदैन भने त्यस्ता ठाउँहरूमा पनि यो अस्थाई रोप-वेले पाइप बोकेर जहाँ राख्नुपर्ने हो, त्यहाँ सजिलैसंग राखिदिन सक्छ । यसरी यो रोप-वेले सजिलैसंग निकै सुलभ र सस्तोमा निर्माण कार्य सम्पन्न गर्न मद्दत गर्न सक्छ । विदेशमा रोप-वेले यी कामहरू सम्पन्न गरिरहेका छन् । यसको ज्वलन्त उदाहरण स्विट्जरल्याण्ड र अष्ट्रिया हो ।

हुन त नेपालमा पनि दोलखाको पहिरो नियन्त्रण गर्नको लागि खोलामा टेट्रापोलहरू बनाउन यही प्रविधि प्रयोग गरिएको थियो । त्यहाँ सडकमा सिमेन्टको मसला बनाएर क्रेनले बोकेर खोलामा टेट्रापोल बनाउने ठाउँमा खन्याउने काम गरेको थियो । झिमरूक जलविद्युत आयोजनामा सामान ओसार्नको लागि पनि रोप-वेको प्रयोग गरिएको थियो ।

तर पनि नेपालमा यसको व्यापक प्रयोग भएको देखिंदैन । नेपालमा यस्ता रोप-वेको प्रयोग गर्न सकियो भने निकै सस्तोमा आयोजना संचालन गरेर धेरैभन्दा धेरै फाइदा प्राप्त गर्न सकिन्छ । जस्तो, महाभारत श्रृंखलाहरूमा निकै धेरै पुराना काठहरू उत्तिकै सडिरहेका हुनसक्छन् । ती ठाउँहरूमा लडेका र सडेका काठहरू मात्र झिक्न सकियो भने पनि शायद दशौं करोडको काठ हुन सक्थ्यो । यसले धेरै मात्रामा हालको दाउरा र काठको माग पूरा गर्न सकिन्थ्यो र नयाँ जंगलहरू नाश हुनबाट जोगाउन सकिन्थ्यो ।

त्यस्तै किसिमले रोप-वेको निर्माण विभिन्न दुर्गम क्षेत्रहरूमा गर्न सकियो भने, ती ठाउँहरूमा मौजुद कृषि उत्पादनहरू बजारसम्म पुऱ्याउन पनि ठूलो मद्दत हुने थियो । अहिले पनि पहाडको विभिन्न ठाउँहरूमा फलफूल, फर्सी, काँक्रो, इस्कुस तथा अन्य तरकारीहरू लाखौं लाखको त्यसै उत्पादन भइरहेका छन् । ढुवानीको अभावमा त्यसलाई बजारमा पुऱ्याउन नसकेर ती कुहेर खेर गइरहेका छन् । हेलम्बुको स्याउले बजार नपाएर स्याउको बोट काट्नु पर्ने अवस्था आइसकेको छ । कफीको उत्पादन गर्न सक्ने नेपालका विभिन्न ठाउँहरू छन् । तर ढुवानीको अभावमा हामीले यी सबै कुराहरू भारतबाट आयात गरिरहनु परेको छ । यदि ती दुर्गम क्षेत्रहरूमा रोप-वे राख्न सक्यौं भने आफ्नै देशमा ती वस्तुको उत्पादन बढाउन सक्नेछौं । निर्यात गर्न सक्ने छौं र विदेशको भर पर्नुपर्ने छैन ।

### रोप-वेबाट काठमाडौंको फोहर समेत तह लगाउन सकिन्छ !

काठमाडौंमा बढ्दो जनसंख्याको बढ्दो फोहरले काठमाडौंलाई नै दुर्गन्धित पारिरहेको छ । यहाँको मुख्य समस्या भनेको डम्पिङ साइटको समस्या हो । काठमाडौं वरिपरि जताततै बाक्ला बाक्ला बस्तीहरू छन् । ती ठाउँहरूमा फोहर थुपार्न कोही चाहँदैनन् । त्यसैले यहाँ रहेको फोहरहरू कहाँ लगेर राख्ने भन्ने कुरा वास्तवमा टाउको दुखाइको विषय भएको छ । अहिले गोकर्णमा फोहर फाल्ने गरिएको छ । अब त्यहाँ पनि बन्द गर्ने स्थिति आइसकेको छ । लामो समयको लागि फोहर कहाँ फाल्ने भन्ने कुरा एउटा ठूलो समस्या भएको छ ।

यदि यो फोहरलाई चन्द्रागिरी डाँडाको पारि लगेर फाल्न पाइयो भने यो समस्या लामो अवधिको लागि समाधान हुनेछ । त्यो ठाउँमा फोहर फाल्न सकियो भने त्यहाँको खाली ठाउँ पचासौं वर्षमा पनि भरिँदैन । त्यहाँ खासै बस्ती पनि छैन । त्यहाँ भएका १०/२० घरलाई अन्त लगेर राख्न पनि सकिन्छ । त्यसले खास ठूलो असर पनि गर्दैन । त्यहाँ मुख्य पानी जाने ठाउँहरू पनि छैनन् । त्यसकारणले त्यस फोहरले कुनै जलस्रोतलाई असर पनि पर्दैन ।


फेरि, त्यो फोहर त्यहाँसम्म लानको लागि नयाँ रोप-वे राख्नु पर्ने आवश्यकता पनि छैन । काठमाडौंदेखि हेटौंडासम्म चल्ने रोप-वे छँदैछ । त्यसको एउटा सेक्टर टेकूदेखि फाखेलसम्म चल्छ । त्यो रोप-वे काम नपाएर त्यसै बसिरहेको छ । त्यो रोप-वेलाई सदुपयोग गरेर त्यसबाट फोहर फाल्ने व्यवस्था गर्न सकियो भने त्यसबाट धेरै फाइदा हुने देखिन्छ ।

पहिलो कुरा त, काम नपाएर बसिरहेको रोप-वेले काम पायो । दोस्रो कुरा, फोहर एकैचोटि उपत्यका बाहिर पुऱ्याउन सकियो । तेस्रो फाइदा, यो फोहर ओसार्ने काम रातको ११ बजेदेखि बिहान ३/४ बजेसम्म गरियो भने रातमा त्यत्तिकै बसिरहेको बिजुली प्रयोग हुन सक्थ्यो । यसबाहेक पनि अर्को उपलब्धि के हो भने- नेपालले आफ्नै चीजहरूको उपयोग गर्न थालेछन् भन्ने कुरा दातृ संस्थाहरूका मानिसहरूले देख्न सक्थे । फेरि त्यो फोहर त्यहाँ लगिसकेपछि त्यहाँबाट मल उत्पादन गर्न पनि सकिने हुन्छ । फोहर फाल्नको लागि उपयुक्त ठाउँ कुनै पनि छैन । नजिक र रोप-वे अहिले नै भएको तर उपत्यकाबाट टाढा ठाउँ त्यो हो ।


एउटै कुरा के हो भने, रोप-वेलाई केही रूपान्तरित गर्नुपर्ने हुन्छ । फोहर कहीं बाटोमा वा घरको छानामा नपरोस् भन्नाको लागि फोहर राखेर बन्द गर्न सक्ने खालका प्लास्टिकका डिब्बाहरूको व्यवस्था गर्नुपर्ने हुन्छ ।

### नेपालमा कहिलेदेखि कहाँ कहाँ संचालित छ रोप-वे ?

नेपालमा सबभन्दा पहिले चलेको रोप-वे काठमाडौं-हेटौंडाको हो । यो रोप-वे ९० सालको भुइँचालोपछि स्थापना भएको थियो । यो रोप-वे ४२ कि.मि. लामो छ । त्यतिबेला नुन सिमेन्ट जस्ता सामानहरू ल्याउन यसको निर्माण गरिएको थियो । यो रोप-वेले सस्तोमा र छिटो सामान काठमाडौंमा ल्याई पुऱ्याउँछ । यति हुँदा हुँदै पनि यसले काम पाइराखेको छैन । किन यसले काम पाएन ? त्यसको आफ्नै समस्या होला । रोप-वेको कुरा उठ्ने बित्तिकै मानिसहरू यही रोप-वेलाई सम्झन्छन् । यो रोप-वेको त केही काम छैन भन्छन् । त्यो रोप-वेले काम दिन सकेन, त्यसको कामै छैन भनेर मान्छेहरू धारणा बनाउँछन् । किन काम दिन सकेन भनेर केलाएर हेर्ने काम कसैले गरेनन् ।



रोप-वेको कुरा उठ्ने बित्तिकै मानिसहरू काठमाडौं-हेटौंडाको रोप-वेलाई सम्झन्छन् । त्यो रोप-वेले काम दिन सकेन, त्यसको कामै छैन भनेर मान्छेहरू धारणा बनाउँछन् । किन काम दिन सकेन भनेर केलाएर हेर्ने काम कसैले गरेनन् ।



**स्विट्जरल्याण्ड, अष्ट्रिया, फ्रान्स आदि देशहरुले जस्तै नेपालले पनि रोप-वेबाट काफी फाइदा उठाउन सक्छ । तर अहिलेसम्म नेपालले यसको प्रयोग त्यति राम्ररी गर्न सकेको छैन ।**

त्यसपछि फ्याक्ट्रीहरूमा रोप-वे बन्यो । जस्तो, खरीढुंगा उद्योगमा दोलखादेखि लामोसाँगुसम्म ढुंगा ओसार्न रोप-वे प्रयोग गरिएको थियो.। त्यहाँ अहिले उद्योग पनि बन्द भयो र रोप-वे पनि बन्द भयो । अर्को, हेटौंडा सिमेण्ट कारखानामा ढुंगा ओसार्न प्रयोग गरिएको छ । तर यी रोप-वेसंग आम मानिसहरूको कुनै सरोकार रहेन ।

भट्टे डाँडाको रोप-वे बनिसकेपछि भने कुनै एउटा १००/२०० घर भएको गाउँमा छोटो दूरीको रोप-वे चलाउने हाम्रो अवधारणाअनुसार गोरखाको वारपाकमा रोप-वेको निर्माण भएको छ । त्यहाँ पहिले नै साना जलविद्युतको बिजुली निकालिसकेको थियो । त्यसैलाई प्रयोग गर्न भनेर पनि रोप-वेको निर्माण गरियो । अर्को, मनकामना मन्दिरमा मान्छे बोक्ने रोप-वेको योजना नै भयो । र, अर्को म्याग्दीको सिखामा जंगलबाट घाँस ल्याउनको लागि प्रयोग भएको रोप-वे भयो । यसरी कुनै कुनै ठाउँमा रोप-वेको संचालन भएको देखिन्छ । तर रोप-वे निर्माण गर्न अध्ययन भने काफी ठाउँहरूमा भइरहेको छ । यसको लागि यु.एन.डि.पी.ले पनि अध्ययन गराएको छ ।

तर मान्छेहरूको खासै ध्यान रोप-वे बनाउनमा गइरहेको छैन । मान्छेहरूको ध्यान यतातिर नजानुको कारण के देखिन्छ भने, यसमा हात हालिसकेपछि यो काम पूरा गरेरै छोडनु पर्ने हुन्छ । कहाँदेखि कहाँसम्म रोप-वे जोड्ने उद्देश्य राखेर काम शुरू भएको हो, त्यो पूरै गर्नुपर्छ । यसलाई बीचैमा छोड्नु भनेको लगानी खेर जानु हो । तर बाटो बनाउँदा जहाँसम्म पैसाले भ्यायो, त्यहींसम्म बनाएर छोडे हुन्छ । १० किलोमिटर बाटो बनाउन १० वर्षसम्म लागेको देखिएको छ । तर रोप-वेको निर्माण त्यसरी सम्भव हुँदैन । यसमा काम शुरू गरिसकेपछि नसिद्धिएसम्म निरन्तर लागिरहनु पर्छ । र, बनाउनेहरूमा लगनशीलता चाहिन्छ । त्यही निरन्तरता र लगनशीलता हामीमा छैन । यही कारणले पनि मानिसहरूको ध्यान रोप-वे निर्माण गर्नमा नगएको हुनसक्छ ।

## विदेशको अनुभव

अष्ट्रियामा रोप-वेको प्रयोग विविध कामको लागि भइरहेको छ । जस्तै, जंगलबाट वातावरणलाई नबिगारिकन काठलाई सडकमा ल्याइपुर्‍याउन किसानहरूले व्यक्तिगत रूपमा पनि रोप-वे राखेर लेकमा रहेको खर्कबाट तल आफ्नो वस्तुपालन गरेको घरमा घाँस ल्याउनको लागि पनि रोप-वेको प्रयोग गरिरहेका छन् । त्यस्तै, आयोजनाहरूमा निर्माण सामग्रीहरू मात्र ओसार्ने तथा खाद्यान्न ओसार्ने काममा पनि रोप-वे प्रयोगमा ल्याइएको छ । जस्तो, पहाडको टुप्पामा पर्यटनको लागि एउटा रिसोर्ट बनाउन खोजियो । तर त्यहाँ यातायातको साधन पुग्न सक्तैन । त्यस्ता ठाउँहरूमा रिसोर्ट बनाउन निर्माण सामग्री लैजान र रिसोर्ट बनिसकेपछि त्यहाँका होटेलहरूको लागि आवश्यक सामग्री लैजान पनि रोप-वेकै प्रयोग गरिएको छ । यसले गर्दा टुरिष्टहरू मज्जाले हिँडेर माथि पुग्न सक्छन् र तलका होटेलमा जस्तै सस्तो र सुलभ रूपमै उपभोग्य सामान माथि डाँडामा पनि पाउन सक्छन् ।

त्यस्तै, एक घरबाट अर्को घरमा सामान पुर्‍याउन र खोला तर्न पनि रोप-वेलाई प्रयोगमा ल्याइएको छ । कहीं मोटर गाडीहरू खस्यो र त्यसलाई निकाल्न पर्‍यो भने पनि रोप-वेको नै प्रयोग गर्छन् । अष्ट्रियाको पहाडी क्षेत्रहरूमा व्यापक रूपमा रोप-वेको प्रयोग भइरहेको छ ।

अष्ट्रियामा जस्तै स्विट्जरल्याण्ड तथा फ्रान्सका पहाडी भागहरूमा व्यापक रूपमै रोप-वेको प्रयोग भएको देखिन्छ । स्विट्जरल्याण्डमा त पर्यटन उद्योगको लागि केवल-कारको प्रयोग व्यापक रूपमा गरिएको छ, जुन रोप-वेकै एउटा रूप हो । नेपाल पनि पहाडी देश भएको कारणले रोप-वेको प्रयोग गरेर ती देशहरूले जस्तै फाइदा उठाउन सकिन्छ ।

## नेपालमा रोप-वेलाई भविष्यमा कसरी विकास गर्न सकिएला ?

स्विट्जरल्याण्ड, अष्ट्रिया, फ्रान्स आदि देशहरूले जस्तै नेपालले पनि रोप-वेबाट काफी फाइदा उठाउन सक्छ । तर अहिलेसम्म नेपालले यसको प्रयोग त्यति राम्ररी गर्न सकेको छैन । यदि भविष्यमा यसको विकास गर्ने हो भने, रोप-वेलाई अगाडि लैजानको लागि श्री ५ को सरकारले ध्यान दिनुपर्ने हुन्छ । अझ भन्ने हो भने, श्री ५ को सरकारले रोप-वेको स्थापना र संभाव्यता अध्ययन गर्न एउटा छुट्टै संस्था नै खडा गर्नु जरूरी छ । र, त्यसले पहाडी क्षेत्रका विभिन्न गाउँघरमा जलस्रोत, ढुवानी, कृषि र औद्योगिक उत्पादन र जलविद्युतको विकासको लागि के गर्न सकिन्छ ?- अध्ययन गर्ने र लगानी पनि खोज्ने काम गर्नु पर्छ ।

मलाई लाग्छ, किसानहरूलाई ऋण दिएर पनि सानातिना रोप-वेहरू स्थापना गर्न सकिन्छ । अष्ट्रियासंगै कुरा गर्‍यो भने अष्ट्रियाले यसको लागि ऋण र प्रविधि दिन सक्ने सम्भावना छ । १०/१५ वर्षपछि रोप-वेले ढुवानी गरेको भाडाबाट वा गाउँकै आम्दानीबाट किसानहरूले ऋण तिर्न सक्छन् । जस्तो अष्ट्रियामा पनि सरकारबाट ऋण लिएर किसानहरूले रोप-वे संचालन गरिरहेका छन् ।

अर्को कुरा, रोप-वेको विकास गर्न हामीकहाँ प्राविधिक पक्षकै अभाव छ । यसमा पनि केही लगानी गर्नुपर्ने हुन्छ । डिजाइन गर्न सक्ने मानिसहरू र रोप-वेको लागि सामान यहीं नै पाउन सकियो भने अहिलेभन्दा सस्तोमा रोप-वेको निर्माण गर्न सकिन्छ । भट्टे डाँडामा रोप-वे बनाउँदा हामीले अष्ट्रियाबाट सामान ल्याएका थियौं । त्यसको लागि ढुवानी खर्च मात्रै ३ लाख रूपियाँ लाग्यो । त्यो सामान यहीं पाउन सकियो भने ढुवानी खर्च लाग्ने त भएन । यदि हामीले रोप-वे पनि स्थापना गर्दै जाने, प्राविधिज्ञहरू पनि उत्पादन गर्दै जाने र सामानहरू पनि यहीं बनाउँदै गयौं भने धेरै सस्तोमा सामानहरू पाउन सक्छौं । जस्तो, अहिले साना जल विद्युतको लागि सामान र प्राविधिज्ञहरू बजारमा उपलब्ध छन् । यसो भएको खण्डमा किसानहरूले आफ्नै सक्रियतामा ऋण लिएर रोप-वेको स्थापना गर्नेछन् ।

रोप-वेको विकासको लागि सरकारले एउटा निश्चित रणनीतिको तर्जुमा गर्नुपर्दछ । जस्तो, बाटो कहाँ लाने, कहाँ नलाने भन्ने कुरा पहिले नै निश्चित हुनु पर्‍यो । यदि त्यस्तो नीति भएन भने, कसैले ऋण लिएर कुनै ठाउँमा रोप-वे राख्यो, तर त्यहाँ तुरुन्तै बाटो गयो भने रोप-वेले बोक्ने सामान गाडीले बोक्न थाल्छ । त्यति बेला ऋण लिएर रोप-वे बनाउने किसानहरू डुब्न सक्छन् ।


फेरि माथि नै भनियो, नेपाल जस्तो पहाडी मुलुकमा जहाँ पायो त्यहाँ बाटो बनाएर खर्चको हिसाबले र वातावरणको हिसाबले फाइदा पनि छैन । त्यसैले कुन ठाउँमा राजमार्ग बनाउने ? कुन ठाउँमा सहायक मार्ग बनाउने भन्ने कुराको तय हुनु पर्‍यो । र, कहाँ कहाँ रोप-वे बनाउने भन्ने नीति पनि तय हुनु पर्‍यो । त्यसको साथै रोप-वेलाई मात्रै प्रोत्साहित गर्ने संस्था स्थापना पनि हुनु पर्‍यो ।

जस्तो, अब कोदारी राजमार्गका वरिपरिका डाँडाका वस्तीहरूमा पुग्न दुई दिन लाग्छ । ती ठाउँहरूमा बाटो लान त्यति सजिलो पनि छैन तथा खर्च र वातावरणको हिसाबले पनि त्यति फाइदा छैन । त्यस्तो ठाउँहरूलाई रोप-वेले सजिलैसंग राजमार्गमा जोड्न सकिन्छ । त्यस्तै किसिमले सुनकोशी तथा रोशीको छेउछेउबाट राजमार्ग बनायो, त्यसको वरिपरिका डाँडाहरूलाई रोप-वेले राजमार्गमा जोडिदियो । यस्तो खालको नीति तय भयो भने, ती डाँडाहरूमा उत्पादन भएका सामानहरू पनि सजिलैसंग बजारमा पुर्‍याउन सकियो र त्यहाँ आवश्यक भएका समानहरू पनि लैजान सजिलो भयो ।

यसरी सडकसंग विस्तार योजनासित संबद्ध गरेर एकीकृत रूपमा रोप-वेको विकास र विस्तार गर्न सकियो भने हाम्रो देशको सामाजिक विकास र परिवर्तनमा रोप-वेले ठूलो कायापलट ल्याउन सक्छ । यो नेपालको आमूल परिवर्तनको साधन हुन सक्छ । ❑

**रोप-वेको निर्माण काम शुरू गरिसकेपछि नसिद्धिएसम्म निरन्तर लागिरहनु पर्छ । र, बनाउनेहरूमा लगनशीलता चाहिन्छ । त्यही निरन्तरता र लगनशीलता हामीमा छैन ।**

# एक चिनारी-चिनियाँ उपचार प्रणाली अकुपंचरको



◆ डा. शम्भु उपाध्याय

## हो के अकुपंचर ?

अकुपंचर चीनमा हजारौं वर्ष पहिलेदेखि शुरूवात भएको हो। समयक्रमसँगै परिष्कृत र विकसित हुँदै आएर आज यो एक संगठित प्रणालीको रूपमा चिकित्सा विज्ञानको क्षेत्रमा स्थापित भएको छ। विश्व चिकित्सा प्रणालीमा आफ्नै विशिष्ट स्थान कायम राखेको परम्परागत चिनियाँ चिकित्सा विज्ञानको एक महत्वपूर्ण भाग हो- अकुपंचर-मोक्सिबुशन उपचार विधि।

परम्परागत चिनियाँ चिकित्सा प्रणालीको उपचार विधि दुई थरिका छन्। औषधि खुवाएर उपचार गर्ने विधि तथा औषधि नख्वाई अन्य तरिकाले उपचार गर्ने विधि। यसलाई आन्तरिक उपचार विधि र बाह्य उपचार विधि पनि भन्न सकिन्छ। अकुपंचर-मोक्सिबुशन उपचार विधि चाहिं विभिन्न रोगहरूको रोकथाम तथा उपचारको लागि प्रयोग गरिने बाह्य उपचार विधिमध्ये एक हो।

सरल भाषामा भन्दा, अकुपंचर भनेको मानव शरीरमा अवस्थित निश्चित बिन्दुहरू जसलाई "अकुप्वाइन्ट" भनिन्छ, त्यसमाथि मसिनो सियो घोचेर उपचार गर्ने विधि हो। त्यही अकुप्वाइन्टमाथि मोक्सा (चिनियाँ तितेपाती) बाट बनेको जडीबुटी बालेर त्यसबाट निस्केको तातोबाट उपचार गरिने विधि मोक्सीबुशन हो। त्यस्तै, अकुप्रेसर भनेको अकुप्वाइन्टमाथि औंलाले वा कुनै औजार प्रयोग गरी दवाब सिर्जना गरी उपचार गरिने विधि हो।

## कसरी विकसित भयो अकुपंचर ?


पुरातात्विक उत्खनन् तथा वैज्ञानिक अनुसन्धानअनुसार, अकुपंचरको शुरूवात ढुङ्गे युगदेखि नै भएको मानिन्छ। त्यस्तै मानिसले आगो पत्ता लगाएपछि मोक्शिबुशनको शुरूवात भएको मानिन्छ। अति प्राचीन कालमा शरीरमा दुखेको भागमा चुच्चो परेको ढुङ्गाले थिच्दा दुखाई कम हुने वा निको हुने अनुभवको आधारमा अकुपंचरको प्रारम्भ भएको मानिन्छ। कालक्रममा ढुङ्गाबाट उपचार तथा चिरफार गर्ने औजार बन्दै पछि गएर फलाम-तामा-सुन-चाँदीको सियोको विकास भई, हाल आएर मूलतः खियारहित स्टिलबाट निर्मित सियो प्रयोग गरेर अकुपंचर गरिन्छ। केही दशकदेखि आधुनिक इलेक्ट्रोनिक ज्ञानको प्रयोग गरी इलेक्ट्रो-अकुपंचर गर्नेदेखि लिएर विभिन्न खाले अकुप्रेसर गर्ने, मसाज गर्ने विद्युतीय उपकरणहरू पनि प्रचलनमा छन्। चिनियाँ तितेपातीको पातबाट चिनियाँ औषधि मिश्रित गरी बनेको र बाल्दा धूँवारहित हुने मोक्सा बालेर उपचार गर्ने मोक्सीबुशन उपचार प्रणाली पनि अचेल उपलब्ध छ।

## यसरी रोग निको पार्छ अकुपंचरले

अकुपंचर-मोक्सिबुशन रोग हेरी छुट्टा-छुट्टै पनि गरिन्छ र कहिले काहीं संगसंगै पनि गरिन्छ। रोग हेरी कति दिनको उपचार तालिका बनाउने, कति वटा अकुप्वाइन्ट प्रयोग गर्ने, कुन विधि अपनाउने आदि निर्धारित गरिन्छ। अकुपंचर गर्दा बिरामीलाई अमिलो दुखाई हुने, मासु लट्टिएको अनुभव हुने, फुलेको, गह्रौं भएको अनुभव हुन्छ भने कुनै प्वाइन्टबाट भने सियो रोप्दाको अनुभव निश्चित दिशा हुँदै शरीरको अर्को भागमा पुगेको अनुभव हुन्छ।

परम्परागत चिनियाँ चिकित्सा प्रणाली अनुसार, मानव शरीरका विभिन्न अंग-प्रत्यङ्ग र सम्पूर्ण प्रणालीलाई विभिन्न किसिमका "विशेष नशाहरू" (च्यानल-कोलेट्रल वा चिङ-लो) ले अति घनिष्ट तवरले एक-आपसमा जेलेका हुन्छन्। शरीरमा रहेका यिनै चिङ लो मा अकुप्वाइन्टहरू अवस्थित हुन्छन्। शरीरमा तलदेखि माथि वा माथिदेखि तलसम्म लामो रूपमा रहेका विशेष नसाहरूलाई च्यानल (चिङ) भनिन्छ। च्यानलबाट निस्केका शाखा नशाहरूलाई कोलेट्रल (लो) भनिन्छ। शरीरको भित्री अंगमा रोग लाग्दा यिनै नशाहरू मार्फत् शरीरको बाहिरी भागमा प्रतिक्रिया वा परिवर्तन देखिने हुन्छ। त्यस्तै, शरीरको बाहिरी सतह (छाला) मा शुरू हुने चेतना वा कुनै रोगको असर यिनै नशाहरू मार्फत् शरीरको भित्री भाग वा अन्य भागसम्म फैलिन जान्छ। त्यसैले शरीरको सतहमा

शरीरको बाहिरी सतह (छाला) मा शुरू हुने चेतना वा कुनै रोगको असर नशाहरू मार्फत् शरीरको भित्री भाग वा अन्य भागसम्म फैलिन जान्छ।



रेटिनाइटिस पिगमेन्टोसा (Retinitis Pigmentosa) रोगको उपचार गर्दै

रहेको अकुप्वाइन्टमा अकुपंचर र मोक्सिवुशन गर्दा यी प्वाइन्टबाट चिङ-लो मार्फत् रोग लागेको भागमा सूचना पुगी रोगहरू विरूद्ध लड्ने वातावरण तयार हुन्छ ।

परम्परागत चिनियाँ चिकित्सा विज्ञान अनुसार मानव शरीरभित्र जैविक शक्ति (vital energy) हुन्छ । यसैको गतिशीलतामा जीवन प्रक्रियाको सम्पूर्ण कार्य सम्पादन हुन्छ, जसको फलस्वरूप प्रत्येक कोष, अंग, तन्तु र सम्पूर्ण प्रणालीको समन्वयात्मक कार्य सन्तुलित रूपमा हुन जान्छ । जब शरीरबाटै शुरू भएको गडबडीको कारणले वा बाहिरबाट भएको आक्रमणको कारणले यो सन्तुलन खलबलिन्छ, तब मानिस अस्वस्थ हुन्छ । अकुपंचर, मोक्सिवुशन, अकुप्रेसरले गर्ने के हो भने यसको उपचारको असर चिङलो मार्फत् रोगजन्य भागमा हुन जान्छ, यसैले त्यहाँ भएको गडबडीलाई ठीक पार्छ र रोग निको हुन्छ । यो विधिले रोगको उपचार मात्रै गर्दैन, यसले रोगसंग लड्ने मानिसको क्षमतालाई बढाउने कार्य गर्छ । त्यसैले यो रोगको रोकथाममा पनि त्यत्तिकै प्रभावकारी हुन्छ ।


रोग हेरी यो दश दिन, पन्ध्र दिन, एक महिना, ३ महिना वा बढी समय पनि गर्नुपर्ने हुन्छ र यसको विभिन्न उपचार अवधि हुन्छन् । यो प्रायः दिनको एक पटक गर्नु पर्दछ । उपचार नियमित तथा पूरै समयवाधिसम्म गरेमा मात्र यसले राम्ररी काम गर्दछ ।

## के के निको हुन्छ, के निको हुन्न यसबाट

सयभन्दा बढी रोगमा सन्तोषजनक नतिजा दिएको यो उपचार विधिको आफ्नो सीमा पनि छ । शारीरिक बनावटमै परिवर्तन आएको, जन्मँदै देखिएको रोग, संक्रामक रोगहरू, क्यान्सर वा ट्यूमर, हाड भाँचिएको रोग, प्रायः अप्रेशन गर्नैपर्ने समस्याहरू, आकस्मिक दुर्घटनाबाट हुने आपतकालीन समस्यामा यो विधि उपयोगी हुँदैन । तर यी समस्याबाट हुने पीडालाई भने यस विधिले कम गर्न मद्दत गर्छ । यसले चिकित्साको क्षेत्रमा अन्य उपचार प्रणाली सरह पूरकको रूपमा सेवा पुऱ्याउँछ । यस विधिबाट विशेष प्रभावकारी रूपमा उपचार हुने रोगहरू निम्न छन् :

१) **दुखाइसम्बन्धी समस्याहरु** सबैखाले दुखाइहरू, नशाका दुखाइहरू, जनै खटिरा, पछि बेस्सरी नशा दुख्ने रोग (पोष्ट हर्पेटिक न्युराल्जिया), आदि ।

२) **हाड-जोर्नीका रोगहरु** : सबै खाले बाथ तथा जोर्नी दुख्ने रोगहरू जस्तै-रूमेटिक, रूमेट्वाइट, ओस्टियो, गाउट, एंकीलोजिङ स्पोण्डीलोशीश, हाड खिइने तथा हाड मासु दुख्ने रोगहरू जस्तै, कम्मर दुख्ने, कम्मर सड्कने, गर्धन-पाता दुख्ने, कुमको जोर्नी दुख्ने तथा चलाउन गाह्रो



**एंकीलुजिङ स्पोण्डीलोसिस** (Ankylosing Spondylosis) **रोगको उपचार गर्दै**

हुने (फ्रोजन सोल्जर), कम्मरदेखि दुखेर खुट्टासम्मको नशा दुख्ने रोग (सियाटीका) आदि ।

३) **नशा सम्बन्धी रोगहरु** : सबैखाले पक्षघातहरू, जस्तै शरीरको कुनै एक भाग नचल्ने, आधा शरीर नचल्ने, आधा शरीर लाटो हुने झमझमाउने, कम्मरमुनिको पूरै भाग नचल्ने, पोलियोपछिको तथा सुस्त मनस्थितिको पक्षघात वा लुलो-लङ्गडोपन, मुख बांगो भई आधा अनुहार नचल्ने, आधा अनुहार दुख्ने, गियाँ-बरी सिन्ड्रोम आदि ।

४) **स्त्री रोगमा महिनावारी गडबड हुने तथा महिनावारी हुँदा कम्मर दुख्ने, पाठेघर झर्ने** : पुरूषमा यौन शिथिलता आदि ।

५) **अन्य समस्याहरु** : टाउको दुख्ने, आधा कपाल दुख्ने, कान कराउने, दम धम्की तथा एलर्जीका समस्याहरू, अनिन्द्रा, बच्चाले राती ओछ्यानमा पिसाब फेर्ने समस्या, विभिन्न खाले जाँच्दा केही नभेटिने तर बिरामीलाई दुःख पीडाको अनुभव हुने समस्याहरू (साइको-सोमेटिक रोगहरू), लागू पदार्थको कुलत, अप्रेशनपछिको पेट फुल्ने, अप्रेशनको घाउ निको भएपछि पनि दुखिरहने, पिसाब रोकिने तथा पिसाब चुहिरहने आदि रोगमा यो प्रभावकारी हुन सक्छ । शुरूमा रतन्धो भएर पछि दुवै आँखा नदेख्ने रोग (रेटिनाइटिस पिगमेन्टोसा) तथा आधा अनुहार सुक्ने (हेमिफेसियल एट्रोफी) रोगको रोकथाम तथा स्थितिमा सुधार ल्याउन यसले मद्दत गर्दछ । अकुपंचरबाट शरीर बेहोश पारी (एनेस्थेसिया गरी) कतिपय अप्रेशन समेत गर्न सकिन्छ, जसको चीनमा प्रयोग भइरहेको छ । शरीरको प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्ने हुँदा धेरै अन्यखाले समस्यामा पनि शरीरलाई बलियो बनाई रोगको रोकथाम तथा उपचार दुवैमा यसले सघाउ पुऱ्याउँछ ।

## विश्व र नेपालमा अकुपंचर

छिमेकी मुलुकबाट शुरू भई हजारौं वर्षदेखि प्रयोगमा आइरहेको यो चिकित्सा विधि हाम्रो देशमा पनि करिब २५ वर्षदेखि प्रयोगमा छ । यो चिकित्सा विज्ञान छैठौं शताब्दीमै चीनबाट जापान तथा कोरियामा गएको हो । आजसम्म पनि पूर्वी एशियाका विकसित मुलुकहरूमा यो त्यत्तिकै प्रयोगमा छ । प्रायः संसारको सबैजसो मुलुकमा यो बढ्दो प्रयोगमा छ । खास गरी रासायनिक औषधिको साइड-इफेक्टबाट दिक्क भई कतिपय समस्याहरूमा पश्चिमाहरूले विकल्पको रूपमा यसलाई प्रयोग गर्दै आएका छन् ।

रासायनिक औषधिको साइड-इफेक्टबाट दिक्क भई कतिपय समस्याहरूमा पश्चिमाहरूले विकल्पको रूपमा यसलाई प्रयोग गर्दै आएका छन् ।

कम खर्चिलो, जहाँ पनि प्रयोग गर्न सकिने र उपचार गर्दा शरीरलाई हानी नछोड्ने यसको विशेषता नै हो । तर सियोलाई पूर्ण निर्मलीकरण नगरी पुनः प्रयोग गरियो भने रोग सर्न सक्ने कुराको बारेमा बिरामीले सजग हुनु आवश्यक छ । उपचारको लागि दिनदिनै धाउनु पर्ने व्यवहारिक असुविधा पनि केही हदसम्म लिन सकिन्छ । सिकारू मान्छेले संवेदनशील अंगमा सियो घोच्दा महत्वपूर्ण अंगहरू (फोक्सो, कलेजो) मा चोट पनि लाग्न सक्ने र खतराजनक स्थिति पनि आउन सक्छ । सियो घोच्दा सो ठाउँमा रगत जमी निलो डाम बन्न पनि सक्छ । त्यसर्थ, उपचार गर्न जाने ठाउँ तथा चिकित्सकको दक्षताबारे ध्यान दिनु आवश्यक छ ।

यस विषयमा नेपालमा स्नातक तहको दक्ष चिकित्सक ४-५ जना मात्र भएको, प्रायः सबै राजधानीमै केन्द्रित रहेको र राष्ट्रिय स्वास्थ्य नीतिको अस्पष्टताले गर्दा यो उपचार सेवा एक किसिमले लथालिङ्ग अवस्थामा चल्दै आइरहेको छ । यत्ति मात्र होइन, यसको व्यापक दुरूपयोग पनि भइरहेको छ । देशको विभिन्न भागमा स्वदेशी तथा विदेशी व्यक्तिहरूले छोटो समयको तालिमको आधारमा शरीर विज्ञान सम्बन्धी राम्रो अध्ययनबिना नै यो विधिलाई अर्थोपार्जनको माध्यम बनाइरहेका छन् । यसबाट यसको प्रभावकारितालाई गिराउने काम भइरहेको छ । त्यस्तै जन-साधारणमा यस विधिबारे राम्रो ज्ञान नभएको र धेरै जसो बिरामीहरू अन्य सबै उपचारबाट थाकेर अन्तिम विकल्पको रूपमा ढिलो भएपछि मात्र अकुपंचरको शरणमा आउने र कतिले उपचार अवधि नपुऱ्याई बीचैमा छाडिदिने गर्नाले पनि रोग निको पार्न गाह्रो हुने, फाइदा नदेखिने स्थिति पनि छ । अन्य चिकित्सकहरूमा यसको प्रभावकारिताको बारेमा राम्रो बुझाइको अभावमा उचित सल्लाह दिन नसक्दा पनि रोगीहरूले दुःख पाइरहेको स्थिति छ ।

तर राम्ररी प्रचार-प्रसार गरेर प्रयोग गरेको खण्डमा अकुपंचर (मोक्सिवुशन उपचार विधि) संसारको कुनै पनि विकसित उपचार प्रणाली सरह प्रभावकारी हुन सक्छ । यो सस्तो छ, सरल छ, प्रभावकारी छ, र मुख्य कुरो त यसको साइड इफेक्ट छैन । त्यसैले, सरकारले यो उपचार प्रणालीलाई पश्चिमी उपचार प्रणाली, आयुर्वेद, होमियोप्याथिकसंग एकीकृत गरी अभिन्न सहायक उपचार प्रणालीका रूपमा हरेक अस्पतालमा र हेल्थपोष्टमा पुऱ्याउनमा ध्यान कहिले दिने ?

◆ डा. शम्भु उपाध्याय काठमाडौं मोडेल अस्पतालमा कार्यरत हुनुहुन्छ ।


नव वर्ष २०५५ ले समस्त देशवासीहरूमा सफलता र समृद्धि प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बैंक लिमिटेड

नेपाल बैंक लिमिटेड

परिवार

# आइन्स्टाइनको सापेक्षताको सिद्धान्त के हो ?



◆ तुल्सीदास महर्जन

एउटा लामो र ढीलो चल्ने माल रेलगाडी भर्खरै स्टेशनबाट छुट्दैथ्यो। त्यस रेलगाडीमा सामानहरू भरिभराउ थिए र त्यसको सुरक्षार्थ सबभन्दा पछिल्लो डिब्बामा एक सशस्त्र सुरक्षाकर्मी बसेको थियो। रेलगाडीको बीचको एक खाली डिब्बामा केही यात्रीहरू पनि थिए। स्वभावतः ड्राइभर रेलगाडीको अघिल्लो छेउमा रहने नै भयो। त्यो रेलगाडी छुट्दै गरेको दृश्य स्टेशनको टिकट काउण्टरको एक कर्मचारीले हेर्दै थियो।

रेलगाडी चलेको केही छिनमै डाँकाहरूको एक समूहले त्यस रेलगाडीको ड्राइभर र सुरक्षाकर्मीलाई एकैसाथ गोली हानी मारे र डकैती गर्न थाले। डाँकाहरू पूरै सशस्त्र थिए र उनीहरूले सजिलै रेलगाडीमा रहेका बहुमूल्य सामानहरू ओसारेर लगे।

पछि त्यस डकैतीको घटनाका सम्बन्धमा प्रहरीले छानबीनको लागि रेलगाडीको बीच भागको डिब्बामा यात्रा गर्ने एक यात्री र स्टेशनको टिकट काउण्टरको कर्मचारीसंग बयान लियो। बयानमा यात्रीले डाँकाहरूले एकै साथ रेलगाडीको ड्राइभर र सुरक्षाकर्मीलाई गोली हानेको बतायो। तर, टिकट काउण्टरको कर्मचारीले भने, डाँकाहरूले पहिले सुरक्षाकर्मीलाई र पछि ड्राइभरलाई गोली हानेको कुरा बतायो।

बयान लिइसकेपछि प्रहरीलाई टिकट काउण्टरको कर्मचारीको भनाइ सही हो कि यात्रीको भनाइ सही हो, छुट्याउन कठीन भयो।

**विश्वप्रसिद्ध वैज्ञानिक सिद्धान्तको चिनारी**

वास्तवमा, भनाइहरू फरक फरक भए पनि यात्री र कर्मचारी दुवै सही थिए। किनकि, डाँकाहरूले रेलगाडीको सबभन्दा अघिल्लो छेउमा रहेको ड्राइभरलाई र पछिल्लो छेउमा रहेको सुरक्षाकर्मीलाई एकै साथ गोली हानेको भए तापनि बन्दूक पड्केको आवाज सुन्नमा रेलगाडीको बीच भागमा रहेको यात्रीलाई र रेलगाडीको पछिल्लो छेउ नजिक बाहिर स्टेशन काउण्टरमा रहेको कर्मचारीलाई फरक फरक समय लागेको थियो। रेलगाडीका अघिल्ला र पछिल्ला दुई छेउहरूमा बन्दूक पड्केको आवाज बीचको डिब्बामा रहेको यात्रीकहाँ एकै साथ पुग्दथ्यो। किनकि, त्यो ठाउँसम्म दुई ठाउँका आवाजहरूले उत्तिकै दूरी पार गर्नु पर्थ्यो। तर, स्टेशनको टिकट काउण्टर रेलगाडीको सुरक्षाकर्मी भएको पछिल्लो डिब्बाबाट धेरै नजिक भएकोले त्यहाँ पड्केको आवाज काउण्टरको कर्मचारीले चाँडै सुन्यो र टाढाको अघिल्लो ड्राइभरलाई हानेको बन्दूकको आवाज भने उसले ढीलो मात्र सुन्यो।

त्यसैले यसबाट के बुझिन्छ भने, एउटै घटना पनि फरक फरक अवस्था र स्थानमा रहेका दर्शकहरूका लागि फरक फरक समयमा घटित भएको अनुभव हुन्छ। अर्थात्, समय सबैको लागि एउटै अथवा निरपेक्ष नभई यो पनि दाँजोमा बुझ्नु पर्ने चीज हो अथवा यो सापेक्ष कुरो हो।

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' को एक मूलभूत, महत्वपूर्ण र क्रान्तिकारी कुरो पनि 'समय सापेक्ष' हुन्छ भन्ने विचार नै हो। यस अघिसम्म संसारले अर्को महान् वैज्ञानिक न्यूटनको 'समय निरपेक्ष' हुन्छ अर्थात् समय दाँजोमा आउने चीज नभई सबैको लागि उही र एउटै हुने कुरो हो भन्ने विचार नै मान्दै आएको थियो।

आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' ले विश्व ब्रम्हाण्डमा कुनै पनि चीज निरपेक्ष छैन भन्ने कुराको पुष्टि गर्दछ। त्यसले लम्बाई, परिमाण (mass), शक्ति, स्थान वा अन्तरिक्ष, समय र गति सबै कुराहरू सापेक्ष छन् भन्ने पुष्टि गर्छ। अर्थात्, तिनीहरूलाई तुलनामा वा दाँजोमा (relatively) मात्र बुझ्न र व्याख्या गर्न सकिन्छ भन्ने कुराको पुष्टि गर्दछ। 'सापेक्षताको सिद्धान्त' ले हाम्रो सम्बन्धमा रहेका बस्तुहरूको स्वभावको यथार्थ वर्णन हाम्रो ज्ञानको सीमाको सापेक्षतामा मात्र सम्भव हुन्छ भन्ने कुरा बताउँछ।

## विकास क्रम

'सापेक्षताको सिद्धान्त' को विकास क्रमलाई हेर्दा हामी एकछिन न्यूटन, ग्यालिलियो र २३ सय वर्ष अगाडिको अरस्तुको समयसम्म फर्कनु पर्ने हुन्छ।

वस्तु र प्रकृतिको सन्दर्भमा व्याख्या गर्ने क्रममा अरस्तुले 'वस्तुको प्राकृतिक अवस्था वा स्थिति स्थिरतामा रहन्छ र यसलाई कुनै बाहिरी बल वा झट्का दिएमा मात्र यो चल्दछ अथवा यो गतिमा जान्छ' भन्ने विचार व्यक्त गरे। उनले 'पृथ्वी स्थिर छ र यसको सतहमा गह्रौं वस्तुहरू बढी बल हुनुका कारणले चाँडै खस्छन्, हलुङ्गा बस्तुहरू कम बल हुनुका कारणले ढीलो खस्छन्' भन्ने कुरा गरे। अरस्तुले यी कुराहरू बताएर निरपेक्ष स्थिरता र निरपेक्ष गतिको कुरा गरेका थिए।


तर, पछि ग्यालिलियो (सन् १५६४-१६४२) र न्यूटन (१६४२-१७२७) ले अरस्तुको विचार गलत भएको पुष्टि गरिदिए। ग्यालिलियोले गणितशास्त्रद्वारा पृथ्वी स्थिर नभई यो सूर्यलाई परिक्रमा गर्ने गतिमा रहेको कुराको पुष्टि गरिदिए। त्यस्तै, उनले पिसा शहरको झुकेको धरहरा (लिनिङ्ग टावर) माथि गई गह्रौं र हलुका दुई ढुङ्गाहरू एकै साथ खसालेर तिनीहरू एकै समयमा जमीनको सतहमा खस्ने कुराको प्रयोगात्मक ढङ्गले नै पुष्टि गरिदिए।

न्यूटनले ग्यालिलियोकै विचारलाई विकसित गरेर विश्व ब्रम्हाण्डमा सबै वस्तुहरू गतिमा रहेको र बाहिरी बलले बस्तुको गतिमा मात्र परिवर्तन ल्याउने कुराको पुष्टि गरे। उनले विश्व ब्रम्हाण्डमा कुनै पनि कुराको निरपेक्ष स्थिरता (वा विश्राम) र निरपेक्ष गति नभएको तथ्य पत्ता लगाए। विश्व ब्रम्हाण्डमा चन्द्रमाले पृथ्वीलाई, पृथ्वीले चन्द्रमालाई समेत लिई सूर्यलाई, सबै ग्रहहरूले आ-आफ्ना उपग्रहहरूलाई साथ लिई सूर्यलाई, सूर्यले सबै ग्रह, उपग्रह र सौर्य परिवारमा रहेका सबै वस्तुहरू लिई आकाशगंगा, तारापुञ्जको केन्द्रलाई परिक्रमा गरिरहेका छन् भने आकाशगंगा तारापुञ्जले पनि आफूभित्र रहेका करीब डेढ खरब ताराहरू तथा त्यसभित्र रहेका सबै वस्तुहरूलाई लिई कुनै अनिश्चित दिशातिर यात्रा गरिरहेको छ।

यसरी न्यूटनले सापेक्ष विश्राम र सापेक्ष गतिको अवधारणालाई विकसित गरे। उनले गति सम्बन्धी प्रसिद्ध तीन नियमहरू (Newton's Law of Motion) प्रतिपादन गरे। साथै, उनले गुरूत्वाकर्षणको सिद्धान्तलाई पनि जन्म दिए।

न्यूटनका गति सम्बन्धी नियमहरू र गुरूत्वाकर्षणको सिद्धान्तले न्यूटनलाई वस्तु (पृथ्वीमा रहेको वा अन्तरिक्षमा रहेको) को अवस्था (position) वा स्थान (space) पनि निरपेक्ष नभई सापेक्ष हुने टुंगोमा पुऱ्याइसकेको थियो। उनका सिद्धान्तहरूको जगमा उभिँदा त्यही निश्कर्ष निक्लिन्थ्यो। तर, उनी 'परम ईश्वर'को विचारलाई अँगाल्दथे। आफ्नै सिद्धान्तले आफ्नो आस्थामाथि धावा बोल्दा उनी निकै चिन्तित भए। उनले आफ्नो आस्थालाई छोड्न सकेनन्। त्यसैले उनले अन्तसम्ममा पनि सापेक्ष स्थान वा सापेक्ष अवस्थाको विचारलाई स्वीकार्न सकेनन्। उनले निरपेक्ष गतिलाई अस्वीकार गरे पनि निरपेक्ष स्थान (Absolute Space) लाई भने स्वीकारे। त्यस्तै, न्यूटनले समयलाई पनि निरपेक्ष नै हुने चीजको रूपमा लिए।

निरपेक्ष स्थान र निरपेक्ष समय हुन्छ


अरस्तु


ग्यालिलियो


न्यूटन

**न्यूटनको गति सम्बन्धी नियमले अन्तरिक्षमा 'निरपेक्ष स्थान'को विचारलाई अन्त्य गरिदियो भने, आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' ले 'निरपेक्ष समय' को विचारलाई अन्त्य गरिदियो ।**

भन्ने सवालमा अरस्तु र न्यूटन एकै ठाउँमा रहे ।

न्यूटनका अनुसार, प्रकाश कुनै स्रोतबाट यसका कणहरू (light corpuscles) उछिट्टिएर फैलिने प्रक्रियाबाट स्थानान्तरण हुन्छ । र, यसको गति सबैको लागि समान हुँदैन ।

सन् १६७८ मा अर्का वैज्ञानिक हिगेन्सले प्रकाश कणहरूमार्फत् नभई तरङ्गको रूपमा फैलने विचार व्यक्त गरे । उनको विचार अनुसार, जसरी पोखरीमा ढुङ्गा हान्दा पानीको सतहमा विभिन्न वृत्तहरू बनाई तरङ्ग फैलिन्छ र जसरी हावाको माध्यमबाट ध्वनि-तरङ्ग फैलिन्छ, त्यसरी नै अन्तरिक्ष र पृथ्वी लगायत कुनै पनि शून्य ठाउँ र वस्तुभित्र पनि व्याप्त एक अनुमानित माध्यम इथर (ether) मार्फत् प्रकाशका तरङ्गहरू फैलिन्छन् । हिगेन्सका अनुसार, इथर एक यस्तो माध्यम हो, जसको तौल, मात्रा (mass) केही पनि हुँदैन । त्यसैले प्रकाश कुनै पनि शून्य स्थानमा र काँच जस्तो ठोस वस्तुमा समेत जान सकेको हो भन्ने विचार हिगेन्सको थियो ।

हिगेन्सको विचारलाई मान्ने हो भने, ब्रम्हाण्डमा इथर नै एक निरपेक्ष विश्राम (absolute rest) मा बसेको वस्तु हो भन्ने कुरा स्वीकार्नु पर्ने हुन्छ । त्यस्तै, इथरको दाँजोमा कुनै पनि वस्तुको निरपेक्ष गति (absolute velocity) निकाल्न सकिन्छ भन्ने कुरा पनि मान्नु पर्ने हुन्छ ।

यसैबीच, सन् १६७६ मा डेनिस खगोलशास्त्री ओले क्रिस्टेन्सेन रोमरले प्रकाशको गति पहिले विश्वास गरिए जस्तै अनिश्चित नभई निश्चित भएको र त्यो १ लाख ४० हजार माइल प्रति सेकेण्ड (हाल पुष्टि भएको १ लाख ८६ हजार माइल प्रति सेकेण्ड) भएको तथ्य अगाडि ल्याए । त्यस्तै, सन् १८६५ मा बेलायतका भौतिकशास्त्री जेम्स क्लर्क म्याक्सवेलले विद्युत चुम्बकीय तरङ्ग (elctro-magnetic wave) पत्ता लगाए ।

म्याक्सवेलको समयसम्म आइपुग्दा प्रकाश भन्ने कुरा तरङ्गहरू भएर नै फैलिने विचारमा धेरैको सम्मति कायम भइसकेको थियो र त्यो तरङ्ग अरू नभई विद्युत चुम्बकीय तरङ्ग नै हो भन्ने सम्मति पनि धेरैको भयो । तर, प्रकाशका तरङ्गहरूको माध्यम भनेर मानिएको इथरको अस्तित्वको बारेमा भने शंका उपशंका छँदै थियो ।

यदि इथर हुँदो हो त सूर्यलाई परिक्रमा गर्ने क्रममा पृथ्वी सूर्यको दिशामा चालमा जाँदा निरपेक्ष स्थिरताको स्थितिमा अन्तरिक्षमा रहेको इथरलाई यसले चिरेर गएको हुनुपर्छ र त्यस्तो अवस्थामा इथरको हुरीको कारणले प्रकाशको गति बढ्नु पर्छ । त्यस्तै, पृथ्वी सूर्यको विपरीत दिशामा जाँदा प्रकाशको गति घट्नु पर्छ । यी कुराहरूलाई पुष्टि गर्न सन् १८८७ मा अमेरिकी वैज्ञानिकहरू अल्बर्ट माइकेल्सन र एडवार्ड मोर्लीले उपयुक्त उपकरणको माध्यमबाट फरक फरक स्थितिमा प्रकाशको गति नाप्ने काम गरे । उनीहरूले जुनसुकै स्थितिमा पनि प्रकाशको गति ओले क्रिस्टेनसेन रोमरले भने जस्तै एउटै भएको पाए । उनीहरूको परीक्षणलाई अझ सन् १८८७ देखि १९०५ सम्मको समयमा डच भौतिकशास्त्री हेण्डरिक लरेन्ट्जले पटक पटक दोहोऱ्याएर हेरे र उनले पनि प्रकाशको गति सधैं एउटै भएको पाए ।

इथरको माध्यमबाट प्रकाशका तरङ्गहरू फैलिंदा पनि सधैं प्रकाशको गति एउटै किन भयो भन्ने सवाल वैज्ञानिकहरूको दिमागमा सुल्झिन नसकेको समस्याको रूपमा रहिरहेको थियो ।

ठीक यही समयमा सन् १९०५ मा अल्बर्ट आइन्स्टाइनले त्यो समस्यालाई बुझ्न निरपेक्ष विश्राममा रहेको इथरको अस्तित्व र निरपेक्ष समयको कुरालाई त्याग्नु पर्ने विचार आफ्नो प्रसिद्ध 'सापेक्षताको सिद्धान्त' मा प्रकाश पारे । उनले इथरको अस्तित्व नभएको र जसरी अरू विद्युत चुम्बकीय तरङ्गहरूलाई फैलिनको लागि कुनै माध्यमको जरूरी हुँदैन, त्यसरी नै प्रकाशका तरङ्गहरूलाई पनि कुनै माध्यमको जरूरी नभएको पुष्टि गरिदिए ।

आइन्स्टाइनले आफ्नो 'सापेक्षताको सिद्धान्त' लाई दुई प्रमुख सिद्धान्तहरूमा व्याख्या गरेका छन् ।

(१) **विशेष सापेक्षताको सिद्धान्त (Theory of Special Relativity)**

सन् १९०५ मा आइन्स्टाइनले प्रतिपादन गरेको यस सिद्धान्तले मुख्य रूपमा पाँच कुराहरूलाई औंल्याउँछ ।

(क) जतिसुकै वेगमा रहेका भए पनि स्वतन्त्र रूपले गतिमा रहेका सबै दर्शकहरूको लागि विज्ञानका सबै नियमहरू समान रूपले लागू हुन्छन् ।

(ख) दर्शकहरू जुनसुकै गतिमा रहेको भए पनि सबैले प्रकाशको गति एउटै भएको पाउँछन् । यो कुरालाई माइकेल्सन र मोर्लीको परीक्षणले पुष्टि गरिदिएको छ, जुन माथि उल्लेख भइसकेको छ ।

(ग) पदार्थ (mass) र शक्ति एउटै हुन् । यिनीहरू एक अर्कामा बदलिन सक्छन् । आइन्स्टाइनले यसको लागि एक विशेष सूत्रको आविष्कार गरे ।

$E=mc^2$

यहाँ E ले शक्ति, m ले पिण्ड वा पदार्थ र c ले प्रकाशको गति जनाउँछन् । यस सूत्रअनुसार, शक्तिलाई पदार्थको मात्रा र प्रकाशको गतिको वर्गको गुणनफलले नाप्न सकिन्छ ।

यस सिद्धान्तअनुसार, पदार्थ गतिमा जाँदा शक्तिमा बदलिन्छ र शक्ति स्थिरतामा आउँदा पदार्थमा बदलिन्छ । त्यसैले पदार्थ र शक्ति दुवै सापेक्ष कुराहरू हुन् । यो कुरालाई वैज्ञानिकहरूले अनुसन्धानशालाहरूमा प्रमाणित गरी देखाइसकेका छन् । जस्तो गामा किरण (gamma-ray) भन्ने पिण्ड (mass) नभएको शक्तिशाली किरणबाट 'इलेक्ट्रोन' र 'पोजिट्रोन' भन्ने दुई कणहरू पैदा भएको कुरा वैज्ञानिकहरूले उल्लेख गरेका छन् । त्यस्तै पिण्ड (mass) भएका 'इलेक्ट्रोन' र 'पोजिट्रोन' कणहरू मिलेर 'गामा किरण' मा परिवर्तित भएको पाइएको छ । त्यस्तै, परमाणु बममा १ ग्राम पदार्थ बिलाउँदा २१ अरब किलो क्यालोरी ताप शक्ति उत्पन्न हुन्छ । यो भनेको, दिनको १० हजार लिटर मट्टितेल जम्मा गर्दै गई २३ वर्षसम्म जम्मा गर्दा जति जम्मा हुन्छ, त्यो सबैलाई एकैचोटी बाल्दा जति ताप शक्ति उत्पन्न हुन्छ, त्यति बराबरको ताप शक्ति १ ग्राम पदार्थ बिलाउँदा उत्पन्न हुन्छ ।

(घ) कुनै पनि वस्तुको गति प्रकाशको गतिभन्दा बढी हुन सक्दैन । किनकि, वस्तुको पिण्ड त्यसको गतिको सापेक्षमा कायम भएको हुन्छ । वस्तु जति बढी गतिमा जान्छ, त्यति नै त्यसको पिण्डमा बृद्धि हुन्छ । यदि वस्तुलाई प्रकाशको गतिको आधा गतिमा लाने हो भने, त्यसको पिण्डमा डेढीले बृद्धि हुन्छ । तर जति बढी पिण्डमा बृद्धि हुन्छ, त्यति नै फेरि वस्तुलाई गतिमा लाने शक्तिको पनि जरूरत हुन्छ । त्यसैले प्रकाशको गतिमा वस्तु चलायमान हुन खोज्छ भने, त्यसको पिण्डमा दोब्बरले बृद्धि भई त्यसलाई त्यो गतिमा कायम राख्न त्यसको सम्पूर्ण पदार्थ शक्तिमा बदल्नु पर्ने हुन्छ । यसले गर्दा वस्तुको गति प्रकाशको गतिभन्दा बढी हुन पाउँदैन ।

(ङ) समय निरपेक्ष नभई यो पनि अरू जस्तै सापेक्ष छ । यो पूर्णतः स्वतन्त्र नभई यसले अन्तरिक्षसित मिली अन्तरिक्ष समय (space-time) भन्ने चीज बनाउँदछ ।

२) **सामान्य सापेक्षताको सिद्धान्त** (Theory of General Relativity)

विशेष सापेक्षताको सिद्धान्तको जगमा सामान्य सापेक्षताको सिद्धान्त उभिएको छ । सामान्य सापेक्षताको सिद्धान्तले गुरूत्वाकर्षको नियम र प्रकृतिका अन्य बलहरूसंगको यसका सम्बन्धहरूलाई व्याख्या गर्दछ । आइन्स्टाइनले यो सिद्धान्त सन् १९१५ मा प्रतिपादन गरेका हुन् । यस सिद्धान्तलाई पनि मुख्य रूपमा पाँच कुराहरूमा केन्द्रित गर्न सकिन्छ ।

(क)अन्तरिक्ष तथा अन्तरिक्ष समय पहिले विश्वास गरिए भैं चेप्टो नभई यो घुमाउरो (curved or warped) छ ।

(ख) न्यूटनले भने जस्तै ग्रहहरू गुरूत्वाकर्षणको कारणले घुमाउरो कक्ष (orbit) मा रही घुमिरहेको नभई घुमाउरो अन्तरिक्षमा सबभन्दा छोटो सोझो बाटोलाई पछ्याउँदै जाँदा सूर्यलाई घुम्न पुगेका हुन् ।

(ग) अन्तरिक्षमा कुनै पनि पिण्डले जहिले पनि चार आयामिक अन्तरिक्ष समय (four dimensional space-time) मा सोझो बाटो नै पछ्याएको हुन्छ ।

(घ) सूर्य जस्तो ठूलो पिण्डको गुरूत्वाकर्षणको क्षेत्रमा प्रकाश बाङ्गिन पुग्छ ।

यो कुरालाई सन् १९१९ को खग्रास सूर्य ग्रहणको समयमा सूर्य नजिक देखिएका ताराहरूको अवलोकनबाट बेलायती वैज्ञानिकहरूले पुष्टि गरेका छन् ।

(ङ) कम गतिमा रहँदाभन्दा बढी गतिमा रहँदा समय ढीलो चल्छ । अर्थात्, दर्शकको गतिअनुसार समय ढीलो वा चाँडो चल्ने हुन्छ ।

यसरी न्यूटनको गति सम्बन्धी नियमले अन्तरिक्षमा निरपेक्ष स्थान (absolute position in space) को विचारलाई अन्त्य गरिदियो भने, आइन्स्टाइनको 'सापेक्षताको सिद्धान्त' ले 'निरपेक्ष समय' को विचारलाई अन्त्य गरिदियो । ❑

सन्दर्भ स्रोतहरू:
◆ विज्ञानका केही कुरा ◆ A Brief Hisroty of Time : by Stephan Hawking ◆ Albert Einstein: Ideas and Opinions ◆ The Crisis in Physics by Christopher Caudwell

# बोर्डिङ्ग पास – समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास – अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने

# दर्शन भनेकै के हो ?

◆ प्रज्ञानरत्न

दर्शन भनेको संसारलाई हेर्ने ढंग हो । प्रकृति र समाजका हरेक घटना, समस्या र वस्तुलाई हेर्ने हरेक व्यक्तिको आफ्नो ढंग हुन्छ । यो ढंगलाई नै दर्शन भनिन्छ । विश्वलाई हेर्ने ढंग भएकाले दर्शनलाई 'विश्व दृष्टिकोण' भने पनि हुन्छ ।

संस्कृत भाषामा दर्शनको अर्थ हुन्छ- हेर्ने कार्य । त्यही अर्थबाट पनि दर्शन के हो, बुझ्न सकिन्छ ।

प्रकृतिमा अनेकौं घटना लगातार घटिरहेछन् । त्यस्तै समाजमा पनि । ती घटनाहरू खास खास नियमअनुसार घटिरहेछन् । ती नियमरूलाई हेर्ने कसरी ? थाहा पाउने कसरी ? सोच्ने, विश्लेषण गर्ने कसरी ? दर्शन भनेको प्रकृति र समाजका तिनै सामान्य नियमहरूको सार तत्व हो । प्रकृति र समाजका हरेक घटना र समस्यालाई हेर्ने, थाहा पाउने, विचार गर्ने र विश्लेषण गर्ने ढंगको नाम नै दर्शन हो ।

कार्ल मार्क्सभन्दा अगाडि दर्शनलाई खालि संसारलाई हेर्ने ढंगको रूपमा मात्र बुझिन्थ्यो । कार्ल मार्क्सले त्यसमा महत्वपूर्ण परिवर्तन गर्नुभयो । उहाँले भन्नुभयो कि, दार्शनिकहरूले संसारलाई विभिन्न ढंगबाट विश्लेषण गर्ने प्रयत्न गरेका छन्, तर मूल कुरा त यसलाई फेर्नु हो । यस प्रकार, मार्क्सको विचारअनुसार; दर्शन भनेको संसारलाई हेर्ने ढंग मात्र होइन, यो संसारलाई फेर्ने ढंग पनि हो ।

प्रकृति र समाज जुन जुन नियमबाट संचालित छन्, ती नियमहरू सही तवरले थाहा पाउन र बुझ्न सकियो भने निकै कम नोक्सानीमा र थोरै समयमा यो संसारलाई सही दिशामा फेर्न सकिन्छ । तर ती नियमहरू सही तवरले बुझ्न र थाहा पाउन सकिएन भने, संसारलाई सही दिशामा फेर्न नसकिने हुन्छ । वा परिवर्तनको मोल निकै चर्को पर्न जान्छ । त्यसैले, दर्शन सही हुनु नहुनुले हाम्रो जीवनमा ठूलो फरक पार्छ । र, दर्शन सही र गलत दुवै प्रकारको हुन्छ ।


सही दर्शन आफ्नो समयको ज्ञान र विज्ञानको सार हो । मान्छेले प्रकृति र समाजका अनेकौं रहस्यहरूलाई थाहा पाउने सिलसिलामा जे जति ज्ञान हासिल गर्छ र विज्ञानको विकास गर्छ, त्यसैको निचोड नै सही दर्शन हो । यो दही मथेर नौनी निकाले जस्तै कुरा हो । सही दर्शन आफ्नो समयको ज्ञान र विज्ञानको दही मथनी गरेर निकालिएको बौद्धिक नौनी हो । सही दर्शनलाई, त्यसैले, विज्ञानको पनि विज्ञान भनिन्छ । सही दर्शनले संसारलाई सही तवरले हेर्न र फेर्न मद्दत पुऱ्याउँछ । गलत दर्शन यसको ठीक विपरीत हुन्छ ।

प्रत्येक मान्छेलाई आफूसित दर्शन छ भनेर थाहा नहुन सक्छ, तर थाहा भए पनि नभए पनि दर्शनबिनाको मान्छे हुँदैन । सही होस् वा गलत, हरेक मान्छेसित संसारलाई हेर्ने र फेर्ने एउटा ढंग हुन्छ, हुन्छ । त्यो नै उसको दर्शन हो । हेर्ने ढंग सही छ भने, उसले प्रकृति र समाजका हरेक रहस्यलाई ठीक ढंगले थाहा पाउन सक्छ र समस्यालाई ठीक तरिकाले हल गर्न सक्छ । उसको दर्शन गलत छ भने रहस्य खुल्ने होइन, त्यो अझ रहस्यमय हुँदै जान्छ; समस्याको गाँठो फुक्ने होइन, त्यो गाँठो झन् झन् कस्सिँदै जान्छ ।

समाजमा वर्गहरू छन् : चुसी खाने वर्ग र गरी खाने वर्ग । त्यसैले दर्शन पनि वर्गीय हुन्छ । चुसी खाने वर्गको संसारलाई हेर्ने ढंग अलग्गै हुन्छ, गरी खाने वर्गको अलग्गै । चुसी खाने वर्गको दर्शन गरी खाने वर्गको दर्शनभन्दा विपरीत हुन्छ । चुसी खाने वर्गको आँखाले हेर्दा संसारमा सुखै सुख मात्र छ र संसार स्वर्गसरि छ । ती जो दुःखमा छन्, ती मूर्ख र अभागी हुनाले मात्र त्यसो भएका हुन् । संसार बाठा र भाग्यमानीहरूको हो । अरूले उनीहरूको सेवा गर्नु, र अर्को जुनीमा सुखी जीवनको लागि प्रार्थना गर्नुमा नै उनीहरूको कल्याण छ । तर गरी खाने वर्गको आँखाले हेर्दा संसार त्यति रंगीन र सुखमय छैन । संसार अहिले उनीहरूको लागि नर्कसरि छ । उनीहरूको परिश्रमको फल चुसी खानेले उत्तिकै लुटेकाले नै गरी खानेहरू पनि धेरै दुःखी र गरीब हुनु परेको हो । त्यसैले, चुसाहा लुटाहाहरूले चुसेर-लुटेर मुफतमा थुपारेको उनीहरूको पसीनाको फल खोसेर आफ्नो भागमा ल्याउन सकियो भने मात्र यही जुनीमा उनीहरूको सुखको दिन आउन संभव छ । संसारलाई हेर्ने यी दुईथरिको ढंग कति भिन्न र विपरीत छ, यसैबाट देखिन्छ ।

त्यसैले, चुसी खानेको दर्शन अलग्गै हुन्छ, गरी खानेको अलग्गै । गरी खानेले पनि चुसी खानेकै आँखाले संसारलाई हेर्न थाल्यो भने चुसी खानेको स्वर्ग ज्यूँका त्यूँ बाँकी बस्छ, त्यो कहिल्यै हल्लिँदैन । गरी खाने हमेशा चुसी खानेको कमारो भइरहन्छ । अक्सरतया चुसी खानेहरू के चलाखी गर्छन् भने, उनीहरू गरी खाने वर्गलाई हमेशा चुसी खानेकै आँखाले संसारलाई हेर्न सिकाउँछन् । चुसी खानेकै दर्शन उनीहरू गरी खानेलाई अप्नाउन सिकाउँछन् । त्यस्तो गर्न सफल भए भने गरी खानेलाई नेल हत्कडी लाउनै पर्दैन । उनीहरू सदैव नेल हत्कडी लगाएका बाँधा कैदी सरह भइरहन्छन् । अतः सुखी र मुक्त जीवन बिताउने हो भने, गरी खानेले आफ्नो दर्शन नै बदल्नु पर्छ । गरी खानेले गरी खानेकै दर्शन बोक्नु पर्छ, चुसी खानेको होइन । गरी खानेले संसारलाई जस्तो छ, त्यस्तै हेर्ने दर्शन बोक्नु पर्छ । गरी खानेले सही दर्शन बोक्नु पर्छ । ❑

## दर्शनबारे कार्ल मार्क्सका भनाइहरू



"प्रत्येक सही दर्शन आफ्नो समयको बौद्धिक सारतत्व हो ।"

◆

"दार्शनिकहरुले संसारको व्याख्या गर्ने काम मात्र गरेका छन् : मूल कुरा त यसलाई बदल्नु हो ।"

**प्रत्येक मान्छेलाई आफूसित दर्शन छ भनेर थाहा नहुन सक्छ, तर थाहा भए पनि नभए पनि दर्शनबिनाको मान्छे हुँदैन ।**

## दर्शन परिचय

# Philosophy को शब्दार्थ



पहिलो दार्शनिक पाइथागोरस

दर्शनलाई अंग्रेजीमा Philosophy भनिन्छ । Philosophy शब्द दुई वटा ग्रीक शब्दहरू 'Phile' र 'sophia' मिलेर बनेको छ । Phile को अर्थ हो- प्रेम । sophia को अर्थ हो- बुद्धि ।

यसरी philosophy को अर्थ 'बुद्धि-प्रेम' अथवा 'बुद्धिप्रतिको प्रेम" हुन जान्छ । पश्चिमा जगत्मा पाइथागोरस पहिला दार्शनिक मानिन्छन्, जसले Philosophy शब्दलाई सबभन्दा पहिले प्रयोगमा ल्याए । उनले सर्वप्रथम आफूलाई 'दार्शनिक' भनेर वर्णन गरे ।

यसरी philosophy को यो शब्दार्थले दर्शनलाई बुद्धिविवेकको आधारमा चिन्तन-मनन गर्ने ढंग अथवा प्रणाली बुझाउँछ । ◆

नव वर्ष २०५५ ले समस्त देशवासीहरूमा सफलता र समृद्धि प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल औद्योगिक विकास निगम

# एमाले-मालेबीच जुहारी चलिरहेको यो बेला

◆ चन्द्रदेव नेपाली

❑ छि: छि: छि: केशवलालको पनि कुरा गर्नु ! तस्करहरूसंग रातदिनको उठबस् छ !

❑ छि: छि: छि: भीम रावलको पनि कुरा गर्नु अठार लाख त झलनाथ खनाल मन्त्री हुँदा पि.ए भएरै खाएको...

❑ ईश्वर पोखरेलको कार्पेट, त्यति महँगो कुरा कसरी आयो, कहाँबाट आयो ? देहरादूनमा बच्चा पढाउने पैसा कहाँबाट आयो ?

❑ आर.के.को ठूलो भुँडी, पजेरो र महलको स्रोत के ?

❑ प्रदीप नेपालको महल नि !

❑ अनि, सि.पि.को महल नि !

❑ वामदेवको गाडी नि... !

❑ खड्ग ओलीको गाडी नि... !

एमाले फुटेर दुई टुक्रा भएपछि यस्ता अनेक आरोप-प्रत्यारोपहरू लगाइएका सुनिन्छन्- एमाले र माले पक्षधर व्यक्तिहरूले र पत्रपत्रिकाहरूले । यसरी एकले अर्कोलाई 'प्रहार' गर्ने काम उनीहरू गर्दैछन्, चर्को चर्को स्वर र ठूलाठूला अक्षरमा ।

एकले अर्कोलाई तस्कर वा भ्रष्टाचारी भएको आरोप लगाइएका यस्ता अरू पनि अनेक उदाहरणहरू दिन सकिन्छ ।

यी बाहेक, हाल माले-एमाले पक्षधरहरूले अनौठा 'ठहर' र 'विश्लेषणहरू' गर्ने र प्रचार गर्ने गरेका पनि पाइएका छन् ।

❑ एमाले पक्षधर कार्यकर्ताहरूले मालेका नेताहरूलाई जिल्ला जिल्लामा कालो मोसो दल्छन् र खेद्छन् ।

एमाले पक्षीय अखबार लेख्छ- 'जनताहरूले अवसरवादीहरूलाई खेदे !'

माले पक्षीय अखबार लेख्छ- "एमालेका गुण्डाहरूले आक्रमण गरे !"

यसैगरी, मालेका कार्यकर्ताहरूले एमालेका नेताहरूलाई घाइते हुने गरी कुट्छन् । अनि प्रचार गर्छन्- "विकृतिका जडविरूद्ध जनताले प्रहार गरे !"

एमालेहरू भन्छन्- "यस्तो गुण्डागर्दी त मालेहरूको मुख्य विशेषता नै हो !"

❑ हुँदाहुँदा त यस्तो पनि भयो- मालेको अखबारले एउटी एमाले नेतृ र एमाले नेताको सम्बन्धका बारेमा कार्यकर्ताले प्रश्न उठाए र नेतृले राम्ररी जवाफ दिन सकिनन् भन्ने व्यहोरोको एउटा 'न्यूज' छाप्यो ।

-एमालेले उक्त समाचारको खण्डन पत्र पठाउन लाउनुको सट्टा १५-२० जना महिलाहरूको टोली नै पठाएर पत्रिका अफिसमा संपादकलाई कालो मोसो दलेर 'दवाब' दिन लगायो ।

-माले पनि के कम ? उसले छाप्यो- "ती आइमाईहरू सबै जना रक्सी-वियर खाएर पत्रिका कार्यालयमा आएका थिए !"

❑ यही स्तरको आरोप-प्रत्यारोप यी दुई समूहका नेताहरूका बीच पनि चालू छ । मनमोहन अधिकारी जस्ता बृद्ध पाका नेता भन्छन्- "वामदेव, सी.पी.हरूले डाड़ूमा पानी तताएर डुबे हुन्छ !"

अनि वामदेव भन्छन्- "मनमोहन वास्तवमा भिष्म पितामह नै हुन्, कौरवको पक्षमा रहेर लडाई गर्ने !"

❑ यसैगरी, प्रचार हुन्छ- "मालेलाई सरकारमा जान नदिन खड्ग ओलीले तीन पटक भारतीय दूतावास गए !"

अनि प्रचार हुन्छ- "सि.पि.ले १५ वर्ष अघिदेखि नै पार्टी फुटाउन खोजेका थिए, अहिले आएर फुटाए ।"

-"एमालेले लागू पदार्थ तस्करहरूलाई संरक्षण दियो !"

-"मालेले सुन तस्करहरूलाई टेवा दियो !"

❑ मदन भण्डारीका भाइ प्रेम भण्डारी एमालेतिर रहे । त्यतिखेर एमालेहरूको भनाइ थियो- महान प्रेम भण्डारी हाम्रै पार्टीमा छन्, त्यसैले हाम्रो पार्टी महान् छ । तर जब उनी मालेतिर गए, तब एमालेका मान्छेहरू भन्दैछन्- "कसैको नाता पर्दैमा कोही पनि मान्छे महान् हुन सक्दैन !"

यी बाहेक, अर्को एक उल्लेखनीय पक्ष पनि देखिएको छ । त्यो हो- दुवैथरि नेताहरूले फुट्न चाहेर भएको एमालेको वर्तमान फुटलाई हेर्ने उनीहरूको दृष्टिकोणको पक्ष !

"वामदेव-सी.पी.हरू पार्टीका पीलो हुन्, फुटे, राम्रै भयो ।"- यसो भनेर खुसी हुने एमाले नेता जनताकहाँ पुग्दा भने आफू दुःखी भएको नाटक गर्दैछन्- "आज हाम्रो पार्टीलाई यिनले फुटाएर बरबाद पारेका छन्, यिनलाई लखेट्नु पर्छ ।"

"सिद्धान्तहीन भएको एमाले पार्टीलाई फोर्नु बाहेक अरू विकल्प थिएन" भन्ने माले-नेताहरू पनि जनताबीच गएर भन्दैछन्- "वास्तवमा, माधव-ओली गुटको तिकडमको कारण नै पार्टी फुटेको हो !"

❑ यसैबीच, एउटाले अर्कोलाई अप्रिय शब्दहरू प्रयोग गर्ने चलन पनि बढेर गएको छ । वामदेव गौतम र सी.पी. मैनालीको नामबाट अगाडिका अक्षरहरू जोडेर 'वासी गुट' भनी मालेलाई गाली



एमाले पक्षधर कार्यकर्ताहरुले मालेका नेताहरुलाई जिल्ला जिल्लामा कालो मोसो दल्छन् र खेद्छन् ।
एमाले पक्षीय अखबार लेख्छ- 'जनताहरुले अवसरवादीहरुलाई खेदे !'
माले पक्षीय अखबार लेख्छ- "एमालेका गुण्डाहरुले आक्रमण गरे !"



गर्ने एमालेहरू धेरै छन् ।

यसैगरी, माधव नेपालको 'मा' र खड्ग ओलीको 'ख' जोड्दा 'माख' हुँदोर हेछ । यसमा 'आ' कार थपेर एमालेलाई 'माखा गुट' भन्नेहरू पनि केम छैनन् ।

अर्थात्, जसरी हुन्छ अर्को पक्षलाई प्रहार गर्ने काइते तरीका अप्नाउँदैछन् यिनीहरू । यिनीहरूले कुनै पक्षमा 'आनन्द' नामका र 'चिरंजीवी' नामका नेताहरू भएका भए त्यस गुटलाई 'आची गुट' भन्न पनि बेर लाउँदैन थिए । यसै गरी कतै 'दिनेश' र 'सागर' बाट 'दिसा गुट' भनी प्रचार प्रसार गर्न पनि यिनीहरू पछि पर्दैनथे भन्ने कुरा यिनीहरूको हालको तल्लोस्तरको व्यवहारले देखाएको छ ।

समग्रमा रहेको यो स्थितिमा अहिले माले वा एमालेका नेता-कार्यकर्ताहरू हाल बीचमा रहेका र स्वतन्त्र रूपले रहेका मानिसहरूलाई आफूतिर तान्न अनेकथरि उपायहरू गरिरहेका छन् । दुवै थरिले आफूलाई 'विकृति र विसंगति विरोधी' शक्तिका रूपमा दावी गर्ने गरेका छन् । तर पार्टीमा हुल्नका निम्ति यिनीहरू दुबैलाई कोही पनि व्यक्ति आफ्नो 'अन्ध समर्थक' मात्र भए पुग्छ । व्यक्तिको विचार, स्तर र वर्ग-प्रतिवद्धता हेर्दिन, अर्को पक्षलाई गाली गर्ने र आफ्नो पक्षलाई आँखा चिम्लेर समर्थन गर्ने मान्छे भए यिनीहरूलाई पुग्छ । यस स्थितिमा, घोर अवसरवादीहरूलाई यिनीहरूले निकै सजिलो पारिदिएका छन् ।

नफुट्नु फुटी नै सकेपछि वस्तुतः एमाले र माले दुवै पक्षले हाल आफ्नो द्वन्द र विवादलाई सैद्धान्तिक-वैचारिक स्तरमा उठाउनु पर्थ्यो । संयुक्त रहँदाखेरि नै 'पार्टीभित्र पूँजीवादी विकृति र विचलन हावी भएको' स्वीकारेका यी दुवै पक्षले आज विकृतिको र विचलनको दोष र मात्रा अर्को पक्षमा देखाएर आफू पन्छिनु मिल्दैन । आम जनताले दुवै पक्षमा विकृति र विचलन छ भन्ने बुझेको छ, दुवैले हिजो मात्रै (छैठौं महाधिवेनको केही महिना अघि मात्रै) यो विकृति र विचलन छ भन्ने कुरालाई आफैंले स्वीकारेका थिए भन्ने कुरा जनतालाई थाहा छ ।

जनताको अबको ध्यान त यी विकृतिहरूलाई र विचलनहरूलाई हटाउने उपाय प्रभावकारी ढंगले कसले कसरी गर्छ ? भन्नेमा नै केन्द्रित छ । आम जनता भन्छ- अब त तिमीहरू एकले अर्कालाई बाधा ठान्नेहरू एक आपसबाट छुट्टिएका छौं, स्वतन्त्र छौं, लौ गर अब विकृति र विचलन विरूद्ध संघर्ष ! लौ गर उन्नत 'गुणस्तर' का निम्ति काम । लौ तय गर उन्नत नीतिहरू । अब तिमीहरूलाई राम्रो र सही काम गर्न के ले छेक्छ ?

एमालेले आरोप लगाएझैं मालेहरू "पाखण्डी र भ्रष्ट" नै होलान्, त्यो अलगै व्यवहारिक समीक्षाको कुरा हो । तर महाकाली सन्धिमा भएको राष्ट्रघातलाई मालेले त आत्मालोचना गरी सच्यायो नै । अब एमालेले चाहिं कसरी सच्याउने हो त ? यो सैद्धान्तिक सवालमा एमालेका नेता-कार्यकर्ताहरूको जवाफ के ? मालेले भारतीय विस्तारवाद एवं अमेरिकी साम्राज्यवाद र गणतन्त्रबारे जे कुरा अगाडि ल्याएको छ, एमाले त्यो कुराभन्दा उन्नत कसरी छ वा कसरी हुने ? एमाले पक्षले भने झैं मालेले ल्याएको 'आचार संहिता' पाखण्डपूर्ण नै होला, तर एमालेले चाहिं नेता कार्यकर्ताको आचार सुधार्ने के कार्यक्रम ल्याएको छ त ? छैन भने कहिले ल्याउने ? छ भने त्यो कसरी मालेको भन्दा राम्रो र उन्नत छ ? यी कुराहरू एमालेबाट जनताले जान्न-सुन्न चाहन्छ ।

यसैगरी, महाकाली सन्धिमा हिजो वामदेव गौतम उपप्रधानमन्त्री हुँदा संकल्प प्रस्तावलाई किन बेवास्ता गरियो ? त्यसमा भएको त्रुटीमा मालेले आज आत्मालोचना गरेको खै ? 'कालो ऐन' बारे पनि आत्मालोचना गरेको खै ?

यी दुवैमा वामदेवलाई सघाउने तात्कालीन एमाले पार्टीले पनि आत्मालोचना गरेको खै ?

जनता यी कुरामा प्रष्टता चाहन्छ ।

'क्रान्तिकारी' हुँ भन्ने एमाले र माले दुवैले हिजो पंच नेता मोतीप्रसाद पहाडीसम्मलाई पनि पार्टीमा हुल्ने नीति लिएकोमा आज त्यो नीति त्याग्ने कि नत्याग्ने ? नत्यागने हो भने विकृति र विचलन रोक्ने काम गर्नुको कुनै तुक छैन । 'देशमा साम्राज्यवादी र विस्तारवादीहरूले गर्ने गरेका विविध र सूक्ष्म आर्थिक, राजनैतिक र सांस्कृतिक थिचोमिचोका विरूद्ध 'चुँ' पनि नबोल्ने हो भने नारा मात्रैले कुनै अर्थ राख्दैन ।



**संयुक्त रहँदाखेरि नै 'पार्टीभित्र पूँजीवादी विकृति र विचलन हावी भएको' स्वीकारेका यी दुवै पक्षले आज विकृतिको र विचलनको दोष र मात्रा अर्को पक्षमा देखाएर आफू पन्छिनु मिल्दैन ।**

यसबारे मालेको धारणा के ? 'गणतन्त्र' को नारा दिने, तर देशमा अर्थतन्त्र, राजनीति र संस्कृतिका क्षेत्रमा रहेको सामन्तवादी जकडका विरूद्ध भने 'चुँ' सम्म पनि नबोल्ने हो भने पनि यो फगत ढोंगी नारा मात्र साबित हुनेछ । यसबारे मालेको धारणा के ? एमालेको धारणा के ?

यी कुराहरूमा प्रष्टाप्रष्टी जवाफ लिएर र नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्ने मूर्तभन्दा मूर्त कार्यक्रम लिएर यी पार्टीहरू जनतामा जानु जरूरी छ । यी कुराहरूमा माले-एमालेबीचमा स्वस्थ प्रतिस्पर्धा नै हुन्छ भने पनि जनताको निम्ति यो राम्रो र उपयोगी ठहरिनेछ । यसो भएमा उनीहरूबीच अनावश्यक कटुता पनि बढ्ने छैन । फुटेपछि पनि मिल्न सकिने ठाउँमा मिलेर जाने वातावरण बन्न थाल्नेछ ।

तर अहिले माले-एमालेबीच वैचारिक र सांस्कृतिक स्तरमा स्वस्थ द्वन्द भइरहेको देखिन्न । भइरहेको छ- हिलो छ्यापाछ्याप र गन्धा गालीगलौजहरू । वर्ग दुश्मनको निम्ति प्रयोग गरिने आक्रमणका सम्पूर्ण तौरतरिकाहरू हिजो एउटै पार्टीमा समेत रहिआएका मित्रहरूका विरूद्ध प्रयोग गरिँदैछ । एकले अर्काको लुगा खोलाखोल गर्ने प्रक्रिया चर्को गतिमा जारी छ । यो प्रवृत्तिले दुश्मनलाई मात्र फाइदा गर्नेवाला छ, अरू कसैलाई यसले फाइदा गर्ने देखिन्न ।

किन भइरहेछ यस्तो अस्वस्थ द्वन्द ? किन प्रयोग गरिँदैछ यस्ता आत्मघाती र शत्रुपोषक द्वन्दका तौर तरीकाहरू ?

किनभने, एमाले र माले दुवै थरिका द्वन्दकारीहरू बुद्धि र विवेकद्वारा परिचालित देखिन्नन्, उनीहरू उत्तेजना र आवेगद्वारा परिचालित देखिन्छन् । उनीहरू होशमा हैन, बेहोशमा क्रियाकलाप गर्दैछन् । कम्युनिष्टहरूको त कुरै छोडी दिउँ, हरेक मान्छेको जन्तुहरूभन्दा भिन्न विशेषता नै यो हो कि, ऊ जन्तुहरू जस्तो उत्तेजना र आवेगहरूद्वारा परिचालित हुँदैन, ऊ बेहोशीमा काम गर्दैन । होश, बुद्धि र विवेक नै मान्छेको मूल स्वभाव हो । तर खै त होश र बुद्धि-विवेकको प्रयोग, अहिले भइरहेको अस्वस्थ द्वन्दमा ? जुन संस्कृतिको कारणले मान्छे मान्छे हुने हो, किन त्यो संस्कृतिको नामोनिशान समेत देखिन्न अहिले भइरहेको हिलो छयापाछ्यापमा ? अहिले भइरहेको असैद्धान्तिक, असांस्कृतिक द्वन्दले के उदांगो पारेको छ भने, माले-एमाले दुवैतिर सांस्कृतिक मामलामा भयंकर ठूलो खडेरी छ । त्यहाँ कम्युनिष्ट संस्कृति त टाढैको कुरा रहयो, सामान्य मानवीय संस्कृतिको पनि अनिकाल छ । कसरी निर्माण हुन्छ उन्नत समाजवादी समाज यस्तो अमानवीय संस्कारले ?

समाजवादी राजनीति भनेको प्रतिक्रियात्मक राजनीति होइन । यो परिपूर्ण होशको राजनीति हो । यो अत्यन्त उन्नत नैतिकता र संस्कृतियुक्त हुन्छ । मित्रहरूकै बीचमा, कुटाकुट, हिलो छ्याछ्याप, गालीगलौको त समाजवादी राजनीतिसित गोरु बेचेको साइनो समेत हुँदैन । यो त पूँजीवादी पनि होइन, सामन्ती संस्कृतिको परिचायक हो, किनकि, सामन्ती संस्कृतिमा मात्र द्वन्दप्रति असहिष्णुता हुन्छ ।

अहिलेको द्वन्दले के पनि उदांगो पारेको छ भने, द्वन्दरत पक्षहरूबीच गंभीर रूपमा विश्व दृष्टिकोणको समस्या पनि छ । को शत्रु हो, को मित्र हो ? अहिलेको एमाले र मालेबीचको अन्तरविरोधको चरित्र के हो ? उनीहरू आपसमा वर्ग दुश्मन हुन् कि वर्ग मित्र ? यो मामलामा दुवै खेमामा वैचारिक अस्पष्टता छ र त्यो गंभीर स्तरमा छ । नत्र आधारभूत सैद्धान्तिक रूपले कुनै खास भिन्नता नै नभएका पक्षहरूबीच यति सारो शत्रुतापूर्ण अन्तरविरोध र आक्रमण किन ? एकले अर्कोलाई निषेधै गर्ने प्रयत्न किन ? बरू वर्ग दुश्मन फष्टाओस्, सरकारमा जाओस्, तर वर्ग मित्र सखाप होस् भन्ने हदको व्यवहार किन ?


माले-एमाले दुवैले आफ्नो संस्कृति र दृष्टिकोणको यो पाटोमा ध्यान दिनु जरूरी छ । के बेलैमा उनीहरूको ध्यान यतातिर तानिएला ? तानिएन भने निश्चित छ- उनीहरूको यो आवेगको राजनीति, उनीहरूको यो बेहोशको राजनीति यस्तो भरेङ हुनेछ, जसमा चढेर वर्ग दुश्मन आफ्नो उद्देश्यको बुइँगलमा पुग्नेछ । उनीहरू सिर्फ भरेङ हुनेछन्, सिर्फ भरेङ ! ❑



पार्टी स्थापना दिवसको उपलक्ष्यमा

# कहिले र कसरी भयो नेपालमा कम्युनिष्ट पार्टीको स्थापना ?

◆ प्रा. माणिकलाल श्रेष्ठ



नेपालमा कम्युनिष्ट पार्टीको स्थापना कसरी भयो र के के भयो ? भन्ने सम्बन्धमा आफले प्रत्यक्ष रूपमा देखे जसरी त म भन्न सक्तिन । किनभने, म पार्टी स्थापनाको समयमा सहभागी थिइन । तर पाटी स्थापनाको समयमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहभागी साथीहरूले पार्टी स्थापनाको समयमा भएका घटनाहरू सुनाएका आधारमा मैले थाहा पाएका कुराहरू केही भन्छु ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना सेप्टेम्बर १५, १९४९ मा पुष्पलालले गरेका थिए । तर, गंगालाल श्रेष्ठ (हलुवाई)ले "पुष्पलाल श्रेष्ठले कम्युनिष्ट पार्टीको स्थापना गर्नुभन्दा पहिले नै मैले कम्युनिष्ट संगठनहरू बनाएको थिएँ र कम्युनिष्ट विचार प्रचार गरेको थिएँ" भनेर भन्नु भएको छ ।

हुन पनि १९९७ सालको काण्डपछि 'नेपाल प्रजापरिषद' माथि दमन हुनुको साथै त्यसका सदस्यहरूलाई विभिन्न सजायं भएको थियो । त्यस संस्थाका सदस्यहरूमध्ये सूर्यबहादुर भारद्वाजलाई केही सजायं भएको थिएन । उनैको सक्रियतामा दमनको लगत्तै पछि सूर्यबहादुर भारद्वाज, पुष्पलाल श्रेष्ठ, शम्भुराम श्रेष्ठ, प्रेमबहादुर कशाकार आदि रहेको **नेपाल प्रजातन्त्र संघ**को स्थापना भयो । त्यसको अध्यक्ष प्रेमबहादुर कशाकार थिए । उनी कम्युनिष्ट र साम्राज्यवाद दुवैको विरोधी थिए । सूर्यबहादुर बेलायतको जस्तो वैधानिक राजतन्त्रको हिमायती थिए । त्यसमा पुष्पलाल श्रेष्ठ र गंगालाल श्रेष्ठ कम्युनिष्ट विचारधाराबाट प्रेरित थिए । तर त्यस संगठनमा उनीहरूको केही लाग्दैनथ्यो । तैपनि गंगालाल एक्लैले नै त्यही संगठनको नाममा कम्युनिष्ट सिद्धान्तको समर्थनमा पर्चाहरू निकाल्ने गर्दथे । त्यसपछि पनि उनले नारायण विलास र अरू केही साथीहरूसंग मिलेर २००४/५ सालतिर **विश्व भातृत्व संघ** भन्ने संस्था खोलेका थिए । त्यसैको नाममा उनले राणाशाहीको विरोधमा र सोभियत संघको समर्थनमा हँसिया हथौडा अंकित पर्चाहरू निकालेका थिए ।

अर्को कुरा, पुष्पलालले कम्युनिष्ट पार्टी स्थापना गर्नुभन्दा पहिले गंगालाल श्रेष्ठ तथा उनका साथीहरूले मार्क्सवादी पुस्तकहरू किनेर पढ्ने र आफूले किनेका पुस्तकहरू एक अर्कोलाई पढ्न दिने गरेका थिए । मैले पनि एक पटक गंगालालसंग Origin of family, praivate property and state लिएर पढेको थिएँ । त्यस पुस्तकमा विप्लवी पुस्तकालयको छाप थियो ।

यसरी पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभन्दा पहिले काठमाडौंमा गंगालाल श्रेष्ठ तथा अन्य केही व्यक्तिहरू कम्युनिष्ट विचारधाराबाट प्रभावित भइसकेका थिए । २००४ सालको आन्दोलनमा समातेका सबैलाई छाडेर शंभुराम, तिलकराज शाही र विलासलाई वि.पि.संग कुरा गरेको निहुँमा जुन किसिमले जेलमा राखियो, उनीहरू त्यो निहुँमा मात्र जेल परेका थिएनन् । मुख्य रूपले उनीहरू कम्युनिष्ट हुन् भनेर मोहन शम्शेरको अग्रसरतामा जेल पठाइएको थियो । तर कम्युनिष्ट पार्टी स्थापना गर्नको लागि उनीहरू कसैले संगठित प्रयास गरेनन् ।

त्यसैले साँच्चै नै भन्ने हो भने, सबभन्दा पहिले नेपालमा संगठित रूपले कम्युनिष्ट पार्टीको स्थापना गर्ने व्यक्ति पुष्पलाल श्रेष्ठ नै थिए । उनी पहिले त **नेपाली राष्ट्रिय कंग्रेसमै** बसेर काम गरिरहेका थिए । पछि नेपाली रा. कंग्रेसमा विश्वेश्वरप्रसाद कोइराला र डिल्लीरमण रेग्मीको बीचमा फूट भएपछि उनलाई नेपाली कंग्रेसमा बसेर काम गर्न मन लागेन । र, नेपालमा कम्युनिष्ट पार्टीको स्थापना गर्नु पर्ने आवश्यकता उनले महसुस गर्न थाले ।

यसरी कम्युनिष्ट पार्टीको आवश्यकता महसुस भइसकेपछि पुष्पलालले नेपालमा भएका वामपन्थी विचार भएका सबै युवाहरूलाई समेट्ने कोशिस गरे । चावेलमा युवाहरूसंग गरेको एउटा भेटघाटमा म पनि उपस्थित थिएँ । त्यतिबेला उनले त्यहाँ "अब नेपाली कांग्रेसको भर परेर हुँदैन । हामीले कम्युनिष्ट पार्टी खोल्नु पर्छ" भन्ने कुरा गरेका थिए । त्यसरी नै भारतमा पनि भारतमा बसिरहेका वामपन्थीहरूसंग भेटघाट गर्न थाले ।

भारतमा भएका नेपालीहरूसंग भेटघाट गर्न र कम्युनिष्ट पार्टीको स्थापना गर्नमा भारतीय कम्युनिष्टहरूको पनि ठूलो सहयोग प्राप्त भएको थियो । अझ नाम किटेरै भन्नु पर्दा अयोध्याप्रसाद सिंह र सुशील चटर्जीको ठूलो योगदान देखिन्छ । अयोध्याप्रसाद सिंहले मार्क्सवादी कक्षा लिनेदेखि लिएर विभिन्न कामहरूमा गाइड गर्ने तथा नेपालीहरूलाई सम्पर्क राख्ने काम गरेका थिए । सारांशमा भन्नु पर्दा, नेपाल कम्युनिष्ट पार्टीलाई खुट्टा टेकाउँने काममा उनको पनि योगदान थियो । त्यसैले नेपालीहरू सबैले उनलाई 'भाइसाहेब' भनेर सम्बोधन गर्ने गर्दथे । यति मात्र नभई २०१७ सालमा पार्टीहरू सबै प्रतिबन्धित भएपछि भारत पसेका नेपली कम्युनिष्टहरूलाई पनि उनले ठूलो मद्दत गरेका थिए ।

यसरी पुष्पलालले वामपन्थीहरूसंग भेटघाट र कुराकानी गरेपछि २२ अप्रिल १९४९ को दिन कलकत्ताको श्यामबजार इलाका २८, नवीन सरकारलेनमा नरबहादुर कर्माचार्य, नारायण विलास जोशी, निरञ्जन गोविन्द वैद्य तथा पुष्पलालको एक वैठक बस्यो । त्यसै बैठकमा ती चार जनाको संगठन समिति बन्यो । त्यसको केही समयपछि १५ सेप्टेम्बर १९४९ को दिन पार्टीको घोषणा पत्र प्रकाशित भयो । पुष्पलालले यही घोषणा-पत्र प्रकाशित भएको दिनलाई पार्टी स्थापनाको दिन भनेका छन् । तर नरबहादुर कर्माचार्य र निरञ्जन गोविन्द वैद्य भने त्यो दिनलाई पार्टी स्थापनाको दिन भनेर स्वीकार्दैनन् । उनीहरू २२ अप्रिललाई नै पाटी स्थापनाको दिन भनेर मान्दछन् ।

तर मेरो विचारमा भन्ने हो भने, १५ सेप्टेम्बर १९४९ को दिनलाई नै पार्टी स्थापना दिन भनेर मान्नु पर्छ । किनभने, २२ अप्रिलको दिन त पार्टी स्थापना गर्नको लागि व्यापक रूपमा वापन्थीहरूलाई ल्याउने काम गर्न भनेर संगठन समिति



**मोतीदेवीलाई संस्थापक सदस्य मान्न संस्थापक सदस्यहरुमध्ये जीवित निरञ्जन गोविन्द वैद्य र नरबहादुर कर्माचार्य तयार छैनन् । यदि त्यसो हो भने घोषणा-पत्र निकाल्दा किन त्यसको विरोध गरिएन ?**

बनेको दिन थियो । विश्वकै इतिहासमा पनि सगठन समिति बनेको दिनलाई पार्टी स्थापना दिन भनेर मान्ने इतिहास छैन । चीनमा पार्टी स्थापना हुनुभन्दा पहिले नै संगठन समिति बनाएर त्यसले सबै मानिसहरूलाई समेट्ने काम गऱ्यो । त्यसपछि पार्टीको प्रथम महाधिवेशन गरे । त्यही दिनलाई नै उनीहरूले पार्टी स्थापना भएको दिन भनेका थिए । त्यस्तै रूसमा पनि 'सोसियल डेमोक्रेटिक लेवर पार्टी'बाट छुट्टिएर गएका बोल्सेभिकहरूले आधिकारिक रूपमा प्रथम महाधिवेशन गरेको दिनलाई नै पार्टी स्थापना दिन भनेर घोषणा गरे ।

हामीकहाँ पार्टीको महाधिवेशन नै धेरै पछि मात्र भयो । तर तात्कालीन पार्टीको महासचिवले पार्टीको घोषणा-पत्र निक्लेको दिन १५ सेप्टेम्बर १९४९ लाई पार्टी स्थापना भएको दिन भनेर घोषणा गरे । फेरि पार्टीको प्रथम महाधिवेशन र दोस्रो महाधिवेशन (दोस्रो महाधिवेशनमा मैले पनि भाग लिएको थिएँ) मा पेश भएको महासचिवको प्रतिवेदनमा समेत १५ सेप्टेम्बरलाई नै पार्टी स्थापना भएको दिन भनेर उल्लेख गरेका छन् ।

अर्को कुरा, २२ अप्रिललाई नै पार्टी स्थापना भएको दिन मान्ने हो, जुन नियम विश्वमै छैन, भने चार जना मात्र संस्थापक सदस्य हुनुपर्ने । तर संस्थापक सदस्यमा मोतीदेवी (दुर्गादेवी-उनको साहसलाई देखेर पुष्पलालले राखेको पार्टी नाम) पनि संस्थापक सदस्य भनिएको छ । २२ अप्रिलको दिन त उनी कलकत्तामा नै थिइनन् । संगठन समितिको निर्माण भएको बेलाको निर्णयमा त चार जनाले मात्र हस्ताक्षर गरेका थिए । त्यतिबेला मोतीदेवी गंगालाल (हलवाई) लाई पनि पार्टीमा राख्नु पर्छ भनेर लिन गएकी थिइन् । र, उनले गंगालाललाई लिएर पनि गइन् । तर गंगालाल फर्केर गए । ००६ सालमै त्यहाँबाट फर्केर गएको लगतैपछि उनले **लाल कम्युनिष्ट** भनेर छुट्टै कम्युनिष्ट पार्टीको स्थापना गरे । मोतीदेवीलाई नेपाल क. पार्टी समितिमा थप गरियो । र, पछि सेप्टेम्बर १५ मा पार्टीको घोषणा-पत्र प्रकाशित गर्दा पुष्पलाल श्रेष्ठ, निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य र मोतीदेवी श्रेष्ठ, नारायण विलास जोशी गरी पाँच जनालाई संस्थापक सदस्य भनेर नाम उल्लेख गरियो । तर अहिले संस्थापक सदस्यहरूमध्ये निरञ्जन गोविन्द वैद्य र नरबहादुर कर्माचार्य दुईजना मात्र जीवित छन् । उनीहरू मोतीदेवीलाई संस्थापक सदस्य मान्न तयार छैनन् । यदि त्यसो हो भने घोषणा-पत्र निकाल्दा किन त्यसको विरोध गरिएन ?

पार्टी स्थापना भएको दिन सेप्टेम्बर १५ होइन, अप्रिल २२ नै हो भनेर प्रचार गर्ने पहिलो व्यक्ति मोहनविक्रम सिंह हुन् । उनी त २००७ सालको आन्दोलनसम्म त राजनीतिमै आएका थिएनन् । राजनीतिमा आइसकेपछि पनि सबभन्दा पहिले गंगालालले स्थापना गरेको '**लाल कम्युनिष्ट**' को कार्यालयमा बसेर काम गरेका थिए उनले । त्यहाँ केही समय काम गरेपछि त्यहाँबाट निस्केर फेरि मातृकाको **राष्ट्रिय प्रजा पार्टी**मा गए । त्यसपछि २००९ सालतिर मात्र उनी कम्युनिष्ट पार्टीमा आएका थिए ।

त्यसैले सबभन्दा पहिले कम्युनिष्ट पार्टीको जसले स्थापना गरेका थिए, उनैको कुरालाई नै सही मान्नु पर्छ । अथवा, १५ सेप्टेम्बरलाई नै पार्टी स्थापना भएको दिन भनेर सबैले स्वीकार्नु पर्छ ।

साँच्चै भन्ने हो भने, नेपालमा कम्युनिष्ट पार्टीको स्थापना पुष्पलाल एकजना मान्छेको पहलकदमीबाट भएको मान्न सकिन्छ । जस्तो संगठन समिति बनाउँदा चार जनाको नाम राखियो, त्यसमा पुष्पलालकै हात थियो । पछि मोतीदेवीलाई संस्थापक सदस्य भनेर समितिमा उनको नाम थपियो, त्यो पुष्पलालकै निर्णय थियो । त्यसपछि सात सालपछि भएको पार्टीको पहिलो सम्मेलनमा केन्द्रीय समितिमा पुष्पलाल बाहेक कुनै पनि संस्थापक सदस्य राखिएनन् । पुष्पलाललाई जो जो मन लाग्यो, त्यही त्यही राखियो । यो विश्वमै कहीं नभएको नियम हो । विश्वको इतिहासमा जहाँ पनि पहिलो केन्द्रीय समिति बन्दा सबै नै संस्थापक सदस्यहरू रहने गरेको छ । उनीहरू केन्द्रीय समितिमा नरहन उनीहरूलाई कारवाही गरेरै निकालिनु पर्थ्यो । तर नेपालमा ती संस्थापक सदस्यहरूलाई कारवाही पनि गरिएको थिएन ।

यो स्थिति हेर्दा के देखियो भने- यो पुष्पलालको 'वन म्यान सो' जस्तै भयो । पार्टी स्थापनादेखि नै पुष्पलालको एकलौटी निर्णयबाट नै काम भयो । ❑

(टेप अन्तर्वार्ता लिइएको)

**प्रस्तोता- मुक्ता श्रेष्ठ**

# प्रगतिशील कलाकार संघ कसरी बन्ला ?

गत फागुन-चैत्रदेखि नै राजधानीमा केही प्रगतिशील कलाकर्मीहरूले 'कला सृजना' को निम्ति सानो अनौपचारिक टीम बनाउन शुरू गर्नुभएको भेटघाटको क्रममा उहाँहरूले कलाकारहरूको व्यापक संयुक्त मोर्चा 'प्रगतिशील कलाकार संघ' कै निर्माणको जरूरत महसुस गर्न पुग्नु भएको छ ।

'प्रगतिशील लेखक-कलाकार संघ' निर्माणको लामो तयारी २०४४ सालमा लेखकहरूलाई मात्र संगेट्ने 'प्र.ले.संघ' को निर्माणमा पुगेर टुंगिएको थियो । त्यतिखेर कलाकारहरूको पनि यस्तै साझा संघ बनाउन शुरू गर्ने योजना नेपालका प्रगतिशील सांस्कृतिक व्यक्ति र संस्थाहरूले गरेका थिए । तर त्यो योजनाले हालसम्म पनि मूर्त रूप लिन सकेको छैन । यस स्थितिमा रायन, जीवन शर्मा, हरि दर्शनधारी, माधव प्रधान, उदय श्रेष्ठ, वीरप्रसाद भन्सारी, रामकृष्ण दुवाल र धनराज सुब्बा लगायतका कलाकारहरूको हालैको भेटघाटको क्रमले गरेको टुंगो सामयिक नै देखिन्छ । प्रगतिशील कलाकार संघलाई कसरी प्रभावकारी ढंगले निर्माण र संचालन गर्ने भन्ने बारे सम्बन्धित सबैको ध्यानाकर्षण गराउने काम उहाँहरूले गर्नु भएको छ । उहाँहरूले आफूहरूबीचबाट एक राष्ट्रिय भेला तयारी समिति पनि बनाउनु भएको छ ।

**कलाकारहरूको संघ बनाउँदा कलाकारहरू स्वयंले संगठकको भूमिका खेल्ने संकल्प लिनु जरूरी छ ।**

यस स्थितिमा, नेपालका सबै जिम्मेवार प्रगतिशील कलासम्बन्धी संगठनहरू र व्यक्तिहरूले 'प्रगतिशील कलाकार संघ' निर्माणमा चासो र सक्रियता लिनु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

हालको स्थितिमा निम्न कुराहरूमा ध्यान दिनु जरूरी भएको हामी ठान्दछौं ।

-सबै कला-संगठनहरू र स्वतन्त्र व्यक्तित्वहरू समेतको प्रतिनिधित्व हुने गरी 'तयारी समिति' को पुनर्निर्माण गर्नुपर्छ ।

-यस तयारी समितिले सबभन्दा पहिले संगठनको आधारभुत न्यूनतम वैचारिक मान्यता तय गर्नुपर्छ । यो मान्यता साम्राज्यवाद-सामन्तवादविरोधी कला आन्दोलन हदको फराकिलो मान्यता हुनुपर्छ ।

-यस वैचारिक मान्यतामा सहमत संगठन र व्यक्तित्वहरूको 'प्रतिनिधित्वमूलक' संस्था बनाउने तयारी गरिनु पर्छ । 'एक पक्षको बहुमत भएको संस्था बनाउने र अल्पमत पक्षलाई चुनावमा खडा गरी हराउने' खालको परिपाटी गलत हुन्छ । चुनाव गर्ने हैन, सहमतिको आधारमा कार्यसमिति बनाउने परिपाटी संयुक्त मोर्चाको निम्ति बढी व्यवहारिक हुने रहेछ । संयोजनको जिम्मा व्यक्तित्वको आधारमा वा रोटेसन प्रणालीको आधारमा गर्नु बढी व्यवहारिक हुने रहेछ । वर्तमान 'प्रगतिशील लेखक संघ' ले पनि आफ्नो कार्यप्रणालीलाई यस अनुकूल बनाएमा अनावश्यक विवादहरू स्वतः कम हुने देखिन्छ ।

-कलाकारहरूको संघ बनाउँदा कलाकारहरू स्वयंले संगठकको भूमिका खेल्ने संकल्प लिनु जरूरी छ । संगठकहरू चाहिँ अ-कलाकारहरू खोज्ने परिपाटीले कलाकारहरूलाई परनिर्भर बनाउँदो रहेछ ।

-ठूलो छाता-संगठनको रूपमा संघ बनिसकेपछि पनि कला-सृजनालाई 'गति र गुण' प्रदान गर्न स्तर मिल्ने र मन मिल्ने साना साना सर्जक टीमहरू बन्नु-बनाउनु चाहिँ जरूरी नै हुन्छ भन्ने कुरा पनि यतिखेरदेखि नै बिर्सनु हुन्न भन्ने हामीलाई लाग्छ ।

-अनावश्यक विवाद र तानातानीमा हैन, साझा विषयमा साझा सृजना वा साझा प्रस्तुति गर्नमा सक्रिय हुने सांगठनिक खाका बनाउनु जरूरी छ ।

◆ **लुईटेल**

**चुनाव गर्ने हैन, सहमतिको आधारमा कार्यसमिति बनाउने परिपाटी संयुक्त मोर्चाको निम्ति बढी व्यवहारिक हुने रहेछ ।**



-वासु शशी

# देश अर्थात्... देश खोई ?

साहित्यकार स्वर्गीय वासु शशीको एक चर्चित कविता 'देश अर्थात्... देश खोई ?' लाई यस पटक हामीले पाठकहरू समक्ष प्रस्तुत गरेका छौं । वासु शशीका सबै रचनामा उहाँको यो कवितामा प्रकट भएको हदको सामाजिक यथार्थको प्रतिबिम्ब भेट्न सकिन्न, र पनि, उहाँका धेरै रचनाहरूले नेपाली समाजको वास्तविकतालाई विभिन्न तरीकाले पक्रने काम गरेको पक्ष उल्लेखनीय रहेको छ ।
-मूल्यांकन

यो देश अहिले आफ्नो गौरव-गाथा गाउने
मूडमा छैन,
यो देश अहिले आफ्नो इतिहास पल्टाइरहने
फुर्सतमा छैन
यो देशमा अहिले दुई वटा हिमालयहरु छन्-
एउटा हिउँको हिमालय,
अर्को मानवीय दुःख-दरिद्रताको हिमालय
पहिलो हिमालय यो देशवासीहरुलाई
विधुवाको सेतो कपडा र फुलेको कपालजस्तै लाग्छ,
किनभने यिनीहरु अहिले भोका र नाङ्गा छन्
दोस्रो हिमालय
यिनीहरुलाई खाइरहेछ
जसरी यिनीहरुका महापुरुषहरु
यिनका वर्ष दिनको भोजन पाइने मूल्यको
रक्सी एकै साँझको ककटेलमा सखाप पार्छन् ।

थाहा छ, यहाँ आउने विदेशीहरु
यस देशको सौन्दर्यले मुग्ध हुन्छन्,
यहाँ व्याप्त शान्तिले चकित हुन्छन्
कोही यस्ता पनि छन्, जो भन्छन्-
काठमाडौं संसारको सबभन्दा ठूलो पाइखाना हो
जे होस्, तिनका दृष्टि किन
हामी आफ्नै आँखाले हेर्न सक्तछौं
हाम्रो जिन्दगीको बाजी राखेर
जूवा खेलिरहेछ अहिले यो देश,
हामीलाई पनि हारेपछि
आफ्नै अस्तित्वको बाजी थाप्ने छ यो देश ।
थाहा छ, यहाँ पनि फूलहरु छन्, फुल्छन्
तर ती फूलका मालाहरु
तिनलाई लगाइदिइन्छ
जो हाम्रो मतबिनै हाम्रो प्रतिनिधित्व गरेको
दावी गर्छन् र हामीमाथि शासनको नाममा
शोषण गर्छन् र हामीलाई हाडखुर बनाउँछन्
हेर्नोस्- रुग्णताले निस्तेज आँखाले
फूलको सौन्दर्य त के फूलै पनि देख्न सक्तैन ।

काखमा मरेको बच्चा राखेर
कुनै पनि आमा
देवताको पूजा पनि गर्न सक्तिन
ज-जसको खेत र खलियानहरु लुटिए
तिनले कसरी मान्ने-
यो देशमा कानून छ र न्याय हुन्छ ?
जसको हातमा कुनै काम पर्दैन
र माम नपाएर सुन्न नसकी टोलाइरहन्छ
उसले कसरी देख्ने-
यो देश सुन्दर छ ?
जतिखेर हामी सबलाई थाहा छ-
यहाँ झूठ नबोलिकन काम चल्दैन,
बेइमानी नगरीकन, अरु त अरु छाकै टर्दैन,
आत्मा र अहंलाई नदबाई टिक्नै सकिँदैन
हो, यो सर्वनाशको सलह लागेको बेला
यो देश बाली-नालीको गीत कसरी गाओस्,
यो द्रौपदीको चीरहरण भइरहेको बखत
मानवीय मूल्यहरुको जयजयकार कसरी गरोस्
(आखिर महाभारत हुन्छ भन्ने थाहा छ,
जीत अर्जुनकै हुन्छ भन्ने पनि थाहा छ,)
तर कमसेकम यो मानिसको
आत्मा पनि मरेको बेला, शरीर पनि मरिरहेको बेला
यो देश आफ्नो गौरब गाथा गाउने
मूडमा छैन,
यो देश आफ्नो इतिहास पल्टाइरहने
फुर्सतमा छैन ।

विडम्बना हेर्नोस्-
छिमेकीहरु आउँछन् र भन्छन्-
यो त हङ्कङ रहेछ,
यसै देशका निवासीहरु देख्दछन्-
केही पनि छैन,
जो छन् ती तिनका पहुँचदेखि टाढा छन्
के त यो देश
नागरिकहरुको देश होइन,
एउटा बजार मात्रै हो ? पसलहरुको एउटा समूह मात्रै हो ?
यो देशसित अहिले गौरब-गान होइन,
यो देशलाई कसले एउटा बजार बनायो भन्ने प्रश्न छ,
यसलाई साँच्चैको एउटा देश हुनुको मर्यादाबाट कसले किन
च्यूत गर्‍यो भन्ने प्रश्न छ
हुन पनि साँच्चासाँच्चै आफ्नै देश हो भने मानिसहरुले
यहाँ बस्ने ठाउँ त पाउनु पर्छ,
यहाँ कमसेकम खान-लाउन त पाउनु पर्छ ।

थाहा छ, ती मानिसहरुले नै पुलहरु बनाएका हुन्
म तिनको श्रमको प्रशंसा गर्दछु,
तर थाहा छ ? तिनीहरुले ती पुलहरु कहिल्यै तर्न पाएनन्,
धेरैजसो पुलमुनि झुण्डिएर मरे-
डोरी चुँडियो, खोलाले बगायो र कसैले थाहै पाएन
(कसैले थाहा पाउने जरुरतै मानेन)
थाहा छ, यिनीहरु नै नभए
नेपाल एउटा देशै मानिँदैन
(थाहा छ, सय-पचास ब्वाँसाहरु कुदाकुद गर्दैमा
नेपाल एउटा देश मानिने होइन)
तर यिनै देश बनाउनेहरुको देश खोई ?
देश, अर्थात् जीवनयापनको ग्यारेन्टी,
देश अर्थात् जीउ-ज्यानको सुरक्षा,
देश, अर्थात् सामाजिक आवश्यकताहरुको परिपूर्ति
यस्तो कृतघ्नताका बेला-
एउटा देश बनाउनेहरुले नै देश नपाएको बेला,
यो देशलाई पालन-पोषण र परिमार्जन गर्नेहरुले
तिरष्कृत र ध्वस्त रहनुपरेको बेला
यो देश आफ्नो गौरब गाथा गाउने
मूडमा छैन
यो देश आफ्नो इतिहास पल्टाइरहने
फुर्सतमा छैन । ◆

## नाटक 'पंक्तिबद्ध'को समीक्षा

# 'सर्वनाम' को ५२ औँ प्रस्तुतिले 'पलायनवाद' को बाटो पक्र्यो

◆ हरिगोविन्द लुइँटेल

नेपालमा सडक-नाटक विधामा विशेष रूपले सक्रिय र चर्चित नाट्यकर्मी जमात 'सर्वनाम' ले आफ्नो स्थापनाको सोह्रौं वर्ष पूरा गरेको उपलक्ष्यमा यही वैशाख १५ गते काठमाडौंमा एउटा नाटक प्रस्तुत गऱ्यो। 'पंक्तिबद्ध' शीर्षकको उक्त नाटक गत महिना जनकपुरमा पनि प्रदर्शन गरिएको थियो।

काठमाडौंको रूसी सांस्कृतिक केन्द्रको रंगमंचमा आयोजित र आमन्त्रित विशेष व्यक्तिहरूलाई देखाइएको उक्त नाटकलाई 'सडक-नाटक' को रूपमा देशका अन्य भागहरूमा पनि देखाउन सकिने कुरा 'सर्वनाम' ले बताएको छ।

यसभन्दा अघि ५१ वटा नाटकहरू स्टेज र सडकमा प्रदर्शित गरिसकेको र १५ वटा सानो पर्दाका चलचित्रहरू बनाइसकेको 'सर्वनाम' को हालसम्मको अनुभवको र ज्ञानको पछिल्लो उपजका रूपमा लिन सकिने "पंक्तिबद्ध" नाटकले मूल रूपमा दुईवटा कुरा झल्काएको देखिन्छ।

एक, नाटकको क्षेत्रमा सक्रियता र शैलीपक्षीय उच्चतामा 'सर्वनाम' अगाडि रहेको छ।

दुई, तर नाटकको विषय-वस्तु पक्षमा 'सर्वनाम' ले नेपाली यथार्थप्रति अझै न्याय गर्न भने सकेको छैन।

बाढी र पहिरोले बगाएको सुदूर क्षेत्रको एउटा नेपाली गाउँमा भर्खरै बगेको बस्तीमाथि लाशहरू खोज्न लागेका गाउँलेहरूको दृश्यमा यो नाटक शुरू हुन्छ र यसै दृश्यमा यो अन्त हुन्छ। ती पीडित र आतंकित नेपालीहरू लाश खोज्छन् र जीवनका विविध पक्षमा वार्तालाप गर्छन्। रित्तो रंगमंचमा गाउँलेहरूले माटो खनेको, हिलो पन्छाएको, लाशको टुक्रा तथा हात र गोडाहरू फेला पारेको, पानी बर्सेको, आँधी आएको अनेक स्थिति सृजना गरी नाटकले दर्शकहरूलाई आफूतिर तानिराख्ने काम सफलतापूर्वक गरेको छ। राजधानीबाट प्रधानमन्त्री चढेको हेलिकोप्टर आएको आवाज मात्र सुन्दै र दृश्य मात्र हेर्दै आखिर गाउँलेहरू निराश हुन पुग्छन्। जल्न नपाएर लाशहरू आफैं जमीनमा गाडिन थाल्छन्। थप बस्तीलाई फेरि बाढीले बगाउँछ। एउटा भयावह र आतंकको स्थितिको मूर्त चित्रण गर्छ नाटकले।

ओममणि शर्मा, हरिश्चन्द्र के.सी., मदन खड्का, राजन खनाल, सुरेशचन्द्र पोखेल, थानेश्वर सापकोटा, अम्बिका प्रधान, परमेश्वर के.सी., अनुप खड्का, न्हुच्छे श्रेष्ठ, देवेन्द्र खड्का, श्रवण के.सी., विज्ञान कँडेल र राधा श्रेष्ठ लगायतका कलाकारहरू र लेखक-निर्देशक अशेष मल्लको प्रयत्न स्तरीय रहेको छ।

> समाजमा व्याप्त अत्याचार, पीडा र छटपटीको यति राम्रो चित्रण गरेपछि यो अत्याचार, पीडा र छटपटीको निराकरणको बाटो खोज्ने काम नाटकले गर्नु जरुरी थियो।

जम्मामा, नाटकको प्रस्तुति प्रभावकारी र उल्लेखनीय रहेको देखिन्छ। शहरमा रेडियो र टेलिभिजनले गर्ने गरेका ढोंगी प्रचारहरूलाई स्टेजमा चारवटा लट्ठीहरूबाट रेडियो र टेलिभिजनको आकृति खडा गरी गरिएको भण्डाफोरले पनि दर्शकहरूलाई आफूतिर आकर्षित गर्ने उल्लेखनीय काम गरेको कुरा पनि यहाँ उल्लेखनीय छ।

"हामी रंगमंचमा नाटक हैन, नाटकमा रंगमंच हुन्छ भन्ने सिद्धान्त मान्छौं र मंचलाई सकेसम्म सरलीकृत गर्छौं" भनी यस नाटकको प्रदर्शनअघि लेखक-निर्देशक अशेष मल्ले दिनुभएको वक्तव्यलाई नाटकले व्यवहारमै प्रयोग गरेर देखाएको पुष्टै देखिन्थ्यो।

विगत सालको बाढीले टुहुरो भएकी महिला, अरब गएर नफर्केको कोही सोमनाथ, कोरिया गएको कोही गोफले, पखालाले मरेकी सोमनाथकी जाहान, कुकुरले टोकेर मरेकी गाउँले बूढी, मुग्लान भासिएको छोरो, हेल्थ पोष्टको हरिविजोग, हेल्थ पोष्ट बनाउन बचन दिने तर फर्केर नआउने घुस्याहा जनप्रतिनिधि 'छत्रे', शहरमा पाँचतारे होटेलमा गोष्ठी भएको चर्चा, छोरीमाथिको बलात्कार सहन नसक्ने कोही नरेन्द्र नामक गाउँले स्वयंलाई पुलीसले थुनेको प्रसंग आदि सन्दर्भहरूलाई पात्रहरूले आपसी संवादको क्रममा जुन सजीव बयान गर्छन्, त्यसले नेपालको आजको ग्रामीण समाजको एउटा पाटोको हूबहू चित्र उतार्ने काम गरेको छ। प्रधानमन्त्री आउन लाग्दा जनताले प्रधानमन्त्रीलाई कुनै पनि गुनासाहरू नगरून् भनी पुलीसले अर्डर गरेको प्रसंग र प्रधानमन्त्री त बाढी पहिरोको निरीक्षण नै नगरी आकाशबाटै राजधानीतिर फर्किएको घटनाले २०४६ पछिको 'प्रजातान्त्रिक' भनिने नेपालका सरकारी अंगहरू र सरकार स्वयंकै पनि राम्रो भण्डाफोर गरेको छ।

यी सबै कुरा हुँदाहुँदै पनि नाटक अत्यन्त निराशामा पुगेर टुंगिएको छ। र, नाटकले दर्शकलाई जम्माजम्मीमा निराश हुन र 'आत्महत्या' गर्न प्रेरित गर्छ। यथार्थको राम्रो चित्रणबाट अघि बढ्दै गएर नाटक क्रमशः पलायनको सन्देशमा पुगेर अन्त हुन्छ।

"सर्वनाम" ले नेपाली सामाजिक यथार्थप्रति यहीनेर अन्याय गर्न खोजेको छ।

समाजमा व्याप्त अत्याचार, पीडा र छटपटीको यति राम्रो चित्रण गरेपछि यो



फोटो सौजन्यः समकालीन साप्ताहिक

**अन्यायको विकल्पमा 'आत्महत्या' मात्र हुँदैन । मृत्यु त्यति सजिलै स्वीकार्दैन मान्छेले । बाँच्न चाहने चेत बोकेर ऊ प्रश्नहरुको खेती गरिरहेको हुन्छ ।**

अत्याचार, पीडा र छटपटीको निराकरणको बाटो खोज्ने काम नाटकले गर्नु जरूरी थियो । यसो गर्दा यो नाटक 'प्रगतिशील' नाटक बन्ला भन्ने 'भय' ले लेखक-निर्देशक 'तर्सेको' कुरा यहाँनेर प्रष्टै अनुभव गर्न सकिन्छ । "कलामा राजनीति गर्नु हुन्न" भन्ने मान्यता लिएर शायद यसो गरिएको होला । तर यस नाटकमा अहिले जे गरिएको छ, त्यो आफैमा "एउटा खतरनाक राजनीति" हुन पुगेको कुरामा प्रस्तोताहरू सचेत हुनुपर्ने थियो । नाटकको प्रभावकारी पात्र बाजे (ओममणि शर्मा) भन्छन्- "आऊ, एकपल्ट फेरि भगवानसग प्रार्थना गरौं । फेरि यसरी नै बाढी आओस्, यसरी नै पानी परोस् ! यसरी मुर्दा जस्तो जीवन बाँच्नुभन्दा बरू बाढीले बगाएर लगेकै जाती ! यसरी मुर्दा जस्तो भएर बाँच्नुभन्दा त मर्नु नै वेश हुन्छ !"

प्रगतिशील खेमाका लेखक-कलाकारहरूले यो नाटक गरेको भए नेपाली समाजको यो यथार्थलाई नसहने सकल्पमा, यसविरूद्ध संघर्ष छेड्ने दृढतामा पुऱ्याएर नाटककारहरूले नाटकको समापन गर्थे होलान ।

के कुरा ख्याल राख्नै पर्छ भने, यान्त्रिक रूपमा र जबरजस्ती गरेर यस्तो सकल्प र दृढताको निष्कर्ष नाटकमा ठोस्ने हो भने, त्यो पनि यथार्थमाथिको न्याय ठहरिन्न नै । तर के कलामा 'यान्त्रिक ढंगले परिवर्तनमुखी राजनीति गर्नु हुन्न' भन्नुको अर्थ हामीले कलामा चाहिं यथास्थितिवादी राजनीति नै गर्नुपर्छ" भन्ने हो त ?

आत्महत्या वा पलायनको सन्देश दिएर 'पंक्तिवद्ध' नाटकले नेपाली समाजमा पञ्चायती लेखकहरूले हिजो पंचायतकालमा दिने गरेको जस्तै नियतिवादी 'मृत्युन्मुख' अभिप्रेरणा फैलाउन खोज्नु अत्यन्त दुःखको कुरा हो । यसरी २०४६ सालको जनआन्दोलनको पक्षधर नाट्यसंस्था 'सर्वनाम' ले "हामी वसन्त खोजिरहेछौं" र "शोषयुद्ध" नाटकहरूमार्फत् आफैले विगतमा खडा गरेको आफ्नो 'संघर्षशीलता' को र यथार्थप्रतिको न्यायपूर्ण स्तरलाई 'पंक्तिवद्ध' मा आइपुग्दा आफैले ध्वस्त नै पारेको छ भन्नु अतिशयोक्ति नठहरिएला । जन-आन्दोलनको पक्षधर 'प्रजातान्त्रिक' छविबाट हिजो आफूलाई जनतामा स्थापित गर्न खोजेको नेपाली कांग्रेस पार्टीले राजनीतिक क्षेत्रमा आज महल-पजेरो प्रवृत्तिमा आफूलाई फ्भार्न पुगेको छ । यस स्थितिकै समानान्तरमा 'सर्वनाम' ले पनि आफूलाई सांस्कृतिक उच्चताको आन्दोलनबाट 'आत्महत्यामुखी अभियान' मा फ्भार्न खोजेको देखिन्छ ।

हो, नेपाली समाजमा अन्याय छ, दुःख छ, निराशा पनि छ । यो यथार्थ हो । तर यो समाजको 'समग्र यथार्थ' यत्ति मात्र हैन । हाम्रो समाजमा अन्याय, दुःख र निराशासहित थप दुई कुराहरू पनि छन्, ती हुन्- प्रश्न र संघर्ष ।

अन्यायको विकल्पमा 'आत्महत्या' मात्र हुँदैन । अब कसरी बाँच्ने होला भन्ने उपायको खोजी गरिरहेका जनताहरू पनि थुप्रै छन् हाम्रो समाजमा । मृत्यु त्यति सजिलै स्वीकार्दैन मान्छेले । बाँच्न चाहने चेत बोकेर ऊ प्रश्नहरूको खेती गरिरहेको हुन्छ । प्रश्नले पैदा गरेको आशावादले नै उसलाई बाँच्न प्रेरित गरिरहेको हुन्छ । यो प्रश्नको पाटोप्रति नाटक 'पंक्तिवद्ध'ले अन्याय गरेको छ, यस पाटोको प्रतिनिधि चित्रण नाटकमा नगरेर ।


एक प्रसगमा पात्र बाजेले 'बाँच्नुको सार नै छैन' भनेकोमा अर्को एक पात्रले 'बाँच्न खोजे पो बाँच्ने सार भेटिन्छ त बाजे !" भनेर जवाफ दिएको छ । तर यो जीवनमुखी जवाफ यत्तिमै र अत्यन्त फिनो रूपमा नाटकमा बिलाएको छ । बाजेको पलायनवादले भने पटक पटकको र प्रभावकारी ढगको पुनरूक्ति पाएको छ ।

अन्याय र दुःखका विरूद्ध लड्ने चेत पनि यही हाम्रो समाजमै उल्लेखनीय रूपले विद्यमान छ र त्यो क्रियाशील पनि छ । जनतालाई कतिपय पार्टीहरूले धोका दिए तर २०४६ पछिको नेपाली जनता आ-आफ्नो स्तरमा यस धोकाका विरूद्ध संघर्ष गरिरहेका पनि छ । नेपाली समाजको यथार्थको यो संघर्षशीलताको पाटोलाई 'पंक्तिवद्ध' मा स्थान दिइएन । त्यसैले, यथार्थप्रति यसमा अन्याय भएको छ । यदि यो न्याय गरिएको भए यो नाटक एकपक्षीय रूपमा 'आत्महत्यामुखी' हुनपुग्ने थिएन । समाजमा यथार्थमा विद्यमान आत्महत्यामुखी प्रवृत्ति र यही विद्यमान संघर्षमुखी प्रवृत्ति दुवैले नाटकमा उचित स्थान पाएको भए यो नाटकले दर्शकहरूमा प्रश्न पैदा गर्थ्यो । कुन प्रवृत्तिलाई रोज्ने हो, त्यो दर्शकको रूचीको कुरा हुन्थ्यो । यथार्थको 'सही' चित्रण र 'निष्पक्ष' चित्रण हुन्थ्यो । यति मात्र भएको भए पनि यसले समाजको यथार्थको यस पाटोप्रति अन्याय नगरेको ठहरिन्थ्यो ।

सके उर्ध्वमुखी प्रवृत्तिको पोषण गर, नसके समाजको जस्ताको तस्तो चित्रण गर, तर अधोमुखी प्रवृत्तिको पक्षपोषण चाहि पटक्कै नगर !"- समाजप्रति प्रतिबद्ध एउटा कला-समूहले लिनुपर्ने अडान यही हैन र ? यसो गर्नुलाई "राजनीति गर्नु" ठानी यसो नगर्ने हो भने "यसो नगरेर हुने जे राजनीति हो, त्यही राजनीति" हामी गर्न पुग्छौं । त्यो राजनीति 'पंक्तिबद्ध' ले गरेको छ । हो कि हैन ? सर्वनामले सोचोस् ! ◆

# मण्डले प्रवृत्तिले फिल्म 'बलिदान'लाई उपेक्षा गऱ्यो !

यही वैशाख ८ गते काठमाडौंमा नेपाल चलचित्र संघद्वारा आयोजित एक समारोहमा श्री ५ युवराजाधिराजको हातबाट 'नेपाल मोसन पिक्चर्स एवार्ड' वितरण गरियो । चलचित्रका विभिन्न



चलचित्र 'बलिदान' को एक दृश्य

विधामा सर्वोत्कृष्ट ठहरिएका नेपाली चलचित्रहरूले सो एवार्ड प्राप्त गरे ।

एवार्ड घोषणाको लगत्तैपछिदेखि नेपाली चलचित्र क्षेत्रमा र बौद्धिक क्षेत्रमा पनि सो एवार्ड निम्ति गरिएको छनौटप्रति तीव्र प्रतिक्रियाहरू व्यक्त भइरहेका छन् ।

छनौट कार्य हचुवा भएको र राजनीतिक पूर्वाग्रहले पीडित भएको समेत देखिनाले वास्तवमा 'नेपाल चलचित्र संघ'को यो आयोजना विशेष रूपले आलोच्य बन्न पुगेको छ । निर्देशन पक्ष उत्कृष्ट नभएको चलचित्रलाई 'सर्वोत्कृष्ट चलचित्र' मानिनु वा 'सर्वोत्कृष्ट' मानिएको चलचित्रलाई निर्देशन पक्षमा चाहिं पुरस्कृत नगरिनु, चलचित्रको एउटा आधारभूत पक्ष 'कथावस्तु'लाई पुरस्कार नै नछुट्याउनु र नेपाली गायक-गायिकाहरूलाई पुरस्कृत गर्न छोडेर भारतीय गायिकालाई छान्न पुग्नुले र 'हेयर ड्रेसर'को काम गरेकी व्यक्तिलाई 'भेषभूषा र श्रृंगार'को निम्ति पुरस्कार दिनुले छनौट प्रक्रियामा रहेको हचुवापनलाई झल्काएको छ । स्वर्गीय बालकृष्ण समद्वारा लिखित 'प्रेमपिण्ड' नाटकका मौलिक सम्वादहरूलाई प्रसस्त परिवर्तन गरी बनाइएको फिल्ममा बालकृष्ण समलाई नै 'सम्वाद' मा सर्वोत्कृष्ट ठहऱ्याउनु हचुवापनको अर्को ठाडो प्रमाण हो ।

नेपालमा व्यापक रूपमा चर्चित भएको र जन-अभिनन्दित समेत भएको एवं व्यवसायिक सफलता पनि प्राप्त गरेको चलचित्र 'बलिदान'लाई कुनै पनि विधामा पुरस्कृत गरिएन । यो ठाडै पक्षपातपूर्ण व्यवहार हो । 'बलिदान' फिल्म चलचित्रमध्ये, संगीतमध्ये,

## पुरस्कार पाउनेहरु

| | |
|---|---|
| चलचित्र | प्रेमपिण्ड |
| निर्देशक | उगेन छोपेल (तृष्णा) |
| नायक | भुवन के.सी. (करोडपति) |
| नायिका | गौरी मल्ल (कन्यादान) |
| चरित्र अभिनेता | नीर शाह (प्रेमपिण्ड) |
| चरित्र अभिनेत्री | सुभद्रा अधिकारी (चिनो) |
| खलनायक | सुनिल थापा (चिनो) |
| हाँस्य-अभिनेता | रतन सुवेदी (एकादेशमा) |
| हाँस्य-अभिनेत्री | बसुन्धरा भुसाल (कन्यादान) |
| बाल कलाकार | ज्योति थापा (एकादेशमा) |
| छायांकन | मञ्जुकुमार श्रेष्ठ (राजमति) |
| गायक | स्व. नारायण गोपाल (चिनो) |
| गायिका | आशा भोस्ले (प्रेमपिण्ड) |
| संगीतकार | शम्भुजीत बाँस्कोटा (प्रेमपिण्ड) |
| सम्पादन | तुलसी घिमिरे (दक्षिणा) |
| द्वन्द | विरमान घर्ती (सिमारेखा) |
| नृत्य | बसन्त श्रेष्ठ (प्रेमपिण्ड) |
| गीतकार | यादव खरेल (प्रेमपिण्ड) |
| सम्वाद | स्व. बालकृष्ण सम (प्रेमपिण्ड) |
| पटकथा | उगेन छोपेल/सिके श्रेष्ठ (तृष्णा) |
| कला | नन्द अधिकारी (सिमारेखा) |
| श्रृंगार तथा भेषभुषा | लीला श्रेष्ठ (प्रेमपिण्ड) |
| ध्वनि | दीपकमान श्रेष्ठ (राजमति) |

विशिष्ट योगदान पुरस्कार यादव खरेल, चेतन कार्की, नीर शाह, बसुन्धरा भुसाल, प्रकाश थापालाई ।
महेन्द्र चलचित्र साधना सम्मान स्व. हिरासिंह खत्रीलाई ।

संवादमध्ये वा अभिनयमध्ये (हरिवंश वा नीर शाह वा अञ्जना सुब्बा श्रेष्ठ) सबैमा अथवा केहीमा अवश्य नै पर्ने लायक थियो । नेपाली इतिहासको एउटा महत्वपूर्ण घटनालाई कलात्मक प्रस्तुति दिन सफल यो फिल्मलाई 'विशेष सम्मान पुरस्कार' मात्रै पनि दिन सकिन्थ्यो, यसको निम्ति फिल्म सर्वथा योग्य थियो ।

तर, यसरी 'बलिदान' लाई पूरै तिरस्कृत गर्ने काम गरियो । यसले एवार्डका निम्ति गरिएको छनौट-प्रकृया र छनौट-टीमको निष्पक्षतामा ठूलो प्रश्नचिन्ह लगाएको छ । छनौटका अरू पक्षमा पनि यस्तै पक्षपात भएको कुराको स्पष्ट संकेत यसले गरेको छ । आयोजकहरूमध्ये र छनौटकर्ताहरूमध्ये पंचायती संस्कारमा लुटपुट्टिएकाहरू धेरै रहेछन् भन्ने कुरालाई पनि यसले संकेत गरेको छ ।

"बलिदान" फिल्मले नेपाली फिल्मको इतिहासमा लामो समयसम्म चर्चा र छाप छोड्ने कुरा निश्चित देख्दादेख्दै पनि यसलाई सर्वथा उपेक्षा गरिनुले देखाएको छ- देशमा चलचित्र-कलाका क्षेत्रमा अझै पनि पञ्चायती निरंकुशतन्त्रको पक्षधर 'मण्डले प्रवृत्ति' हावी भइरहेको छ । यो कुरा यहाँका केही चलचित्रकर्मीहरूको दरवारसँगको निकटता र दरवारप्रतिको चाकडीबाज प्रवृत्तिले पनि बेलाबेलामा प्रकट गर्ने गरेको देखिन्छ । प्रजातान्त्रिक वा प्रगतिशील विचारयुक्त कलालाई पाखा लगाउने र लत्याउने घृणित काम उनीहरूले पञ्चायतकालदेखि नै गर्दै आएका हुन् ।

"बलिदान' भनेको युगान्तकारी चलचित्र हो । यो चलचित्र पञ्चायतको विरूद्धमा छ । यदि यसलाई पुरस्कार दिइयो भने, कोही रिसाउँलान् कि भन्ने डर र त्रास आयोजक र निर्णायकलाई भयो !"- कलाकार हरिवंश आचार्यको यो टिप्पणीले वास्तविकतालाई धेरै हदसम्म झल्काएको छ ।

वास्तवमा, यसरी पक्षपात गरेर आयोजक र निर्णायकहरूले मुट्ठीभर 'कोही' लाई त रिसाउन दिएनन्, तर उनीहरूले लाखौं सचेत नेपालीहरूमा भने ठूलो आक्रोश पैदा गरिदिएका छन् । कारण, 'बलिदान' प्रतिको उपेक्षा भनेको २०४६ सालको 'जनआन्दोलन'प्रतिको उपेक्षा हो, अनादर हो ।

जनपक्षीयताको विरोध, गुण-दोषको किटानीमा पक्षपातपूर्ण र अपारदर्शी रबैया, संकुचितता, असहिष्णुता, हचुवापन र जनविरोधी शक्ति-केन्द्रको चाकडी आदिको अर्को नाम नै 'पञ्चायती संस्कार' हो । यो संस्कार यसपल्ट 'मोसन पिक्चर्स एवार्ड' छनौटमा जसरी प्रत्यक्ष रूपले हावी भयो, त्यसले यो एवार्ड सिंगैको इज्जत र प्रतिष्ठामा ठूलो धक्का लाग्न पुगेको छ । त्यसकारण, एउटै फिल्मले आठ वटा पुरस्कार पाउनुको जुन गरिमा हुन्थ्यो, त्यो गरिमा 'प्रेमपिण्ड'ले प्राप्त गर्न सकेन । अरू पुरस्कृत फिल्महरूबारे पनि यही कुरा लागू हुन्छ ।

◆ हरिगोविन्द लुईंटेल

# मूल्याङ्कनलाई बौद्धिकहरूको खबरदारी !




**'मूल्यांकन'** मासिकको पाँचौं वार्षिक समीक्षा मेला गत चैत्र १ गते काठमाडौंमा 'काठमाडौं मोडेल अस्पताल' को हलमा सम्पन्न भयो ।

सो,समीक्षा मेलामा विभिन्न विधाका बौद्धिक व्यक्ति र व्यक्तित्वहरूले 'मूल्यांकन' लाई यसको स्तर एवं लोकप्रियता र वस्तुपरकता नघटाउन खबरदारी गर्नुभयो । साथै, उहाँहरूले यसलाई अरू उपयोगी, गहन, रोचक र विविधतायुक्त बनाउनका निम्ति विभिन्न विचार र कोणबाट सल्लाह-सुझावहरू पनि दिनुभयो ।

सो समीक्षा मेलामा पद्मरत्न तुलाधर, चन्द्रराज ढुंगेल, डा. कमलकृष्ण जोशी, खगेन्द्र संग्रौला, निनु चापागाईं, कनकमणि दीक्षित, दीपक ज्ञवाली, बसन्त थापा, डा. कविताराम श्रेष्ठ, प्रा. माणिकलाल श्रेष्ठ, गोविन्द भट्ट, श्यामप्रसाद शर्मा, गोविन्दप्रसाद लोहनी, डा. नारायण पोखरेल, महेश्वरमान श्रेष्ठ, डा. हरिमान श्रेष्ठ, डा. केदार खनाल, डा. शरद वन्त, डा. सरोज धिताल, डा. गुणनिधि शर्मा, डा. प्रत्युष वन्त, शोभा गौतम, मञ्जु थापा, केशवप्रसाद आचार्य, दीपेन्द्र ब. क्षेत्री, स्नेह सायमी, अनिल भट्टराई, बलभद्र भारती लगायतका मूल्यांकनका सल्लाहकार, सहकर्मी, सहयोगी र पाठकहरूको उपस्थिति थियो ।

सो मेलामा गोविन्दप्रसाद लोहनीले 'मूल्यांकन' ले राजनीतिक रूपमा एक पक्षलाई मात्रै हैन, सबैलाई संगेटोस् र यसमा 'सोसल डेमोक्र्याट' सोच राख्नेहरूलाई पनि विचार-अन्तर्क्रियामा ल्याओस् भन्ने सुझाव दिनुभयो ।

डा. गुणनिधि शर्माले सामाजिक मूल्यलाई महत्व दिने गरेर 'मूल्यांकन' ले राम्रो काम गरेको छ भन्दै राष्ट्रिय मुद्दाहरूमा यसको विशेष योगदान छ भन्नुभयो । उहाँले यसमा ग्रामीण समस्या एवं अनुभवलाई भने कम संगेटिने गरेको बताउनु भयो । थप स्तम्भगत विविधता जरूरी भएको धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

डा. कमलकृष्ण जोशीले हाल त्रि.वि. का उपकुलपतिका रूपमा कार्यव्यस्तताका कारण आफूले सल्लाहकारको रूपमा मूल्यांकनलाई समय दिन नसकेको बताउँदै 'मूल्यांकन' मा वैज्ञानिक दर्शनशास्त्रलाई सर्वसाधारणसम्म लैजाने सामग्रीको अझै खाँचो भएको कुरा व्यक्त गर्नुभयो । विज्ञान प्रविधिले थप महत्व पाओस् भन्ने सुझाव पनि उहाँले दिनुभयो ।

प्रा. माणिकलाल श्रेष्ठले 'मूल्यांकन' ले किसान, महिला र जनजातिबारे कमै सामग्री मात्र प्रस्तुत गरेको छ भन्दै इतिहास विषयमा यसले विगतमा केही सानातिना त्रुटीहरू पनि गरेको छ भन्नुभयो ।

अर्थविद् दीपेन्द्रबहादुर क्षेत्रीले दृष्टिकोण निर्माण गर्ने वैज्ञानिक दार्शनिक सामग्रीहरू अझै कम भएको कुरा औंल्याउनु भयो । शोभा गौतमले लैंगिक आधारमा पनि सामाजिक समस्यालाई विश्लेषण गरिनुपर्छ भन्दै देशमा भइरहेका निजीकरणका असरहरूबारे खोजी हुनु जरूरी छ भन्नुभयो । डा. कविताराम श्रेष्ठले 'मूल्यांकन' पहिलेभन्दा हाल थप फराकिलो भएको अनुभव व्यक्त गर्दै युवाहरूको लागि 'नवयुवा' प्रकाशित गरेझैं यसले बालकहरू र मजदूर-

> **"मूल्यांकन" को वार्षिक समीक्षा मेला**

किसानहरूको लागि पनि छुट्टै प्रकाशन थालोस् भन्ने सुझाव प्रस्तुत गर्नुभयो । केशवप्रसाद आचार्यले नेपालमा इतिहास, राष्ट्रियता र वर्गबारे प्रगतिशील विश्लेषणमा अन्यौल रहेकोले यो अन्यौल चिर्ने दिशामा काम हुनु जरूरी छ भन्नुभयो । हिमाल पत्रिकाका सम्पादक कनकमणि दीक्षितले अमेरिकी Forbes पत्रिका पूँजीवादको साधन बने जस्तो 'मूल्यांकन' साम्यवादको साधन बन्ने हो भने अर्कै कुरा, हैन भने यसले कम्युनिष्ट आन्दोलनलाई मात्र हैन, समग्र नेपाली समाजलाई नै आफ्नो क्षेत्र बनाओस् र समाजको विकासको विकल्प निकाल्ने कुरामा ध्यान देओस् भन्ने सुझाव दिनुभयो । अनिल भट्टराईले जनता अज्ञानी छन्, हामी ज्ञान दिन्छौं भन्ने दृष्टिकोण हामी बौद्धिकहरूमा व्याप्त छ भन्दै 'मूल्यांकन' ले यो दृष्टिकोण त्यागोस् भन्नुभयो । दीपक ज्ञवालीले 'मूल्यांकन' वामपन्थी विचार प्रचार गर्ने साधन हुने कि एउटा 'राष्ट्रिय मंच' हुने ?- दोसाँधमा यो उभिएको छ भन्दै यसले एकपक्षीय नबनी प्राज्ञिक र बौद्धिक विविधतामा काम गरोस् भन्नुभयो । साथै, उहाँले यसले नेपालभरि हुने प्रमुख अन्तर्क्रियाहरूको सार संक्षेप प्रस्तुत गर्ने कुरामा ध्यान देओस् भन्नुभयो ।

चन्द्रराज ढुंगेलले सर्वसाधारणलाई उपयोगी हुने 'वैज्ञानिक विचारधारात्मक सामग्रीहरू प्रकाशित गर्न, वाम एकता व्यवहारमै कायम गराउन र नेतृत्व तहसम्म विचार अन्तर्क्रियालाई प्रभावकारी बनाउन 'मूल्यांकन" अझै सफल नभएको राय व्यक्त गर्नुभयो । स्नेह सायमीले सामाजिक उन्नत चरित्र निर्माण र किसान-हकहितको पक्षमा थप काम हुनु जरूरी छ भन्नुभयो । बलभद्र भारतीले कला-साहित्यका समीक्षात्मक पक्ष, विश्व परिप्रेक्ष र विधागत विविधतालाई संगेट्नु जरूरी भएको बताउनु भयो । डा. नारायण पोखरेलले 'वामपन्थ' नामबाट शुरू हुन खोजेको यो 'मूल्यांकन' आफ्ना घोषित उद्देश्यबाट विचलित भएको राय धेरैले व्यक्त गरेका छन्, यसले सोचोस् भन्नुभयो ।

मेलामा सुझाव दिने क्रममा डा. शरद वन्तले 'मूल्यांकन' ले धेरैलाई वैचारिक रूपले घोचोस् भन्नुभयो भने मञ्जु थापाले सुझाव लिएर त्यो अनुसार काम पनि गर्नुपर्‍यो भन्दै लैंगिक समानताको पक्ष र दृष्टिकोण निर्माणको पक्षलाई महत्व कम दिइएको अनुभव आफूले गरेको कुरा बताउनुभयो । खगेन्द संग्रौलाले मूल्यांकनमा लेखकहरू विविध हुनु जरूरी भएको र 'उपदेशवाद' बाट यो बच्नु जरूरी भएको कुरा व्यक्त गर्नुभयो ।

यसैगरी, सो समीक्षा मेलामा श्यामप्रसाद शर्माले 'मूल्यांकन' परिश्रमपूर्वक आत्मनिर्भर भएकोमा खुसी व्यक्त गर्दै जनताबाट सिक्ने काम पनि हुनुपर्छ भन्दै यसमा आएका वैचारिक सामग्रीहरू राम्रा छन्, तर उपदेशात्मक शैली चाहिं हटाउँदै जानु जरूरी छ भन्नुभयो । निनु चापागाईंले 'मूल्यांकन' घोषित विचार र उद्देश्यबाट टाढा जानु हुन्न, बरू यस दिशामा यो झन झन गहन र विविध हुनु जरूरी छ भन्नुभयो ।

सो समीक्षा मेलाको संचालन प्रधान सम्पादक श्याम श्रेष्ठले गर्नुभएको थियो भने कार्यकारी सम्पादक हरिगोविन्द लुईंटेलले 'मूल्यांकन' को वर्तमान स्थितिबारे विवरण प्रस्तुत गर्नुभएको थियो । ◉



सेती नदी परियोजना क्षेत्र

# के गर्दैछ सरकार अहिले पश्चिम सेती आयोजनाबारे ?

◆ राजेन्द्र दाहाल

अमेरिकी बहुराष्ट्रिय ऊर्जा कम्पनी-'एनरोन' ले हालै नेपालको सबैभन्दा ठूलो प्रस्तावित कर्णाली (चीसापानी) आयोजनाबाट आफ्नो प्रस्ताव फिर्ता लिनुभन्दा तीन दिन अगाडि, २०५४ चैत्र २५ गते जलस्रोत मन्त्रालयमा बसेको एउटा सर्वदलीय वैठकले पश्चिम सेती आयोजनाको काम-कारवाही अगाडि बढाउन सरकारलाई निर्देशन दिएको छ । बैठकले पश्चिम सेती आयोजनाबाट हुने तल्लो तटीय लाभका सम्बन्धमा भने निर्णय दिएको छैन । बैठकको निर्णयमा भनिएको छ- "पश्चिम सेती आयोजनाको संचालनका लागि श्री ५ को सरकारद्वारा स्मेक (SMEC) संग संझौता गरिसकेकोले भएको संझौताअनुरूप काम कारवाही अघि बढाए हुन्छ । आयोजनाबाट नियन्त्रित हुने पानीबाट तल्लो तटीय राष्ट्रलाई पुग्ने फाइदावापत मुलुकले प्राप्त गर्ने compensation (शोधभर्ना) को बारेमा भारतसंग भइरहेका सन्धि, संझौता, श्री भी.सी. शुक्लको भ्रमणको अवसरमा भएको सहमति र equitable, reasonable र just प्रयोग जस्ता अन्तर्राष्ट्रिय मान्यताका आधारमा जलस्रोत मन्त्रालयले एक कार्यपत्र तयार गरी अर्को सर्वदलीय वैठकमा पेश गर्ने ।"

उक्त बैठकमा तत्कालीन जलस्रोत र परराष्ट्र मन्त्रीहरू पशुपति शमशेर राणा तथा कमल थापा (राप्रपा-थापा) लगायत डा. रामशरण महत र गंगाधर पराजुली (कांग्रेस), भरतमोहन अधिकारी र भीम रावल (एमाले) तथा प्रेमबहादुर भण्डारी (राप्रपा-चन्द) उपस्थित थिए । नेकपा माले, नेमकिपा र सद्भावना पार्टीले निमन्त्रणा स्वीकार गरेर पनि बैठकमा प्रतिनिधि पठाएका थिएनन् ।

सर्वदलीय बैठकले अगाडि बढ्ने बाटो खुला गरिदिएको भोलिपल्ट नै अर्थात् २०५४ चैत्र २६ गते, जलस्रोत मन्त्रालयले पश्चिम सेती आयोजना र सो आयोजना निर्माण गर्न अग्रसर भएको अष्ट्रेलियाको स्नोइ माउन्टेन इलेक्ट्रीसिटी कर्पोरेशन (स्मेक) ले उठाएका सवालहरूमा निर्णयहरू लियो । यसमा तीन वटा निर्णय मुख्य थिए । पहिलो, 'स्मेक' ले माग गरे बमोजिम आयोजनाको संझौता अवधि नबढाउने, शुरूको संझौता बमोजिम ३० वर्ष नै कायम राख्ने । ('स्मेक' ले ३० को सट्टा ३५ वा ३६ वर्षसम्म आयोजना आफूले संचालन गर्न पाउनु पर्ने माग राखेको थियो ।)

दोस्रो निर्णय थियो, 'स्मेक' ले आयोजनाबाट उत्पादन हुने कूल विद्युत शक्तिमध्ये नेपाललाई निःशुल्क उपलब्ध गराउने १०% विजुलीको सट्टा पैसा (रकम) लिने । र, तेस्रो स्मेकले भारतमा निर्यात गर्ने विजुलीको मूल्यमा ३% निर्यात कर लगाउने निर्णय थियो ।

यसका अतिरिक्त, आयोजनाको जलाशयलाई ढुंगा-माटोले पुरिन नदिने तथा जलाशयबाट विद्युत गृहमा पानी जाने मुहान (इनटेक) सार्न मिल्ने खालको व्यवस्था गराउने, स्मेकले श्री ५ को सरकारलाई तिर्नु पर्ने कर, रोयल्टी, विद्युत मूल्य तीन तीन महिनामा भुक्तान गर्ने र तल्लो तटीय फाइदाको बारेमा जलस्रोत मन्त्रालयले कार्यपत्र तयार गरी कार्यवाही अगाडि बढाउने आदि निर्णयहरू पनि सोही दिन गरिएको छ ।

## पश्चिम सेती आयोजना

विदेशी लगानी भित्र्याउने, ठूला-ठूला विद्युत आयोजना निर्माण गर्ने र विद्युत निर्यात गरेर अरबौं आम्दानी गर्ने कुरा, समकालीन नेपाली नेता र नीति-निर्माताहरूको ओठमै भुण्डिने गरेको छ । पश्चिम सेती जलविद्युत आयोजनालाई यस्तै सोचाइ र सपनासंग मिल्दोजुल्दो ढंगले अगाडि बढाइँदै छ । तर, आयोजना आफ्नो लामो यात्राको प्रारम्भिक बिन्दुमै छ । अरूण- ३, सप्तगण्डकी, बूढीगण्डकी, तामाकोशी, 'एनरोन' को कर्णाली झैं पश्चिम सेती पनि यत्तिकैमा बिलिन भएर जाने हो अथवा तीभन्दा भिन्न बाटो समात्ने हो भन्ने थाहा पाउन अझै केही समय प्रतीक्षा गर्नुपर्ने छ ।

१ अर्ब ६० करोड घन मिटर पानी अटाउने (कुलेखानीको भन्दा १५ गुणा ठूलो) जलाशय, १९५ मिटर अग्लो बाँध र करीब ८ कि.मि लामो सुरूङ्ग हुने पश्चिम सेती जलविद्युत आयोजनाको जडित क्षमता ८०० मेगावाट हुनेछ । सन् १९८४-८६ मा यो आयोजनाको पहिलो पटक संभाव्यता अध्ययन हुँदा यसको विद्युत क्षमता ३६० मेगावाट हुने बताइएको थियो । फ्रान्स सरकारको ऋण तथा अनुदान सहयोगमा फ्रान्सकै सोग्रेह (SOGREAH) नामको कम्पनीले यसको विस्तृत अध्ययन सन् १९९१ मा पूरा गरेको थियो ।

सुदूर पश्चिमाञ्चलको डोटी, डडेलधुरा र अछामको संगम बिन्दु ढुंगाड भन्ने ठाउँमा बन्ने यो आयोजनाबाट उत्पादित सम्पूर्ण विजुली भारत निर्यात गर्ने उद्देश्यले अष्ट्रेलियाको Snowy Mountain Electricity Corporation (SMEC) सन् १९९४ को सेप्टेम्बरदेखि यसमा संलग्न छ । स्मेकले आयोजनाको विस्तृत इन्जिनियरिङ अध्ययन सम्पन्न गरिसकेको छ । यही अध्ययनको आधारमा आयोजनाको जडित क्षमता ३६० बाट बढाएर ८०० मेगावाट पुऱ्याएको हो । आयोजनाको कूल लागत १ अर्ब ९ करोड डलर हुने अनुमान गरिएको छ ।

'स्मेक' ले कम्पनी ऐन २०२१ अन्तर्गत 'स्मेक वेष्ट सेती हाइड्रोइलेक्ट्रीसिटी कर्पोरेशन' नामको कम्पनी दर्ता गरी काठमाडौंमा कार्यालय संचालन गरिरहेको छ । 'स्मेक' ले आफ्नो विद्युत उर्जाको बिक्री मूल्य ७ सेन्ट प्रति यूनिट हुने आधारमा खरीदकर्ता र लगानीकर्ताहरू खोज्ने काम गरिरहेको छ । भारतका हरियाणा, पंजाब, राजस्थान र उत्तर प्रदेश बिजुली बोर्डहरूले बिजुली किन्ने इच्छा प्रकट गरेको बताइएको छ । अष्ट्रेलियास्थित सिटी बैंक, पेरिस-नेशनल बैंक, कोलानियल स्टेट बैंक, विश्व बैंक, एशियाली विकास बैंक आदि बैंकहरू यस आयोजनामा लगानी गर्न इच्छुक भएको बताइएको छ । स्मेकको दावीअनुसार, सन् १९९७ को नोभेम्बरसम्ममा भारतमा विद्युत बिक्री सम्बन्धी सम्झौता (पी.पी.ए.) भइसक्नु पर्ने थियो, तर अहिलेसम्म भएको छैन । सन् १९९९ मा निर्माण कार्य शुरू गरी सन् २००४ देखि विद्युत उत्पादन गर्ने 'स्मेक' को कार्य-योजना रहेको छ । तर यसअनुसार आयोजना बन्ने कुरामा विश्वास गर्न सकिने आधारहरू भने

> 'स्मेक' ले आफ्नो विद्युत उर्जाको बिक्री मूल्य ७ सेन्ट प्रति यूनिट हुने आधारमा खरीदकर्ता र लगानीकर्ताहरू खोज्ने काम गरिरहेको छ । भारतका हरियाणा, पंजाब, राजस्थान र उत्तर प्रदेश बिजुली बोर्डहरूले बिजुली किन्ने इच्छा प्रकट गरेको बताइएको छ ।

छैनन् ।

'स्मेक' ले यो आयोजनालाई उच्चतम-माग भएको बेलामा थोरै घण्टा मात्र चलाउने (peaking–station) गरी डिजाइन गरेको छ । आयोजनाको सम्पूर्ण विजुली ४०० किलो भोल्ट क्षमताको ७७ कि.मि. लामो प्रसारण लाइनबाट भारत पुऱ्याइनेछ ।

## खर्च र आम्दानी

'स्मेक' ले गरेको पछिल्लो अध्ययनअनुसार, पश्चिम सेती आयोजनाबाट वार्षिक ३ अर्ब ३३ करोड यूनिट (किलोवाट घण्टा) विद्युत ऊर्जा उत्पादन हुनेछ । यो ऊर्जा अत्यधिक माग भएको समय (peak-time) मा मात्र उत्पादन गरिनेछ । विद्युत माँग नभएको बेलामा जलाशयमै पानी संचय गरी राख्न सकिन्छ । चाहिएको बेलामा मात्र उत्पादन गरिने विजुलीको बजार मूल्य अरूभन्दा स्वाभाविक रूपमै बढी हुन्छ । 'स्मेक' ले पश्चिम सेतीको विजुली प्रति यूनिट ७ सेन्ट (अमेरिकी डलर ०.०७) को दरमा भारत निर्यात गर्ने प्रस्ताव श्री ५ को सरकारलाई दिएको छ । अहिले प्रचलित विनिमय दरअनुसार ७ सेन्ट भनेको नेरू. ४.४१ हुन्छ । कूल ऊर्जा- ३ अर्ब ३३ करोड यूनिटमध्ये श्री ५ को सरकारलाई सित्तै दिनुपर्ने १० प्रतिशत अर्थात् ३३ करोड यूनिट कटाएर पनि वार्षिक ३ अर्ब यूनिट विजुली रू. ४.४१ को दरमा निर्यात गर्दा वार्षिक रू. १३ अर्ब आम्दानी हुन्छ । आयोजनाको कूल लागत १ अर्ब ९ करोड डलर हुने कुरा 'स्मेक' ले बताएको छ । अहिलेको विनिमय दरअनुसार पश्चिम सेती आयोजनाको कूल लागत यसरी रू. ६८ अर्ब ६७ करोड हुन आउँछ ।

जलस्रोत मन्त्रालयले गत वर्षको साउन ३१ गते संसदको लेखा समितिलाई दिएको एक विवरणअनुसार पश्चिम सेती आयोजना बनेपछि, विद्युत शक्तिको रौयल्टी, विद्युत ऊर्जाको रोयल्टी तथा निःशुल्क प्राप्त हुने १० प्रतिशत विजुलीको मूल्य समेत श्री ५ सरकारलाई पहिलो १५ वर्षसम्म वार्षिक रू. १ अर्ब ५१ करोड आम्दानी हुनेछ । यसमा हालै निर्णय गरिएको ३% निर्यात करबाट प्राप्त हुने आम्दानी (करिब रू. ३३ करोड) जोड्दा पहिलो १५ वर्षको श्री ५ को सरकारको वार्षिक आम्दानी रू. १ अर्ब ८४ करोड पुग्छ । आयोजनाले विजुली उत्पादन गर्न थालेको १५ वर्षपछि विद्युत शक्ति तथा ऊर्जाको रोयल्टीको दर ह्वात्तै बढ्ने हुँदा वार्षिक आम्दानी बढेर रू. ३ अर्ब ५० करोड नाघ्ने देखाइएको छ ।

# को ढाँट्न खोज्दैछ ?

**अग्ला** बाँध सम्बन्धी विशेषज्ञ एवं एवं जल तथा शक्ति आयोगका सल्लाहकार डा. आनन्दबहादुर थापाले तयार पार्नुभएको एक टिप्पणी-पत्रअनुसार, 'स्मेक' ले निर्माण गर्न लागेको पश्चिमी सेती आयोजनाको CFR प्रविधिको बाँध संसारमै त्यस किसिमको तेस्रो बाँध हुनेछ । साथै, बाँध बनिसकेपछि CFR (concrete–faced rock-fill) प्रविधिबाट बन्ने संसारकै सबैभन्दा अग्लो बाँध पश्चिम सेतीकै हुनेछ । 'स्मेक' ले उक्त बाँधको उचाई १९५ मिटर प्रस्तावित गरेको छ । सो बाँधले १ अर्ब ६० करोड घन मिटर पानी संचय गर्नेछ । डा. थापाले टिप्पणी-पत्रमा लेखे अनुसार, १९५ मिटर अग्लो बाँधले बनाउने पश्चिम सेतीको जलाशय पानी संचयको दृष्टिले कुलेखानीको जलाशय (इन्द्र सरोवर) भन्दा १५ गुणा ठूलो हुन्छ ।

तर, आफ्नो राजनीतिक जीवनको तीन चौथाई समय जलस्रोत मन्त्रालयमा बिताउनु भएका भूपू जलस्रोत मन्त्री पशुपति शमशेर राणा विशेषज्ञका कुरालाई मान्यता दिनु हुन्न । हाल सर्वोच्च अदालतमा बहस चलिरहेको पश्चिम सेती आयोजना सम्बन्धी एक रिट-निवेदन (मुद्दा) मा सर्वोच्च अदालतले दिएको कारण देखाऊ आदेशको जलस्रोत मन्त्रीका हैसियतले लिखित जवाफ दिने क्रममा पूर्व मन्त्री राणाले पश्चिम सेतीको जलाशयलाई 'सानो आकारको' बताउनु भएको छ ।

आफ्नो लिखित जवाफको बुँदा नम्बर २ (ग) मा राणाले भन्नुभएको छ- "आयोजनको वातावरणीय पक्ष पनि सर्वथा उपयुक्त छ । यसका संरचनाहरू खासगरी भूमिगत हुने र जलाशय सानो आकारको हुने भएकोले स्थानीय वातावरणमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव अति नै न्यून देखिन्छ ।"

अब कसलाई पत्याउने ? कसले कसलाई झुक्याउन खोजिरहेको छ ? १५ वटा कुलेखानी बराबरको एउटै जलाशय पनि 'सानो' मै गनिने भएपछि नेपालका कोशी र कर्णाली बाहेकका सबै आयोजनाहरू स्वभाविक रूपमै साना ठहरिने भए ।

यसैले, पश्चिम सेतीको रिट निवेदनमाथि फैसला दिँदा अब सर्वोच्च अदालतले जलविद्युत आयोजनाको 'सानो' र 'ठूलो' को वर्गीकरण पनि गरिदिनुपर्ने भएको छ । अदालतको दृष्टिमा पश्चिम सेतीको जलाशय 'सानै' ठहरियो भने त ठीकै होला, अन्यथा अदालतलाई ढाँटेको र गुमराह गर्ने प्रयास गरेको कसूरबाट बच्न पूर्व मन्त्री राणालाई कठीन हुनेछ । ❑



## बहस र विवाद

पश्चिम सेती आयोजनाको पछिल्लो स्थिति सार्वजनिक भइनसकेको कारण, यस सम्बन्धमा बहस र विवाद पनि त्यति धेरै भएका छैनन् । यो आयोजनाको कारण सुख्खायाममा उपलब्ध हुने अतिरिक्त पानी अर्थात् 'रेगुलेटेड फ्लो' (करिब ९० घनमिटर प्रति सेकेण्ड) को शोध-भर्ना भारतबाट कसरी असूल गर्ने भन्ने सवालमाथि सरकार भित्र र बाहिर पनि निकै चर्चा र विवाद हुँदै आएको छ । श्री ५ को सरकारले आयोजना अगाडि बढाउन 'स्मेक' लाई बाटो खुल्ला गरिदिए पनि तल्लो-तटीय लाभ (down-stream benefit) का सम्बन्धमा अहिलेसम्म निर्णय लिन सकेको छैन । यो कार्य- 'गाडा अगाडि गएर गोरू पछाडि' जस्तै भएको छ । यो लाभको बारे सुनिश्चित नभइकन परियोजनाको काम अगाडि बढाउनु हाम्रो मुलुकको दीर्घकालीन हितका हिसाबले आत्मघाती काम हो, तथापि, त्यस्तो लाभ लिनै पर्छ भन्ने कुरामा चाहिं सरकारी निकायहरू दृढ (convinced) देखिन्छन् । तर, यो सवाल 'स्मेक' संग प्रत्यक्ष रूपले सम्बन्धित भने छैन । यसले आयोजनाको कार्यान्वयनमा 'स्मेक' लाई प्रत्यक्ष असर पनि पार्दैन ।

आयोजना तयारीकै क्रममा रहेकोले, आयोजनाबाट स्थानीय वासिन्दा र वातावरणमा पर्ने असर, विस्थापितहरूलाई क्षतिपूर्ति, पुनर्स्थापन र रोजगारी दिने जस्ता सवालहरू विवादका विषय बन्ने-नबन्ने पछि नै थाहा हुनेछ । किनभने, तत्सम्बन्धी योजना र अवधारणाहरू बाहिर आउन बाँकी नै छन् । तर, आयोजनाका केही प्रस्तावित प्राविधिक पक्षहरूमा भने विशेषज्ञहरूले शंका उठाउन थालिसकेका छन् ।

'स्मेक' ले करिब १९५ मिटर अग्लो Concrete face rock-fill बाँध बनाउने तयारी गरिरहेको छ । तर, बाँध विशेषज्ञहरू यसलाई जोखिमपूर्ण बताउँछन् । जल तथा शक्ति आयोगका सल्लाहकार डा. आनन्दबहादुर थापाका अनुसार, यस किसिमको (CFR) बाँधबाट पानी रसाउने संभावना रहन्छ र जलाशयमा पानी भरिसकेपछि त्यस्तो चुहावट (seepage) पत्ता लगाएर रोक्न कठीन हुन्छ । यति उँचाइ भएका CFR बाँध संसारमा अहिलेसम्म कतै नबनेका र यो प्रविधि १५० मिटर अग्ला बाँधसम्म मात्र सीमित रहेको कुरा पनि डा. थापाले आफ्नो एउटा टिप्पणी-पत्रमा उल्लेख गर्नुभएको छ । मेक्सिकोको १८५.५ मिटर अग्लो अग्वामिल्पा (Aguamilpa) -

**श्री ५ को सरकारले आयोजना अगाडि बढाउन 'स्मेक' लाई बाटो खुल्ला गरिदिए पनि तल्लो-तटीय लाभ (down-stream benefit) का सम्बन्धमा अहिलेसम्म निर्णय लिन सकेको छैन । यो कार्य- 'गाडा अगाडि गएर गोरु पछाडि' जस्तै भएको छ ।**



**पश्चिम सेती जस्तो आकर्षक र सस्तो जलाशययुक्त योजना आफ्नो हातबाट गुमाउनु राष्ट्रले भरे सारै पछूतो गर्नु पर्ने विषय हुन सक्छ ।**

यो (CFR) प्रविधिबाट बनेको पहिलो अग्लो बाँध मानिन्छ । सन् १९९३ मा पूरा भएको यो बाँधबाट पानी रसाउन थालेको छ । र, चीनले बनाउन लागेको संसारकै दोस्रो अग्लो CRF (१८० मिटर अग्लो) बाँध अर्को वर्ष मात्र पूरा हुने कुरा पनि डा. थापाले आफ्नो टिप्पणी-पत्रमा उल्लेख गर्नुभएको छ ।

पश्चिम सेती आयोजना सम्बन्धमा श्री ५ को सरकारले विजुलीको सट्टा पैसा लिनें भनी हालै गरेको निर्णयले पनि विवाद निम्त्याउने संभावना छ । 'स्मेक' र श्री ५ को सरकारबीच शुरू (सन् १९९४ जुलाई) मा भएको सहमति पत्रमा 'स्मेक'ले सित्तै दिने १० प्रतिशत विजुली बाहेक पनि, नेपाललाई खाँचो परेमा पश्चिम सेतीको विजुली किन्न पाउने पहिलो अधिकार श्री ५ को सरकारलाई हुने कुरा उल्लेख गरिएको थियो । गत वर्ष गरिएको संझौतामा नेपालको प्रथम-अधिकार कटौती गरियो र अहिले आएर सित्तै पाउने बिजुली पनि नलिने, त्यसको सट्टा नगद लिने निर्णय गरियो । बिजुलीभन्दा पैसा लिनुपर्नाको मुख्य आधार, बिजुली लिन प्राविधिक कठिनाइ हुन (उच्च भोल्टेजबाट न्यून भोल्टेजमा घटाउनु पर्ने, नयाँ प्रशारण लाइन बनाउनु पर्ने, प्राधिकरणको दीर्घकालीन योजनामा व्यवधान पैदा हुने आदि) कुरालाई बनाइएको छ ।

तर कतिपय विद्युत-विशेषज्ञहरूले श्री ५ को सरकारको तर्कलाई 'लंगडो तर्क' को संज्ञा दिएका छन् । उनीहरूको विचारमा, उच्चतम माग भएको (peak-load) समयमा विद्युत आपूर्ति गर्न सक्ने आकर्षक जलाशय आयोजना, पश्चिम सेती बाहेक नेपालमा अरू छैनन् । नेपालको विद्युत प्रणाली अहिले सानो भएर पनि हिउँदका दिनमा साँझ-विहान लोडसेडिङ्ग गर्नुपर्नाको कारण, विद्युत-माँग चौबिसै घण्टा र बाह्रै महिना एकनासको नहुनु हो । ८/१० वर्षपछि, नेपालको विद्युत प्रणाली अहिलेभन्दा 'कैयौं' गुणा ठूलो हुनेछ । तर, पश्चिम सेती जस्ता जलाशययुक्त आयोजना हामीसित भएनन् भने लोडसेडिङ्गको समस्याबाट मुक्ति मिल्ने छैन । नेपाल विद्युत प्राधिकरणले माग उच्च भएको समयमा भारतबाट बढी विजुली आयात गरेर अहिलेसम्मको माग धान्ने गरेको छ । पश्चिम सेती बनेपछि पनि प्राधिकरणले अहिले जस्तै गर्न सक्ने छ । तर, त्यसो गर्दा आफूले सस्तोमा जडीबुटी निर्यात गरेर महँगोमा त्यही जडीबूटीबाट बनेको औषधि आयात गर्ने वर्तमान विडम्बना विद्युतमा पनि दोहोरिने छ । 'स्मेक' ले निर्यात गर्दाको दर (मूल्य) भन्दा प्राधिकरणले आयात गर्दाको दर स्वाभाविक रूपमै महँगो हुनेछ । 'स्मेक' ले निर्यात गर्दा उच्च भोल्टेज (४०० के.भी) मा गर्छ भने प्राधिकरणले बढीमा १३२ के.भी. र त्योभन्दा कम ११, ३३ वा ६६ के.भी. प्रसारण लाइनबाट विद्युत आयात गर्ने गर्छ । स्मरणीय छ, जति कम भोल्टेजमा आयात निर्यात गरिन्छ, विद्युत खरीद-विक्रीको दर पनि त्यत्ति नै बढी हुँदै जान्छ । यस हिसाबले नेपालको भविष्यको विद्युत आपूर्तिको समस्याबारे यादै नगरीकन पश्चिम सेती जस्तो आकर्षक र सस्तो जलाशययुक्त योजना आफ्नो हातबाट गुमाउनु राष्ट्रले भरे सारै पछूतो गर्नु पर्ने विषय हुन सक्छ ।

## निर्यात करप्रति असन्तुष्टि

पश्चिम सेती आयोजनाबाट उत्पादित विजुली भारत निर्यात गर्दा; निर्यातित मूल्यको ३% का दरले श्री ५ को सरकारलाई कर तिर्नुपर्ने निर्णय गरिएको छ । यो कर नलगाउन 'स्मेक' ले शुरूदेखि माँग गर्दै आएको छ । 'स्मेक' को दावीअनुसार, निर्यात कर लगाउँदा आयोजनाबाट लगानीकर्ताहरूले पाउने प्रतिफल ३०% बाट झर्ने र २०% भन्दा कम प्रतिफल प्राप्त हुने आयोजनामा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले लगानी गर्दैनन् । कानूनी प्रावधानको पालना गर्न निर्यात कर लगाउने नै भए, त्यसको दर ०.५% भन्दा बढी हुनु हुँदैन भन्ने माग पनि 'स्मेक' ले राख्दै आएको छ । सरकारले निर्यात करको दर ३% तोकेको सम्बन्धमा 'स्मेक' को प्रतिक्रिया आउन बाँकी छ ।

विभिन्न कारण र परिस्थितिले, आयोजना अगाडि बढाउन नसक्ने भयो भने, त्यसबाट हात झिक्न निर्यात कर, 'स्मेक' लाई राम्रो बहाना साबित हुनेछ । ❑

# तल्लो तटीय लाभका लागि सुझाइएका विकल्पहरूको बान्की

पश्चिम सेती आयोजनाबाट हुने तल्लो तटीय फाइदा लिने सम्बन्धमा श्री ५ को सरकार जलस्रोत मन्त्रालयले २०५४ चैत २५ गते सर्वदलीय बैठकमा तीन वटा विकल्पहरू प्रस्तुत गरेको थियो । ती विकल्पहरूको खोजी, जलस्रोत मन्त्रालयका विशेष सचिव यादवलाल वैद्यको संयोजकत्वमा २०५४ साउन ३० गते गठित अन्तर-निकाय कार्यदलले गरेको हो । सो कार्यदलले सुझाएका विकल्पहरू निम्न छन्:

**विकल्प १:** पश्चिम सेती तथा भेरी-बबई आयोजनाहरू कार्यान्वयन गर्ने विषयमा भारतसँग कुरै नगर्ने, यस्ता मझौला खालका आयोजनाहरू नेपालले स्वेच्छाअनुसार कार्यान्वयन गर्दै जाने ।

**विकल्प २:** पश्चिम सेती अयोजना नियन्त्रित पानी तथा त्यसबाट हुने फाइदाबारे भारतसँग वार्ता गरी सम्भाव्य फाइदाहरू बारेमा माइन्यूटिङ्ग गर्ने, बाँडफाँडको लागि कुरा गर्ने ।

**विकल्प ३:** पश्चिम सेती आयोजनाबाट हुने नियन्त्रित पानी तथा त्यसबाट हुन सक्ने फाइदाहरू उल्लेख गरी भारत सरकारलाई पत्र लेख्ने ।

उपरोक्त तीनवटामध्ये कुनै पनि विकल्प अपनाउँदा भारतको हात माथि पर्ने र थप जटीलता आइपर्नेतिर पनि कार्यदलले संकेत गरेको छ ।

कार्यदलले तेस्रो विकल्पलाई बढी महत्व प्रदान गरेको छ । यो विकल्पको आशय, पश्चिम सेती आयोजनाको नियन्त्रित पानी सबै भारतलाई उपलब्ध हुने तथ्य देखाएर नेपालले भेरी नदीको पानी बबईमा ल्याएर सिँचाईमा प्रयोग गर्ने रहेको देखिन्छ । (भेरी-बबई आयोजना कार्यान्वयन गर्ने नेपालको प्रयासलाई भारतले, आफूले प्रयोग गरिरहेको पानी घट्ने तर्क दिएर व्यवधान खडा गर्दै आएको छ ।)

कार्यदलले प्रतिवेदनमा उल्लेख भएअनुसार, पश्चिम सेती आयोजनाको कारण सेती नदीको वार्षिक" औसत प्रवाहमा करीब १ घनमिटर प्रति सेकेण्ड मात्र कमी आउँछ । भेरी-बबई आयोजना बनाउँदा कर्णाली नदीको प्राकृतिक प्रवाह हिउँदमा ५० घ.मी. प्रति सेकेण्डले घट्छ भने पश्चिम सेती आयोजनाको कारण कर्णालीको हिउँदको प्रवाहमा घटीमा ९० घ.मी. प्रति सेकेण्ड पानी थपिन जान्छ । अर्थात्, नेपालले कर्णालीको सहायक भेरी नदीको पानी बबई हुँदै बाँके र बर्दियातिर ल्याएर, पश्चिम सेती आयोजनाबाट नियन्त्रित पानी सबै भारतलाई छोडिदियो भने, भारतले साबिकभन्दा कम्तीमा ४० घ.मी. प्रति सेकेण्ड पानी कतरनिया घाटमा पाउँछ । ❑

# यो वर्ष नेपाल गंभीर वित्त संकटमा धकेलिँदैछ !

चालु आर्थिक वर्षमा जुन ढंगले राजस्व उठिरहेछ, त्यो हेर्दा के भन्न सकिन्छ भने- नेपाल एउटा भयंकर वित्तीय संकटको खाडलमा जाकिँदैछ। यो संकट भ्रष्ट थापा-कांग्रेस सरकारको विशिष्ट उपहार भएको छ- नेपालको लागि।

यस आर्थिक वर्षमा जम्मा रू. ३७ अरब ५ करोड राजस्व उठ्ने अनुमान गरिएकोमा अर्थमन्त्री डा. रामशरण महतका अनुसार, चैत्र २८ गतेसम्ममा खालि २० अरब ७५ करोड राजस्व मात्र उठ्न सकेको छ। आर्थिक वर्षको पहिलो ९ महिनाको अवधिमा लक्ष्यको ५६ प्रतिशत मात्र राजस्व उठ्नु भनेको गंभीर संकटको लक्षण हो। अब बाँकी तीन महिनामा टाउकै फोडे पनि निर्धारित लक्ष्यअनुसार राजस्व उठ्न सक्ने देखिन्न। यसले राज्य स्तरमा गंभीर वित्तीय संकट पैदा गर्ने निश्चित छ। राजस्व जति उठ्नु पर्ने हो, त्योभन्दा निकै कम उठेपछि सरकारसित खर्च गर्ने पैसाकै हाहाकार हुनेछ। यसले सरकारी ऋण ह्वात्तै बढाउनेछ, बजेट घाटामा निकै बृद्धि गर्नेछ, ठूलो मुद्रास्फिती निम्त्याउनेछ र अर्को वर्ष सामाजिक सेवाहरूमा राज्यले छुट्याउने थैलीमा प्रशस्त कटौती गर्न सरकारलाई उत्प्रेरित गर्नेछ। चौतर्फी समस्या पैदा गर्नेछ यसले।


अर्थमन्त्री डा. महतका अनुसार, "यस आर्थिक वर्षको राजस्व वृद्धि गत वर्षको सोही अवधिको तुलनामा १.९ प्रतिशत मात्र रहेको छ। यो बृद्धिदर विगत २७ वर्षको इतिहासमा सबैभन्दा कम रहेकाले यो अत्यन्त गंभीर र असाधारण अवस्था हो।"

नेपालको राजस्वको एउटा मुख्य स्रोत आयात भन्सार महसूल हो। यसबीच नेपालको आयात खासै घटिरहेको देखिन्न, तर आयात भन्सार महशूल भने भसक्कै घटिरहेको पाइएको छ। आयात भन्सार महशूलबाट हुने आम्दानी पोहोर आर्थिक वर्षको पहिलो नौ महिनामा रू. ६ अरब ५ करोड भएकोमा यसपालि त्योभन्दा पनि बढ्नु पर्नेमा उल्टो घटेर ५ अरब ८८ करोड हुन पुगेको छ। सम्पूर्ण भन्सार राजस्व उठ्तीमा यसरी करिब ३ प्रतिशतले ह्रास आएको स्पष्ट भएको छ। राज्यको खर्च बढ्नु, राजस्व चाहिं झन् उल्टो घट्नु गंभीर आर्थिक संकटको संकेत हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलबाट प्राप्त हुने आयात भन्सार महसूलमा त यो प्रथम नौ महिनामा अझ २७.९ प्रतिशतले कमी आएको देखिएको छ।

आयात त्यति सारो नघट्नु, तर आयात महसूल भने भसक्कै घट्नुले भन्सार महसूलमा यस वर्ष भयंकर भ्रष्टाचार भएको संकेत गरेको छ।

नेपालको राजस्वको अर्को ठूलो स्रोत बिक्री कर हो। भ्याट लागू गर्ने सिलसिलामा यस वर्ष पहिलेको १५ प्रतिशतको दरको बिक्री करलाई १० प्रतिशतमा झारियो। तर त्यही भ्याट पनि यस वर्ष प्रभावकारी ढंगले उठाइएन। व्यवसायीहरूको व्यापक विरोधको कारणले भ्याट वल्लो घाट न पल्लो तिरको अवस्थामा रूमल्लियो। त्यसैले, बिक्री कर र भ्याटबाट प्राप्त राजस्व पोहोरको यही अवधिको तुलनामा सारै कम रह्यो। राजस्व घट्नुको अर्को मुख्य कारण यो पनि देखिएको छ।



नेपाल राष्ट्र बैंकले चैत्र १० गते प्रकाशित गरेको विज्ञप्तिलाई हेर्ने हो भने, आर्थिक वर्षको पहिलो सात महिनामा सरकारी खर्चमा १०.५ प्रतिशत वृद्धि भएको पाइएको छ। तर यही अवधिमा सरकारको कुल साधन भने १.२ प्रतिशतले घट्न गएको छ। सरकारी खर्च बढ्नु, तर साधन भने घट्नु- यो पनि गंभीर आर्थिक संकटको परिसूचक हो। यसले गर्दा पोहोर यही अवधिको तुलना गर्दा नेपालको बजेट घाटामा डबल भन्दा पनि बढी बृद्धि भएको छ। स्मरणीय छ, अहिले नेपालको बजेट घाटा ४ अरब ६ करोड १३ लाख पुग्न गएको छ। सरकारसित खर्च गर्ने पैसा नै नभएर यस पल्ट सरकारले राष्ट्र बैंकसित एक अरब २४ करोड ५४ रूपैयाँको ओभर-ड्राफ्ट लिएर काम चलाएको छ। नेपालको वित्तीय संकट कति गंभीर बन्दैछ- त्यसको एउटा झल्को यसले दिएको छ।

खर्चकै प्रवृत्ति नियाल्ने हो भने पनि गत केही वर्षको तुलनामा यो सात महिनामा सरकारको साधारण खर्चमा १५.५ प्रतिशतले बृद्धि भएको देखिएको छ। तर विकास खर्चमा भने, सिर्फ १.७ प्रतिशतले मात्र बृद्धि भएको पाइएको छ। केही वर्ष यताको तथ्यांकमा यो विकास खर्च बृद्धि दर सबैभन्दा कम हो। गत वर्ष यता भएको मुद्रास्फितिको हिसाब गर्ने हो भने; विकास खर्च बढेको होइन, घटेको प्रमाणित हुनेछ। साधारण खर्च भनेको मूलतः प्रशासनिक खर्च हो। प्रशासनिक खर्च चाहिं चौपट्टै बढ्नु, तर विकास खर्च चाहिं घट्नु- यो प्रवृत्तिले नेपाली राज्यको ढुकुटी अनुत्पादक शीर्षकहरूमा खर्च गर्दै रितिइरहेछ भन्ने कुराको स्पष्ट संकेत दिएको छ। यो राम्रो संकेत होइन; यो दुर्दशाको संकेत हो।

सबैभन्दा गंभीर कुरा त के भएको छ भने, गएको तीन वर्षदेखि नेपालको कुल गार्हस्थ्य उत्पादन लगातार घट्दै गइरहेको छ।

आर्थिक वर्ष २०५२/५३ मा हाम्रो वार्षिक कुल गार्हस्थ्य उत्पादन बृद्धि दर ६.१ प्रतिशत रहेको थियो। २०५३/५४ मा यो झरेर ४.९ प्रतिशत हुन पुग्यो। चालु आर्थिक वर्षमा त त्यो अझ घटेर ३ प्रतिशतभन्दा पनि कम हुने अनुमान गरिएको छ। यसले के देखाएको छ भने, नेपालको अर्थतन्त्र २०५२ साल यता क्रमबद्ध तवरले ओरालो लाग्दैछ। कृषि क्षेत्र र गैर-कृषि क्षेत्र दुबैतर्फको उत्पादन बृद्धि दरमा ह्रास आइरहेछ।

नेपालको निर्यातको पाँच भागमा तीन भागभन्दा ज्यादा गलैंचा र गार्मेण्टको निर्यातले ओगट्छ। त्यसैको निर्यात बृद्धिमा समेत गत आर्थिक वर्षको शुरू ७ महिनाको तुलनामा यस वर्षको त्यही अवधिमा झण्डै ५० प्रतिशत ह्रास आएको छ। पोहोर यो अवधिमा यी दुई वस्तुको निर्यात बृद्धि २३ प्रतिशतका दरले भएको थियो, अहिले सिर्फ ११.७ प्रतिशतका दरले बृद्धि भइरहेछ। त्यसमध्ये पनि गलैंचाको निर्यात त पोहोरको तुलनामा १६ प्रतिशतले घट्न पुगेको छ।

निर्माण सामग्रीको उत्पादनमा पनि अहिले ह्रास आइरहेको देखिएको छ। समीक्षा अवधिमा सिमेण्टको उत्पादन २९.७ प्रतिशतका दरले, प्लाइ ऊडको ७९.२% का दरले, ईंट, टायलको ८.२ प्रतिशतका दरले उत्पादन घट्दैछ। यसले पनि के देखाएको छ भने, जनतासित भएको बचत पैसामा कमी आएको छ र निर्माण सामग्री प्रयोग गर्ने र घर बनाउने उनीहरूको औकात घट्दैछ।

यी जम्मै परिसूचकहरूले औंल्याएको कुरा के हो भने, जम्माजम्मीमा नेपालको अर्थतन्त्र अहिले ओरालो लाग्दैछ। नेपाली राज्य अहिले गंभीर वित्तीय संकटको भुमरीमा फँस्दैछ। नेपाल विस्तारै आर्थिक मन्दीको बटोतिर अग्रसर हुँदैछ।

पोहोरको तुलनामा (८.७ प्रतिशत) यस वर्ष महँगीको बृद्धि दरमा थोरै कमी (५.१ प्रतिशत) आएको हो। तर आगामी समय त्यस्तो हुनेवाला छैन। सरकारी ढुकुटी रित्तिनुको कारणले नै महँगी अब चर्को ढंगले बढ्नेवाला छ। सरकारले शिक्षा, स्वास्थ्य, बिजुली कृषि जस्ता सेवाको क्षेत्रमा काफी मूल्यबृद्धि गर्नेवाला छ। त्यसमा दिई आएको अनुदान घटाउनेवाला छ। र, नेपालको वैदेशिक ऋण आउँदो वर्ष ह्वात्तै चुलिनेवाला छ। किनकि, खर्च गर्ने पैसा नै नभएको राज्यले तत्काल खर्च चलाउन अरू के गर्छ ?

बीचको सानो अवधिबाहेक, जन-आन्दोलनपछिको आठ वर्षमा नेपाली कांग्रेस लगातार सरकारमा छ। तसर्थ, अहिलेको भयावह संकटको लागि सबैभन्दा बेसी जिम्मेवारी नेपाली कांग्रेसको काँधमा छ। त्यस बाहेक, ती ती सबै पार्टी तात्कालीक रूपमा जिम्मेवार छ, जसले यसअघि सरकारको बागडोर सम्हालेको थियो।

❑ दीपक वैद्य

> "यो अत्यन्त गंभीर र असाधारण अवस्था हो।"

# दलित जन समाज के भन्छ ?

हामी नेपालका दलितहरूले आजसम्म तीता-टर्रा अनुभव मात्र चाख्न पाएका छौं । पहिले निर्दलका पालामा हाम्रो हितभलो हुने थिति बसेन । अहिले बहुदलका पालामा पनि केही लछारपाटो लागेन । हाम्रा गामबस्तीमा नानावाली रङ्गका र नानावली ढङ्गका पार्टी आए । तिम्रा लागि यसो गर्दिउँला र उसो गर्दिउँला भनेर सबले मीठा मीठा किरिया-कसम खाए । तर कामले भने यी सबैले हामीलाई आफू सत्तामा उक्लेर लुट्ने र चैन काट्ने भऱ्याङ मात्र बनाए । कतैबाट आशा र उज्यालो नदेखेपछि हामी पर्वत जिल्लाका थुप्रै गाउँका दलित (कामी, दमाई, सार्की) ले मतो गरेर 'दलित जन समाज' नाउँको संगठनको जग राख्यौं । हामीले संगठनमा एकजूट भएर आफ्नो बुद्धि र बर्कतले भ्याउने केही झिना-मसिना काम-कुरा थाल्यौं । धारापानी, विद्यालय, चिया पसल र मन्दिरमा हामीमाथि गरिने छोइछिटो र हेलाँहोचो-विरूद्ध हामीले आवाज उठाउन थाल्यौं । सरकारबाट जिल्लामा आउने श्रोतमाथि हकदावी गर्न थाल्यौं । मुनासिब ज्याला-मजुरीका लागि हली आन्दोलन उठायौं । बनका सरसुविधाका लागि पाइला चाल्यौं । हामी दलित समुदायभित्रैका उचनीच, छूवाछूत र भेदभाव, अन्धविश्वास र कुचलन तोड्न साँस्कृतिक गतिविधि शुरू गऱ्यौं । शिक्षा र चेतनामार्फत् समुदायलाई ब्यूँझाउन बाल, महिला र प्रौढ कक्षाहरूको थालनी गऱ्यौं । महिला, युवा र बाल संगटनहरू खोल्यौं । साँस्कृतिक टोलीहरू पनि गठन गऱ्यौं । सारोगारो पर्दा गर्जो टार्न र एक आपसमा सघाउ-पघाउ गर्न सानातिना कोष पनि खडा गऱ्यौं । विस्तार-विस्तारै आफ्ना खुट्टामा उभिँदै र आफ्नो शीर ठाडो पार्दै जान सानातिना इलम, तरकारी खेतीजस्ता काम पनि थाल्यौं । यसरी 'दलित जन समाज' हामी दलितहरूको आशलाग्दो र पत्यारिलो संगठन बन्दै गएको छ ।

हामी दलितहरू आफ्नै संगठनको झण्डामुनि एकजूट हुन थालेका देख्दा हुनेखाने विष्ट-बराजु र तिनका पार्टीका पेट भत्भती पोल्न थाले । 'दलित जन समाज'लाई सके आफ्ना पार्टीमा छिराउन, नसके भत्काउन तिनले भ्याएसम्म जालझेल गरे । तर तिनका बाउको केही सीप चलेन । अहिले आएर माओवादी हौं भन्नेहरूले हाम्रा गाम-बस्तीमा कतैकतै हामीलाई चित्त नबुझ्ने काम-कुरा गर्न थाल्या छन् । आकाशबाट उल्का खसेझैं चिन्दै नचिनेका बिराना गामका माओवादी झ्वास्स आइलाग्छन् । 'कि मतिर लाग् कि मुख बाँधेर हालेको बस्, अन्त नलाग्, अर्थोक नगर्' भनेर तिनले अचम्मका बात गर्छन् । आफ्नै बुद्धि र पौरखले बल्ल बल्ल जग हालेको हाम्रो 'दलित जन समाज'लाई सके आफ्ना पेटाँ हाल्न, नसके छिन्नभिन्न पार्न खोज्छन् । माओवादी हौं भन्नेहरूले गरीब-दु:खीलाई कर्कामर्का पार्दैनन् भन्ने सुनियाथ्यो । तिनको बेभार भने ठ्याक्कै उल्टो पो देखियो । खाए खा नखाए घिच् गर्नु त अचाक्ली नै होइन र ? कता हो कताका माओवादीहरू आएर गाम-ठाममा राँके जुलुस निकाल्छन् र आफू अलप हुन्छन् । गामका आइमाई-केटाकेटीहरू एकातिर माओवादीबाट थर्कमान् भा'छन्, अर्कातिर पुलिसको डरले काँप्या छन् । हामीजस्ता दलित, गरीब, दु:खीलाई आफ्नो बाटो रोज्न नदिने यी कस्ता माओवादी हुन्, कुरो बुझिनसक्नु छ । करकाप र जबर्जस्ती- यो कहाँको न्याय हो कुन्नि !

हामी दलितहरू आफ्नै 'जन समाज'को झण्डामुनि एकजूट भएर आफ्नै राजीखुसीले आफ्नै ढंगलले आफ्नै चालमा अघि बढ्न चाहन्छौं । कसैको करकाप र जबर्जस्ती हामीलाई चाहिया छैन । हाल माओवादी लगायत कुनै पनि पार्टीसँग हाम्रो बाह्र हात परको साइनो पनि छैन । हामी यति कुरा पर्कस्टै भन्न चाहन्छौं ।

**दुर्गाबहादुर दर्जी**
अध्यक्ष- 'दलित जन समाज'
पर्वत जिल्ला
मितिः १७ वैशाख २०५५

> एकातिर माओवादीबाट थर्कमान ! अर्कातिर पुलिसको डर !!

# मालेको घोषणा-सभाले व्यक्त गरेको दृढता

एमालेमा फुट आएपछि साहना प्रधानको अध्यक्षतामा बनेको वामदेव गौतम, सी. पी. मैनाली, आर. के. मैनाली आदिको नेतृत्व रहेको पार्टी नेकपा (माले)ले गत वैशाख ९ गते राजधानीमा गरेको घोषणा-सभाप्रति देखिएको उल्लेखनीय जनचासोले यस पार्टीका नेता कार्यकर्ताहरूलाई उत्साहित पारेको देखियो । त्यस सभामा वामदेव गौतमले आफ्नो पार्टी राष्ट्रिय स्वाधिनताको पक्षमा र कम्युनिष्ट सिद्धान्त एव आचरणको पक्षमा दृढ रहने कुरा बताउनु भयो । उहाँले पार्टीभित्र सम्पत्ति जाँचको निम्ति बनाइएको आयोगको घोषणा पनि सोही समारोहमा गर्नुभयो भने पार्टीले बनाएको 'स्वयंसेवक' दलको पनि घोषणा गर्नुभयो । सो सभामा सी.पी. मैनालीले एमालेमा भएको फुटको कारणबारे आफ्ना धारणाहरू व्यक्त गर्नुभयो ।



नेकपा मालेका महासचिव क. वामदेव गौतम

सो घोषणा-सभामा उहाँहरू लगायत सिद्धिलाल सिंह, राजेन्द्र श्रेष्ठ, सानु श्रेष्ठ, केशव स्थापित र योगेश भट्टराई आदि सबैले आफ्नो पार्टी नेकपा (माले) क्रान्तिकारी र राष्ट्रवादी बाटोमा अघि बढ्नेछ भन्ने दृढता व्यक्त गर्नुभयो ।

माले नेताहरूको यो 'दृढता' लाई सचेत जनताले अहिले उहाँहरूको ठूलो 'परीक्षा'को रूपमा लिएको हामीले पाएका छौं । उहाँहरूले साँच्चै व्यवहारमा यो 'दृढता' देखाउन सक्नु हुन्छ कि सक्नु हुन्न ? भन्ने 'प्रश्न' अहिले उहाँहरूको सामु चुनौतिको रूपमा रहेको देखिएको छ । आफूले जनसमक्ष राखेका बचनबद्धताहरूलाई राजनीतिक नारामा मात्र हैन, विचारधारात्मक स्तरमा, दार्शनिक स्तरमा र व्यक्तिगत आचरणको हदसम्ममा पनि उहाँहरूले लागु गर्ने संघर्ष आफैंबाट थालेको स्पष्ट रूपले नदेखीकन जनताको व्यापक विश्वास जित्न सम्भव नहुने कुरा प्रष्ट नै छ ।

❑ जगन्नाथ गौतम

४ पेजको बाँकी

पलाउने समस्या पैदा हुन्छ । उदाहरणको लागि, यस पटकको संघर्षमा महंगी र भ्रष्टाचार नियन्त्रणको माग त्यस्ता अमूर्त माग हुन् । यी मागहरूलाई मूर्त बनाउनु जरूरी छ । के के सामानको र सेवाको मूल्यलाई कसरी र कतिमा झार्ने, मूल्य बढाउन खोज्ने कालाबजारियालाई नियन्त्रण गर्न के के कदम चाल्ने र भ्रष्टाचार नियन्त्रणको लागि के के पाइला चाल्ने ?- यसबारे ठोस मागपत्र तयार हुनु आवश्यक छ ।

तेस्रो कमजोरी हो- संघर्षलाई लक्ष्य हासिल नहुँदै बीचैमा छोडेर हिँड्ने वा बलियो घटकले एक्लै सम्झौता गरिदिने प्रवृत्ति । विगतको चर्चित 'भाद्र १ को सम्झौता' त्यसको ज्वलन्त उदाहरण हो । यो कमजोरी यस आन्दोलनमा देखा नपरोस् भन्ने कामना हामी गर्दछौं ।

विरोध प्रदर्शनहरू सफल हुने, तर माग पूरा नहुँदै आन्दोलन रोकिने गरेको विगतको कमजोरीलाई पनि यस पटक हटाइनु जरूरी छ ।

मुलुकमा वामपन्थी पार्टीहरू साझा बुँदामा यसरी बृहद रूपमा संयुक्त हुनु जनताको लागि खुसीको कुरा हो । यसमा नेकपा एमाले पनि सामेल हुनु जरूरी छ भन्ने हामीलाई लाग्छ । क. वामदेव गौतमहरूले 'कालो ऐन'प्रतिको विगतको आफ्नो गलत अडानलाई आज सच्याई संघर्षमा सामेल भएझैं एमालेले पनि गर्नु जरूरी छ । हाल नौ बामको यो एकतालाई कतिपय एमालेपक्षीय संचारयन्त्रहरूले नकारात्मक रूपमा प्रस्तुत गर्ने गरेको पाइएको छ । जनविरोधी कानूनको विरोधमा विगतका आफ्ना कमजोरीहरूलाई सच्याई वामपन्थीहरूले एक भई संघर्ष गर्छन् भने, त्यसलाई हतोत्साहित हैन, प्रोत्साहित गर्नु जरूरी हुन्छ भन्ने हामीलाई लाग्छ । ❑

# स्तन क्यान्सरको प्रभावकारी औषधि तयार

वर्षेनी विश्वमा कैयौं महिलाहरू स्तन क्यान्सरको कारणबाट ४०/५० वर्षको उमेरमा नै ज्यान गुमाउन पुग्छन् । यसको उपचारमा हालसम्म शल्यक्रिया, केमोथेरापी आदि जस्ता विधिहरू प्रयोगमा छन् । तर यी विधिहरूबाट सन्तोषजनक उपचार हुन सकेको छैन ।

**'जेलोडा' नामक औषधि स्तन क्यान्सरको उपचार मा बढी प्रभावकारी देखिएको छ ।**

यसै सन्दर्भमा, हालै मात्र स्वीट्जरल्याण्डमा 'जेलोडा' नामक एक किसिमको गोली औषधिको विकास गरिएको छ, जुन स्तन क्यान्सरको उपचारमा बढी प्रभावकारी देखिएको छ । परम्परागत उपचार विधिबाट कुनै असर नपरेका ४३ जना बिरामीहरूमा यो औषधि गोलीको प्रयोग गरिँदा कम्तिमा २५ प्रतिशतमा क्यान्सर ट्यूमर (मासुको डल्लो) सुकेर गएको पाइएको छ ।

परम्परागत विधिले कुनै असर नगरेका १६२ विरामीहरूमा गरिएको अर्को परीक्षणमा 'जेलोडा' औषधि गोलीले २० प्रतिशत विरामीहरूमा स्तनको क्यान्सर ट्यूमर पचास प्रतिशतले सुकाइदिएको छ । सो परीक्षणमा केही बिरामीहरूमा भने, क्यान्सर ट्यूमर पूर्णतः नै सुकेर गएको पाइएको छ ।

परीक्षणमा संलग्न चिकित्सकहरूका अनुसार, क्यान्सरको परम्परागत उपचार विधि 'केमोथेरापी' को तुलनामा 'जेलोडा' औषधि गोलीले कम मात्र 'साइड इफेक्ट' गर्दछ । उनीहरूका अनुसार, 'केमोथेरापी' को तुलनामा यस औषधिको प्रयोगबाट 'कपाल झर्ने र bone marrow कमजोर हुने' खराबी कम मात्र हुन्छ । तर 'जेलोडा' औषधि गोलीको प्रयोगबाट पखाला लाग्ने, वाकवाकी आउने र कमजोर महसूस हुने जस्ता कुराहरू भने हुन्छन् । चिकित्सकहरूका अनुसार, यी खराबीहरूलाई निदान गर्न कठीन छैन अर्थात् औषधिको प्रयोग छोडेपछि यी खराबीहरू त्यत्तिकै हटेर जान्छन् । ❑

स्रोत : ए.पी.

# यसरी हतोत्साहित गरिँदैछ नेपाली पत्रिकाहरूलाई !

"मूल्यांकन" र "नवयुवा" लाई श्री ५ को सरकार गोश्वारा हुलाक कार्यालयले एक पत्र लेखी अबदेखि "हुलाक दर्ता गर्न नमिल्ने" भनी हुलाकबाट सहुलियत दरमा पत्रिका पठाउन पाउने सुविधा अचानक खोसेको छ । यसो हुँदा अब आइन्दा पत्रिका बुकपोष्टबाट मात्र पठाउन सकिने हुन्छ, जसको मूल्य पन्ध्रौं गुना बढी हुन्छ । स्मरणीय छ, देशभित्र हुलाकबाट सहुलियत दरमा पत्रिका पठाउँदा एक प्रतिको २५ पैसा पर्दथ्यो भने, अब बुकपोष्टबाट पठाउँदा एक प्रतिको कम्तिमा पनि चार रूपियाँ लाग्ने देखिन्छ । विदेशमा पत्रिका पठाउनु पनि यही अनुपातमा महशूल भार बढी तिर्नुपर्ने स्थिति पैदा भएको छ । यो नीति अरू मासिक पत्रिकाहरूलाई पनि लादिएको बुझिएको छ ।

यसरी श्री ५ को सरकारले नेपाली मासिक पत्रिकाहरूमाथि ठूलो बज्र प्रहार गरेको छ । यसबाट नेपालभित्र र बाहिर नेपाली मासिक पत्रिकाहरू जान नसकून् भन्ने नियत सरकारले राखेको बुझिन्छ । यो भनेको नेपालमा निर्बाध रूपमा र सजिलै पसिरहेका भारतीय म्यागाजिन पत्रिकाहरूको बजार बढोस् र नेपाली म्यागाजिनहरू चाहिं टिक्न नसकेर बन्द हुन् भन्ने चाहनु हो । नेपाली मासिक पत्रिकाहरूलाई 'घात' गर्ने यो अराष्ट्रिय र अप्रजातान्त्रिक कदम सरकारले तत्काल फिर्ता गरोस् भन्ने माग हामी गर्दछौं । स्मरणीय छ, श्री ५ को सरकारले मन्त्री स्तरीय निर्णयबाट २०५२ साल साउन १८ गते मासिक पत्रिकाहरूलाई पनि अरू पत्रिकाहरू सरह मान्ने र सम्पूर्ण सुविधाहरू दिने निर्णय गरेको थियो र सोही अनुरूप पछि पनि व्यवहार हुँदै आएको थियो । ❑

# बेलायती राजदरबारको खर्चमा अब सार्वजनिक जाँचबुझ गरिने !

बेलायतको तल्लो सदन- हाउस अफ कमन्सले यही वैशाख १७ गते एउटा साहसिक र ऐतिहासिक निर्णय गरेको छ- अब उप्रान्त बेलायती राजपरिवारको खर्च गोप्य रहने छैन, यसमाथि देशको राष्ट्रिय लेखा परीक्षण कार्यालयले चाहेको बखत कुनै पनि बेला विस्तृतमा निरीक्षण गर्नसक्नेछ र त्यसको रिपोर्ट संसदमा प्रस्तुत गर्नेछ । हाउस अफ कमन्सले घोषणा गरेको छ कि, करका रूपमा जनताको खल्तीबाट तिरिएको पैसा राजपरिवारले कसरी खर्च गर्दैछ भन्ने कुरालाई पारदर्शी बनाउन राजपरिवारका सम्पूर्ण मुख्य खाताहरूको सार्वजनिक निरीक्षण गर्न सकिने व्यवस्था गरिएको हो ।

यसअघि राजदरबारको खाता जाँच गर्न अनुमति लिनुपर्ने व्यवस्था थियो । अब त्यस्तो अनुमतिको जरूरत हुने छैन । दरबारको कुनै पनि खातामा अब त्यसको सिधा पहुँच हुन सक्नेछ । कार्यालयले अब भ्रमणको दौरानमा राजपरिवारले कसरी खर्च गरिरहेछ ? त्यसको समेत जाँचबुझ गर्न सक्नेछ ।

नेपालमा पनि राजपरिवारको सम्पूर्ण खर्च करदाताकै खल्तीबाट व्यहोरिन्छ । यसनिम्ति सरकारले यस वर्षको सात करोड ३४ लाख रूपियाँ नारायणहिटी राजदरबारमा दाखिला गर्नुपर्छ । यसबाहेक, भ्रमण खर्च राज्यले छुट्टै व्यहोर्नु पर्छ । बीच बीचमा दरवारको बिहा, ब्रतबन्ध खर्च समेत हामी करदाताकै करबाट व्यहोरिन्छ । तर करदाताको यो पैसा कहाँ कसरी खर्च गरिँदैछ ?- त्यो रहस्यको गर्भमा छ, कसैलाई थाहा छैन ।



बेलायतकी महारानी एलिजाबेथ द्वितीया

**हाम्रो पनि यस्तै गर्नु पर्ने हो कि?**

स्मरणीय छ, बेलायतमा बकिंगघम दरबार र विन्सर क्यासन्टमा राजपरिवारको खर्चका निम्ति भनेर सरकारले वर्षेनी २ करोड पौण्ड (२ अरब १३ करोड नेपाली रूपैयाँ) बुझाउने गर्नु पर्दछ । यसबाहेक, राज परिवारको भ्रमण खर्च समेत जनताले तिरेको पैसाबाटै व्यहोरिने गरिन्छ र त्योसमेत गाभ्दा वर्षेनी ३ करोड ५० लाख पाउण्ड (३ अरब ७३ करोड ने.रू.) सरकारले दरबारमा दाखिला गर्नु पर्छ ।

हाउस अफ कमन्सको सार्वजनिक लेखा समितिका सभापति डेडि डेभिसले आफ्नो सार्वजनिक वक्तव्यमा बताएका छन्- 'यो कदमबाट राष्ट्रिय लेखा परीक्षण कार्यालयलाई बकिंगघम राजदरबार र वीन्सर क्यासलमा दुई करोड पाउण्ड करदाताको पैसा कसरी खर्च गरिँदैछ भन्ने कुराको बेरोकटोक जाँचबुझ गर्न अधिकार प्राप्त हुनेछ । लेखा परीक्षण कार्यालयले

त्यसैले, हामीले बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको ढाँचा बेलायतबाट सिकेजस्तै राजदरबारलाई र त्यसभित्र भइरहेको खर्चलाई जनताको लागि पारदर्शी बनाउने, त्यसलाई सार्वजनिक निरीक्षणको विषय बनाउने सवाल पनि बेलायतबाटै सिक्ने हो कि ? अब नेपालमा पनि राजपरिवारको सम्पूर्ण खर्चलाई नेपालको महालेखा परीक्षकको कार्यालयको निरीक्षणभित्रै पार्ने हो कि ? स्मरणीय छ, बेलायतमा हालै राजपरिवारको आयमा समेत कर तिर्ने व्यवस्था थालिएको छ । त्यो पनि महारानी एलिजाबेथ द्वितीयकै सहमतिमा । हामीले पनि त्यस्तै गर्न किन नपाउने ?

❑ दीपेश उपाध्याय

# पाठकको कुरा

## एमाले, लालसेना, पूर्वी एशिया र कर्मकाण्डबारे

कुनै पनि पूर्वाग्रह नलिई निष्पक्ष रूपले विविध जल्दाबल्दा विषयहरूमा विभिन्न व्यक्तित्वहरू बीच सैद्धान्तिक तथा वैचारिक अन्तर्क्रियाहरू गराउँदै देश र जनतालाई समयमै सुसूचित गर्ने प्रशंसनीय काम मूल्यांकनले गरेको छ।

-केही महिना यता 'मूल्यांकनले' बहुदलीय जनवादको नारा लिएर संसदीय राजनीतिमा सीमित हुने गरी दक्षिणपन्थी भासमा नराम्ररी भासिसकेको नेकपा एमालेको सत्ता समीकरणदेखि हालको फुटसम्मको विषयलाई प्रमुख स्थान दिएर लेख्नुभन्दा प्रधान सम्पादकज्यूले अरू नै महत्वपूर्ण विषयमा आफ्नो बौद्धिकता खर्च गर्नु भएको भए त्यो बढी उपयोगी र मूल्यांकनको लागि गरिमामय हुने थियो।

-नेकपा एमालेले पाँचौं महाधिवेशनदेखि नक्कली लालसेनाको हास्यास्पद प्रदर्शनको सुरूवात गरी छैठौं महाधिवेशनमा आइपुग्दा त त्यो नक्कली लालसेनाको पोशाकमा अझै ग्ल्यामर थपेको थियो। हालै संयुक्त जनमोर्चा नेपाल (हाल अमिक शेरचन समूह) ले सम्पन्न गरेको दोस्रो राष्ट्रिय सम्मेलनमा पनि थोर बहुत त्यसैको नक्कल गरे जस्तो लाग्यो। सशस्त्र क्रान्तिको समयमा पार्टीको नियमित सेना भएपछि मात्र सैनिक पोशाक लगाइन्छ भन्ने कुरा आदरणीय कामरेडहरूले समेत बिर्सनु भएको हो कि?

-यसपल्टको अंकको महत्वपूर्ण अन्तर्क्रिया "के नेपाल पनि आर्थिक संकटको भूमरीमा पर्ला?" मा डा. युवराज खतिवडाको विश्लेषण र निष्कर्ष अनि अर्थविद् गुणनिधि शर्माले हाम्रो अर्थतन्त्र स्वतन्त्र नभई भारतीय अर्थतन्त्रको एउटा अंग भएको अति संवेदनशील तथ्य उद्घाटित गर्नुभई सबैलाई सजग गराइदिनु भएको छ।

-फागुनको अंकमा डा. कविताराम श्रेष्ठको झाडापखालाको औषधि नुन-चिनी-पानीको मात्रा ठीक नभए घातक हुन्छ भन्ने भनाइलाई यस अंकमा डा. शरद वन्तले जनतालाई सस्तो र सरल विधिको औषधि प्रयोगबाट निरूत्साहित गराई व्यापारिक फाइदाको लागि 'जीवनजल' प्याकेटको उत्पादन गरेको भन्ने आफ्नो भनाइ विभिन्न तथ्यांक समेत दिनुभई साँच्चै नै यो पनि साम्राज्यवादीहरूको चाल हो भन्ने पुष्टि गर्नुभएको ज्यादै राम्रो लाग्यो।

-धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के? भन्ने शीर्षकअन्तर्गत 'नीति/संस्कृति' स्तम्भमा वरिष्ठ प्रगतिशील साहित्यकार खगेन्द्र संग्रौलाज्यूले आफ्नी आमाको मृत्युमा पुरातन कर्मकाण्डको ठाउँमा क्रान्तिकारी व्यवहार अपनाउनु भएको बारे लेख्नु भएको चिठ्ठीरूपी लेखबाट शुरू भएका विभिन्न वामपन्थी बुद्धिजीवीहरूको मूल्यांकनमा प्रकाशित विवादित प्रतिकृयात्मक लेखहरूले दिन नसकेको पूर्णता बडो कलात्मक र सृजनात्मक ढंगमा चन्द्रदेव नेपालीले दिनुभएको जस्तो लाग्यो।

**-आर. अकेला, पनौती, काभ्रे**

## जनयुद्धबारे 'मूल्यांकन'

'म' मूल्यांकन मासिकको नियमित पाठक हुँ र विचार अन्तरकृयामुखी पत्रिका 'मूल्यांकन'को उच्च मूल्यांकन गर्दछु। तर म प्रधान सम्पादक श्याम श्रेष्ठको लेखबाट केही अन्यौलमा परेको छु।

मूल्यांकनको अंक ५० मा श्यामजीको 'के नेपाल पुनः निरंकुशतन्त्रतिर जान लाग्दैछ?" भन्ने शीर्षकको लेख पढ्न पाएँ। लेखका सम्पूर्ण अंशप्रति प्रायः असहमति जनाउनु पर्ने ठाउँ छैन। उहाँले लेख्नु भएको छ- ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि सत्तामा आएको सरकारले गरिबी, उत्पीडन, अन्याय र भ्रष्टाचार निर्मूल पार्ने दिशामा सशक्त कदम उठाउनेछ भन्ने जनतामा ठूलो आशा र विश्वास थियो, तर यो दिशामा प्रमुख राजनीतिक नेतृत्वले माखो मार्ने काम गरेन। प्रमुख राजनीतिक नेतृत्वको मुख्य समय र शक्ति सत्ताको अनैतिक छिनाझप्टी, पजेरो वा शहरमा नयाँ चार तल्ले घरमै मूलतः केन्द्रित देखियो। त्यसैले माओवादी कारवाहीको मुहान भनेको जनतामा छाएको अधैर्यता हो, जुन देशमा व्याप्त गरिबी र उत्पीडनको चरमचुली र राजनीतिक नेतृत्वद्वारा त्यसप्रति बेहद् उपेक्षाबाट जन्मिएको छ।"

यसमा असहमति जनाउनु पर्ने कारण म पनि देख्दिनँ। उहाँ अझै लेख्नु हुन्छ- देश सिंगै ओरालो उन्मूख हुनु, सिंगै जनताको जीवन दुःख साध्य हुनु तर शान्तिपूर्ण उपायबाट कहीं कतै कुराको सुनुवाई हुने स्थिति नै नरहनु- परिस्थिति यस्तो भएपछि, जनताको सामु विकल्प के रहन्छ त? यस्तो भएपछि जनताहरू स्वभावतः हिंसा र आतंकको सहारामा जान्छन्।

यदि यो कुरा साँचो हो भने, अंक ४९ र ५० मा माओवादी जनयुद्धप्रति प्रतिकृया जनाउँदै किन उहाँले जनयुद्धको विरोध गर्नु भएको त?

उहाँले माओवादी जनयुद्धलाई जन असन्तुष्टिको संगठित अभिव्यक्ति हो भन्ने निश्कर्षमा सहमत भएको लेख अंक ५० मा दिनुभएको छ। माओवादी जनयुद्ध वास्तवमा नै जन असन्तुष्टिको संगठित अभिव्यक्ति हो भने त्यसमा असहमति जनाइरहनु पर्ने कारण के? हुन त उहाँले जनयुद्धका निम्ति बहुसंख्यक जनताको सचेत सहभागिताको आवश्यकताको कुरा उठाउनु भएको छ, तर के वर्तमान परिस्थितिमा कुर्सीको छिनाझप्टी भइरहेको, भ्रष्टाचार भइरहेको, पजेरोवाद हावी भएको, देशमा अन्याय-अत्याचार बढेको, महँगी बढेको, निम्छरो नेतृत्वको अनुभूति भइरहेको महसूस गर्ने जनता अल्पसंख्यक नै होलान् त?

**-होमनाथ तिम्सिना, श्री पूर्ण स्मारक मा.वि., गोदक-४ (इलाम)**

## गुजरातबाट

पूर्णांक ५५ ढीलै भए पनि प्राप्त भएको हुँदा, खुसी लाग्यो! 'पद दियो भने जुट्छ पद दिएन भने फुट्छ"- क. माधव नेपाल! "बहुमत पक्षले एमाले पार्टी फुटाइसकेको छ" -क वामदेव गौतम! दुवै नेताका अन्तर्वार्ताबाट पाठक वर्गले यो पाठ सिक्नु परेको छ कि, भविष्यमा एक अर्कामा आरोप प्रतिआरोप गरी फेरि यिनीहरूले कुनै अर्को समूह गठन गर्ने संभावना छ। यसमा समस्त देशभक्त तथा प्रजातान्त्रिक नेपाली र प्रवासी नेपालीहरूले समेत बेलैमा सावधान हुनु परेको छ। यो गल्ती इतिहासको पानामा फेरि पनि नदोहोरियोस्।

"माओवादी जनयुद्धले तीन वर्ष टेक्दा, छोटो अवधिको क्रियाकलापले नकारात्मक भूमिका खेले पनि भविष्यमा यसको सकारात्मक निर्णय हुन्छ कि जस्तो लाग्छ!

विश्व कम्युनिष्ट आन्दोलन सम्बन्धी श्रीलंका कम्युनिष्ट आन्दोलनका क. ई. थाम्बियाको अन्तर्वार्ता र श्रीलंकाको कम्युनिष्ट पार्टीको संक्षित इतिहास पढ्दा थप जानकारी हुन गएको अनुभव गरें।

**-सागर 'विद्रोही', मोरल दि भिलेज, राजकोट, गुजरात (भारत)**

## मुम्बईबाट

"मूल्यांकन" अति नै उपयोगी छ। हाल म बम्बैमा काम खोज्न र गर्न गएको छु।

(क) मूल्यांकन मासिक पत्रिका विदेशमा के माध्यमबाट प्राप्त हुन्छ? त्यो मलाई थाहा छैन।

(ख) म यही आउँदो वैशाखदेखि आगामी वर्षको चैत्रसम्म यसको वार्षिक ग्राहक शुल्क पठाई यसको पाठक हुन चाहन्छु; भा.रू. कति रूपैयाँ यसको वार्षिक शुल्क लाग्छ र कहाँ, कसको नाम र ठेगानामा के माध्यमबाट पठाउनुपर्ने हुन्छ?

(ग) मूल्यांकनको ग्राहक बन्दा के के शर्तहरू पालना गर्नुपर्छ? आवश्यक सुझावको अपेक्षा गर्दछु।

**-शेरबहादुर घर्तीमगर, अन्नपूर्ण डाइङ्ग एण्ड प्रिन्टिङ्ग मिल्स प्रा.लि. एम.आई.डी.सी. ईण्डस्ट्रीयल एरिया बदलापुर, ठाणे-४२१५०३ न्यू मुम्बई, भारत**

(हुलाकबाट पठाइन्छ। 'मूल्यांकन'को नाममा ड्राफ्ट बनाई भा.रू. १८०/- र स्पष्ट ठेगाना लेखी पठाउनु भएमा वार्षिक ग्राहक बनाई तपाईंलाई पत्रिका पठाउन सकिनेछ। -**मूल्यांकन**)

## हैदराबादबाट

मूल्यांकन मासिकको अंक ५५ मा 'के मूल्यांकनले प्रतिक्रियावादलाई बचाउने कुरा गरेको हो?' शीर्षकद्वारा मसाललाई प्रत्युत्तर दिइएको रहेछ। तर त्यस लेखमा के भेटियो भने, मसालले परिवेशभन्दा बाहिरका कुराहरू लिएर वास्तविकतालाई बंग्याउन खोजेको छ भन्ने जस्ता प्रसंगहरू आए भने, त्यसै लेखमा लेखकले प्रत्युत्तर दिँदा पनि धेरै परिवेश भन्दा बाहिरका कुराहरूद्वारा उदाहरणसहित प्रमाणित गर्न खोजिए जस्तो लाग्यो।

मूल्यांकन मासिक एउटा निष्पक्ष-स्वतन्त्र पत्रिका हो र यो अत्यन्त जनमुखी छ भन्ने कुरामा कुनै दुईमत छैन। अनि मूल्यांकनले पुरानो रूढीवादी संस्कार, प्रतिक्रियावादी संरचनाको विरूद्ध धावा बोलिरहेको छ, जुन स्वागतयोग्य कुरा हो। तर लगभग सत्तरी लाख नेपालीहरू आज भारतमा अपहेलित छन्, छट्पटाइरहेछन्, तिनीहरूको बारे केही लेखीदिने, बोलिदिने कोही छैन र त्यस विषयलाई पनि मूल्यांकनले नबिर्सियोस् भन्ने आशा छ।

**-राजु शर्मा, हैदराबाद (पटानचेरु), भारत**

## नुन-चिनी-पानी

पूर्णाङ्क ५६ समयमा नै हात पर्‍यो। मूल्यांकनको 'मूल्यांकन' लेख र अन्तर्क्रिया सबै पक्ष सधैं नै राम्रा हुन्छन्। हाल ४-५ अंकमा नुन-चिनी-पानी सम्बन्धी वादविवाद चलिराखेकोमा पहिला त्यही लेख पढें। तर समाधान रहेनछ। अब गर्मीको समय आइसक्यो र झाडावान्ता पनि शुरू होला। नजिक अस्पताल वा स्वास्थ्य चौकी भएको ठाउँमा 'जीवन जल' किन्न पाइएला तर जहाँ सुविधा छैन, त्यहाँ के गर्ने?

आउँदो अंकमा घरमा तयार गरिने 'जीवन जल' मा नुन-चिनी-पानीको मात्रासहितको जानकारी मूल्यांकनले बजारमा ल्याउने आशा गर्दछु।

**-भरतकुमार श्रेष्ठ, पर्वत फलेवास, वार्ड नं. ६, देवीस्थान**

## खल्लो लाग्यो!

पूर्णाङ्क ५५ पढें। नीति/संस्कृति स्तम्भ पाइनँ, खल्लो लाग्यो। संपादकीय यस अंकको आकर्षक पाएँ। माले/एमाले फूटको संघारमा तयार पारिएको आवरण कथा प्रभावकारी र जानकारीमूलक छ। श्रीलंकाली क. इ. थाम्बियासँगको अन्तर्वार्ता ज्ञानबर्द्धक लाग्यो। कलाकार रामेश 'युद्धप्रसाद मिश्र स्मृति पुरस्कार' बाट पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई छ।


**-डमरु पौडेल, मेचीनगर- ५, धुलाबारी, झापा**




उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

आदरणीय निर्माणकर्ताहरु,
के तपाई असली टोरकारी (फलामे छड) को साटो नक्कली फलामे छड प्रयोग गर्न चाहनु हुन्छ ?

अवश्य पनि चाहनु हुन्न... !
कसैले पनि चाहँदैनन्...... !



तर अचेल बजारमा हिमाल टोरकारी जस्तै फलामे छडहरु विभिन्न नामले बिक्री वितरण भइराखेका छन् । सम्झनुहोस्, यी छडहरु झट्ट हेर्दा मात्र हिमाल टोरकारी जस्ता छन् तर प्राविधिक परीक्षण गर्दा गुणस्तरीय नभएको पाइएकोले उपभोक्ता वर्गमा आफ्नो निर्माण कार्यको लागि छडको खरीद गर्दा सावधान भई हाम्रा अधिकृत विक्रेताहरु कहाँबाट मात्र खरीद गर्न अनुरोध गर्दछौं ।

सधैं हिमाल टोरकारी प्रयोग गरौं र
अरुलाई पनि यही सल्लाह दिऔं ।

हिमाल टोरकारी: लगानीको अधिकतम प्रतिफल

नेपालमा एक मात्र निर्माता
हिमाल वायर्स लि.

ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोन: २२५४९०, २२६३२७

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२




TUBORG...WHEREVER YOU ARE.